# BEING LGBT IN ASIA:
# नेपाल
# देशीय प्रतिवेदन

समलिङ्गी महिला, पुरुष, द्विलिङ्गी तथा तेस्रोलिङ्गी (LGBT) व्यक्ति र नागरिक समाजको लागि कानुनी तथा सामाजिक वातावरणको विषयमा सहभागितामूलक समीक्षा तथा विश्लेषण

USAID FROM THE AMERICAN PEOPLE

unicef

UNDP
Empowered lives.
Resilient nations.

10/31/14 10:18 AM

प्रस्तावित उद्धरणः
UNDP, USAID (२०१४)। एसियामा LGBT हुँदाः नेपाल देशीय प्रतिवेदन। ब्याङ्कक।
यस प्रतिवेदनलाई 'Being LGBT in Asia' (एसियामा LGBT हुँदा) पहलकदमीको एक अंशको रूपमा UNDP र USAID ले प्राविधिक रूपमा समीक्षा गरेको थियो। यो प्रतिवेदन अप्रिल २०१४ मा काठमाडौँमा आयोजित नेपाल राष्ट्रिय LGBTI सामुदायिक संवाद कार्यक्रममा लेखकहरूले गरेको अवलोकन, सहभागीहरूसँगको वार्तालाप र प्रकाशित सामग्रीहरूको डेस्क समीक्षाको आधारमा तयार पारिएको छ। यस प्रतिवेदनमा व्यक्त मत र विचारले संयुक्त राष्ट्र संघ विकास कार्यक्रम वा अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोगको औपचारिक नीतिगत दृष्टिकोणको प्रतिनिधित्व गर्छ भन्ने जरुरी छैन।

UNDP ले समाजका सबै तह र तप्काका मानिसहरूसँग साझेदारी गर्दै संकटको सामना गर्न सक्ने र सबैको जीवनस्तरमा सुधार ल्याउन सक्ने प्रकारको विकास गर्न र त्यसलाई दिगोपना दिन सक्ने राष्ट्रको निर्माण गर्न सघाउँछ। १७० भन्दा बढी देश र शासित क्षेत्रहरूमा अवस्थित कार्यक्षेत्रहरूमा हामी जीवनयापनमा सशक्तीकरण गर्न र सबल राष्ट्र निर्माण गर्नको लागि विश्वव्यापी दृष्टिकोण र स्थानीय अन्तर्दृष्टि प्रदान गर्दछौं।

Copyright © UNDP 2014
United Nations Development Programme
UNDP Asia-Pacific Regional Centre
United Nations Service Building, 3rd Floor
Rajdamnern Nok Avenue, Bangkok 10200, Thailand
Email: aprc.th@undp.org
Tel: +66 (0)2 304-9100
Fax: +66 (0)2 280-2700
Web: http://asia-pacific.undp.org/

Design: Safir Soeparna/Ian Mungall/UNDP.

# BEING LGBT IN ASIA:

# नेपाल देशीय प्रतिवेदन

## समलिङ्गी महिला, पुरुष, द्विलिङ्गी तथा तेस्रोलिङ्गी (LGBT) व्यक्ति र नागरिक समाजका लागि कानुनी तथा सामाजिक वातावरणको विषयमा सहभागितामूलक समीक्षा तथा विश्लेषण

Empowered lives.
Resilient nations.

# विषय सूची


धन्यवाद ज्ञापन 3

ACRONYMS 4

कार्यकारी सार 6

परिचय **16**

नेपाल राष्ट्रिय LGBTI सामुदायिक राष्ट्रिय संवाद कार्यक्रम र देशीय प्रतिवेदन 18

BEING LGBT IN ASIA (एसियामा LGBT हुँदा) 19

नेपालमा LGBT सम्बन्धी जनपैरवीको सन्दर्भ **20**

नेपालमा LGBT मानव अधिकारको इतिहास **24**

LGBT मानिसहरूको अधिकारको संरक्षण **29**

कानुन, नीति तथा मानव अधिकारसम्बन्धी सन्धिहरू 29

राजनीतिक मामिला 34

शिक्षा 38

रोजगारी 41

समाज र पारिवारिक मामिला 43

स्वास्थ्य 46

सञ्चारमाध्यम 52

नेपालमा LGBT संगठन निर्माण र क्षमता **56**

क्षमता मूल्याङ्कन 59

BIBLIOGRAPHY 61

ANNEX 1: BACKGROUND AND TIMELINE OF LGBT ADVOCACY IN NEPAL 57

ANNEX 2: LEGAL LIVING SITUATION OF LGBT INDIVIDUALS IN NEPAL 72

ANNEX 3: LIST OF LGBT ORGANIZATIONS IN NEPAL 73

ANNEX 4: INDIGENOUS LGBT TERMS IN NEPAL 77

# धन्यवाद ज्ञापन

यस प्रतिवेदनले २०१४ को अप्रिल २२ र २३ मा काठमाडौंमा आयोजित नेपाल राष्ट्रिय LGBTI सामुदायिक संवाद कार्यक्रमका प्रस्तुती र बहसहरूलाई अभिलेखीकरण गर्ने काम गर्दछ र यसमा प्रकाशित सामग्रीको डेस्क समीक्षा, LGBT का सवालमा काम गर्ने गैससहरूको सर्वेक्षण र मामिला अध्ययनको अवलोकनबाट प्राप्त सामग्री पनि संलग्न गरिएको छ। नेपालका LGBT समुदायको जनपैरवी र राजनीतिमा बारम्बार परिवर्तन आइरहने हुनाले यस प्रतिवेदनको प्रकाशनको समयमा समेट्न नसकिएका केहि पछिल्ला घटनाहरू हुन सक्छन्।

यस प्रतिवेदनलाई अधीप पोखेल, भरतमान श्रेष्ठ र सौरभजङ्ग थापाले तयार पारेका हुन्।

यसमा समेटिएका सबै तस्बिरहरू नेपाल राष्ट्रिय LGBTI सामुदायिक संवाद कार्यक्रमका सहभागीहरूका हुन्। ती तस्बीरहरूलाई UNV नेपाल कार्यक्षेत्र एकाइका प्रशिक्षार्थीहरू विप्लव प्रधान र निलिमा मल्लले उपलब्ध गराएका हुन्।

आयोजकहरू राष्ट्रिय संवाद कार्यक्रममा सहभागी हुने सबै सहभागी, सहजकर्ता र प्रस्तोताहरूलाई कृतज्ञतापूर्वक धन्यवाद ज्ञापन गर्न चाहन्छ, विशेष गरी संवाद कार्यक्रमको तयारीको क्रममा उहाँहरूको निरन्तर मार्गनिर्देशन र सहयोग अनि यस प्रतिवेदनमा महत्वपूर्ण योगदान पुर्याउनुभएकोमा संवाद सल्लाहकार समिति (DAC) का सदस्यहरू — रोशन महतो, मनिषा ढकाल, पिङ्की गुरुङ, सञ्जय शर्मा, मीना स्वर्णकार, विष्णु अधिकारी, गौरी नेपाली, बद्री पुन, शायरा कार्की र बासु गुरागाईं। हामी ज्योत्स्ना मास्के र प्रणिका कोयू, सहजकर्ता अनि टिप्पणीकर्ताहरूलाई विशेष साधुवाद टक्र्याउन चाहन्छौं।

UNDP नेपालका LGBT मानव अधिकारसम्बन्धी अधिकृत श्री भरतमान श्रेष्ठले सफल रूपमा कार्यक्रमको आयोजना र व्यवस्थापन गर्नुभयो। अन्तमा, यसको सफलताको सुनिश्चितताको लागि उत्कृष्ट योगदान पुर्‍याउनुहुने नेपाल सरकार, युनिसेफ नेपाल, UNAIDS नेपाल, UNV नेपाल र UNDP एसिया-प्यासिफिक क्षेत्रीय कार्यालय (APRC) का सौरभ जङ्ग थापा, रशिमा क्वत्रा, एडमण्ड सेटल र निकोलाश बूथको राष्ट्रिय संवाद कार्यक्रमका साझेदारहरू सम्मान गर्न चाहन्छन्। सहभागी संगठनहरूको सूची यस प्रतिवेदनको Annex III मा संलग्न गरिएको छ।

USAID क्षेत्रीय विकास मिसन एसिया (RDMA), शासन र असुरक्षित जनसंख्या कार्यालयका उपनिर्देशक, थोमस ह्वाइट; अमेरिकी विज्ञान तथा प्रविधि विकास असोसियसन फेलो, भाइ ल्याम; UNDP APRC का नीतिगत सल्लाहकार एडमण्ड सेटलले यस प्रतिवेदनको मस्यौदामा महत्वपूर्ण टिप्पणी र योगदान (इनपुट) दिलाउनुभएको थियो। एन्डी क्वानले प्रतिवेदनको संपादन गर्नुभएको थियो। यस प्रतिवेदन तयारीको क्रममा सन्दर्भ सामग्री, मार्गनिर्देशन र अनुवाद उपलब्ध गराउनुहुने निम्न व्यक्तिहरूलाई विशेष धन्यवाद व्यक्त गर्न चाहन्छौं: सुनिलबाबु पन्त, मनिषा ढकाल, वीना पोखरेल, हिक्मत खड्का, भव थामी, रुबेन देल प्राडो र ड्यानियल कोयल।

राष्ट्रिय LGBTI सामुदायिक संवाद कार्यक्रम र देशीय प्रतिवेदनको लागि क्षेत्रीय ‘Being LGBT in Asia’(एसियामा LGBT हुँदा) पहलकदमी मार्फत UNDP र USAID ले अनि युनिसेफले नेपालले आर्थिक सहयोग प्रदान गरेका थिए। आठ वटा देशहरू - कम्बोडिया, चीन, इण्डोनेसिया, मङ्गोलिया, नेपाल, फिलिपिन्स, थाइल्याण्ड र भियतनाम संलग्न रहेको यो संयुक्त सिकाइ पहलकदमीको उद्देश्य LGBT व्यक्तिहरूले व्यहोर्नुपर्ने कानुनी, राजनीतिक तथा सामाजिक चुनौति, सम्बन्धित कानुन र नीति अनि न्याय र स्वास्थ्य सेवामा उनीहरूको पहुँचलाई बुझ्नु रहेको छ। पहलकदमीले LGBT संगठनहरूको आवश्यकता, उनीहरू कार्यरत रहने वातावरण, मानव अधिकार र नीतिगत संवादमा सहभागी बन्ने उनीहरूको क्षमता र LGBT जन पैरवीमा सहयोग पुर्‍याउनमा नयाँ प्रविधिको भूमिकाको विषयमा पनि समीक्षा गर्नेछ।

# ACRONYMS

| | |
|---|---|
| AIDS | Acquired Immune Deficiency Syndrome |
| APRC | Asia-Pacific Regional Centre (UNDP) |
| BDS | नीलहिरा समाज |
| BLIA | Being LGBT in Asia(एसियामा LGBT हुँदा) |
| CA | संविधान सभा |
| CAT | Convention Against Torture and Other Cruel and Inhumane Treatment |
| CBO | समुदायमा आधारित संगठन |
| CEDAW | Convention on the Elimination of Discrimination Against Women |
| CFAR | जनपैरवी तथा अनुसन्धान केन्द्र |
| CORE | समुदायद्वारा संगठित अधिकार तथा समानता |
| CPA | विस्तृत शान्ति सम्झौता |
| CPN-U | नेपाल कम्युनिस्ट पार्टी - संयुक्त |
| CPN-UML | नेपाल कम्युनिस्ट पार्टी — एकीकृत मार्क्सवादी-लेनिनवादी |
| CSO | नागरिक समाज संगठन |
| CTEVT | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् |
| DAC | संवाद कार्यक्रम सल्लाहकार समिति |
| DIC | Drop-in Center |
| FHI | Family Health International (now FHI 360) |
| FSGMN | यौनिक तथा लैंगिक अल्पसंख्यकहरुको महासंघ नेपाल |
| FTM | Female-to-Male Transgender |
| GLSMNN | Gay and Lesbian Sexual Minority Network Nepal |
| HIV | Human Immunodeficiency Virus |
| ICCPR | नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र |
| ICESCR | आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धि |
| IDAHOT | International Day Against Homophobia and Transphobia |
| IFN | समावेशी मञ्च नेपाल |
| ILO | अन्तर्राष्ट्रिय श्रम संगठन |
| IVF | In-Vitro Fertilization |
| KP | Key Populations |
| LGBT | समलिङ्गी महिला, पुरुष, द्विलिङ्गी र तेश्रोलिङ्गी |
| LGBTI | समलिङ्गी महिला, पुरुष, द्विलिङ्गी, तेस्रोलिङ्गी र अन्तर्लिङ्गी |
| MDG | सहश्राब्दि विकास लक्ष्य |
| MOHP | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय |
| MOLJ | कानुन तथा न्याय मन्त्रालय |
| MOWCSW | महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय |
| MP | सांसद |
| MSA | बहुदेशीय दक्षिण-एसियाली विश्व कोष कार्यक्रम |
| MSM | पुरुषसँग यौनसम्बन्ध राख्ने पुरुष |

| | |
|---|---|
| MSWs | पुरुष यौनकर्मी |
| MTF | Male-to-Female Transgender |
| NC | नेपाली कांग्रेस पार्टी |
| NFDD | विकास तथा प्रजातन्त्रको लागि राष्ट्रिय मञ्च |
| NGO | गैरसरकारी संगठन |
| NHRC | राष्ट्रिय मानव अधिकार आयोग |
| OHCHR | संयुक्त राष्ट्र संघ मानव अधिकार उच्चायुक्तको कार्यालय |
| PLHIV | People Living with HIV |
| RPP | राष्ट्रिय प्रजातन्त्र पार्टी |
| SLC | School Leaving Certificate |
| SOGI | यौनिक झुकाव तथा लैङ्गिक पहिचान |
| SSRP | विद्यालय क्षेत्र सुधार योजना |
| TAG | प्राविधिक सल्लाहकार समूह |
| UNAIDS | Joint United Nations Programme on HIV/AIDS |
| UNDP | संयुक्त राष्ट्र संघ विकास कार्यक्रम |
| UNICEF | संयुक्त राष्ट्र संघ बाल कोष |
| UNFPA | संयुक्त राष्ट्र संघ जनसंख्या कोष |
| UNRC | संयुक्त राष्ट्र संघ देशीय संयोजक |
| USAID | अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग |
| WHO | विश्व स्वास्थ्य संगठन |

# कार्यकारी सार




*संवाद कार्यक्रमका सबै सहभागीहरूको सामुहिक तस्बिर*

## पृष्ठभूमि

यस प्रतिवेदनले नेपालका LGBT[1] मानिस र संगठनहरूका लागि कानुनी र सामाजिक वातावरणको साथसाथै अप्रिल २०१४ मा काठमाडौँमा सम्पन्न भएको नेपाल राष्ट्रिय LGBTI[2] सामुदायिक संवाद कार्यक्रम (संवाद कार्यक्रम) का बहस र निष्कर्षहरूको समीक्षा गरेको छ। यसले LGBT अधिकारलाई मानव अधिकारसम्बन्धी सन्धि र कानुन, कानुनी वातावरण र सामाजिक सांस्कृतिक वातावरण, र धर्मसँग; अझ विशेष गरी शिक्षा, रोजगारी, पारिवारिक मामिला, स्वास्थ्य, सञ्चारमाध्यम, राजनीतिक मामिला र LGBT सम्बद्ध संघसंस्थाहरूको क्षमतासँग जोडेर एक सिंहावलोकन प्रस्तुत गर्दछ। संवाद कार्यक्रममा LGBT संगठनहरूबाट विभिन्न पृष्ठभूमि र उपसमूहहरूको प्रतिनिधित्व गर्ने ५७ जना अभियन्ताहरूका साथसाथै सरकार, राष्ट्रिय मानव अधिकार आयोग, विभिन्न UN एजेन्सी, संयुक्त राज्य अमेरिकी सरकार र अन्य विकास साझेदारका प्रतिनिधिहरूले भाग लिएका थिए। उक्त संवाद कार्यक्रम अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग(USAID) को साझेदारी र संयुक्त राष्ट्र बाल कोष (युनिसेफ) अन्तर्गत नेपाल किशोर विकास तथा सहभागिता विभाग (ADAP) को सहयोगमा संयुक्त राष्ट्र संघ विकास कार्यक्रम (UNDP) ले आयोजना गरेको थियो।

यो प्रतिवेदन ‘Being LGBT in Asia(एसियामा LGBT हुँदा): समलिङ्गी महिला, पुरुष, द्विलिङ्गी र तेस्रो लिङ्गी (LGBT) व्यक्ति र नागरिक समाजका लागि कानुनी तथा सामाजिक वातावरणको सहभागितात्मक समीक्षा तथा विश्लेषण’ विषयक बृहत्तर पहलकदमीको एक अंग हो।

---

१ यस प्रतिवेदनमा निम्न शब्दावलीहरूः LGBT मानिस, LGBTI व्यक्ति वा विविध SOGI भएका मानिसहरूलाई उस्तै अर्थ लाग्ने गरी (एउटाको साटोमा अर्को) प्रयोग गरिएका हुन सक्छन्। LGBT र LGBTI शब्दहरू गैर-परम्परागत यौनिक झुकाव तथा लैङ्गिक पहिचान बोकेकाहरूलाई बुझाउन UN ले प्रयोग गर्ने मानक शब्दावलीहरू हुन् र यसबाट यौनिक झुकाव तथा पहिचानका अरू व्यापक क्षेत्रहरूलाई बहिस्कृत गर्ने ध्येय होइन।

२ नेपाल संवाद कार्यक्रमका धेरै सहभागीहरूले अन्तरलिङ्गी (intersex) हरूलाई पनि संवाद कार्यक्रमको शीर्षकमा संलग्न गराउन अनुरोध गर्नुभएको थियो, त्यसैले LGBT को सट्टा LGBTI प्रयोग गरियो। प्रतिवेदनका अन्य स्थानहरूमा प्रचलित संक्षिप्त रूप LGBT को प्रयोग गरेका छौं।

मानव अधिकार दिवस, १० डेसेम्बर २०१२ मा प्रारम्भ गरिएको 'Being LGBT in Asia' यस प्रकारको पहिलो एसियाव्यापी अध्ययनको प्रयास हो, जसमा UNDP र USAID सँगसँगै एसियाका ग्रासरुट तहका LGBT संगठन र समुदायका अगुवाहरू संलग्न हुनेछन्। आठ वटा प्राथमिकताका देशहरू – कम्बोडिया, चीन, इण्डोनेसिय, मङ्गोलिया, नेपाल, फिलिपिन्स, थाइल्याण्ड र भियतनाममा केन्द्रित भई यस पहलकदमीले LGBT हरूका जीवन भोगाइहरूलाई विकास तथा अधिकारको दृष्टिकोणबाट निरीक्षण गर्ने काम गर्दछ। यसले यस क्षेत्रभरिका LGBT व्यक्तिहरूका बीचमा सञ्जाल निर्माण गर्न, ज्ञानको आधार रेखा निर्माण गर्न, र नीतिगत संवाद र सामुदायिक परिचालनमा सहभागी बन्ने LGBT संगठनहरूको क्षमतासम्बन्धी बुझाइको विकास गर्न प्रोत्साहित गर्दछ। यस कार्य मार्फत, 'Being LGBT in Asia' ले LGBT व्यक्तिका अन्तर्निहित मानव अधिकार र क्षेत्रव्यापी रूपमा उनीहरूले व्यहोर्नुपर्ने लांछना र विभेदको विषयमा अध्ययनको प्रबर्धन गर्दछ।

यसले यस प्रतिवेदन जस्ता अनुसन्धान तथा अन्य सामाजिक सञ्जाल सम्बद्ध र मल्टिमेडिया उत्पादनहरू मार्फत UNDP र UN प्रणाली, USAID र अमेरिकी सरकार, साथै अन्य विकास साझेदारहरूका लागि LGBT-समावेशी विकास कार्यतर्फ विभिन्न कदमहरूको खाका पनि तयार पार्नेछ। अन्तमा यस पहलकदमीले एसियाभर LGBT मानव अधिकारको प्रबर्धन गर्न कार्यरत सरोकारवालाहरूलाई लिङ्क गर्दै राष्ट्रिय सामुदायिक संवाद कार्यक्रमका LGBT सहभागीहरूद्वारा व्यक्त विचारलाई हाइलाइट गर्ने काम गर्दछ।

## नेपालमा LGBT जनपैरवी

उथल-पुथल युक्त राजनीतिक वातावरण र एउटा जटिल समाजमा रहेको नेपालको LGBT जनपैरवीको सन्दर्भ जटिल छ। विविध यौनिक झुकाव तथा लैङ्गिक पहिचान (SOGI), जसको अर्थ समलिङ्गी महिला, पुरुष, द्विलिङ्गी वा तेस्रो लिङ्गीको अस्तित्वप्रतिको सहिष्णुता उच्च रहेको मान्न सकिन्छ। नेपालमा विविध लैङ्गिकता र यौनिकता रहेका व्यक्तिहरूको अस्तित्व सदियौँदेखि रहेको देखिन्छ र प्राचीन धार्मिक ग्रन्थहरूमा तिनको उल्लेख भएको पाइन्छ। यसलाई सहिष्णुतामा योगदान पुर्‍याउने कडिको रूपमा लिइएको छ। नेपालमा हिन्दू र बुद्धमार्गीहरूको संख्या जनसंख्याको झण्डै ९५% छ जसलाई होमोफोबिक (LGBT प्रति घृणाको दृष्टिले हेर्ने) को रूपमा लिइँदैन। यस देशमा यस क्षेत्रका केही अरू देशमा जस्तो हिंसात्मक धार्मिक कट्टरता छैन। निरन्तर लैङ्गिक पृथक्करण भइरहने समाजमा पुरुष-पुरुष बीचको मित्रता र शारीरिक सम्पर्क सम्भव हुन्छ र पुरुष-पुरुष बीच यौन क्रियाकलापलाई सम्भव बनाउँछ (जुन यौनिक झुकाव तथा लैङ्गिक पहिचानसँग सम्बन्धित नहुन सक्छ)। अन्तमा, विगत दुई दशकको अवधिमा LGBT जनपैरवीको क्षेत्रमा असाधारण राजनीतिक विजयहरू प्राप्त भएका छन्, जसमध्ये सबैभन्दा महत्वपूर्ण उपलब्धि डिसेम्बर २००७ को सर्वोच्च अदालतको फैसला हो जसले विभेदरहित, समलिङ्गी विवाह र तेस्रोलिङ्गी व्यक्तिहरूको स्पष्ट पहिचान लगायत LGBT मानिसका मानव अधिकारको प्रबर्धन गर्‍यो।

राजनीतिक प्रगतिले LGBT मानिसहरूको दैनिक जीवनमा असर पारेको छैन जसले दैनिक जीवनका सबै पक्षहरू – रोजगारी, स्वास्थ्य सेवा र शिक्षामा विभेद र हिंसाको शिकार हुनुपरिरहेको छ। सरकारी कर्मचारीतन्त्र LGBT मानिसहरूलाई हित हुने नीति र कानुन कार्यान्वयन गर्न इच्छुक नभएको वा त्यसको लागि क्षमताको अभाव रहेको हुनसक्छ। अत्यधिक गरीबीले अभिषप्त देशमा LGBT व्यक्तिहरूको मानव अधिकारको सवालले पर्याप्त खाद्य र बसोवास लगायत आधारभूत आवश्यकता पूरा गर्ने जस्ता अझ अत्यावश्यक सवालहरू जतिको प्राथमिकता नपाउन सक्छ। वास्तवमा सर्वव्यापी तथा तीव्र गरिबीको अगाडि कुनै पनि नेपालीको मानव अधिकारले प्राथमिकता पाउन कठिन हुनसक्छ।

त्यसबाहेक, नेपाली समाज विभाजित र विविध भएजस्तै LGBT समुदाय पनि विविध र विभाजित छ। भिन्न-भिन्न जात, जाति र सामाजिक वर्ग, शहरी र ग्रामीण क्षेत्र बीचमा रहेको भिन्नता र लिङ्ग, यौनिक झुकाव, उमेर, वर्ग, जतीयता र अन्य पक्षहरूको आधारमा LGBT समुदायभित्र रहेको विविधताको कारणले गर्दा सामान्यीकरण गर्नबाट अछुतो रहनु महत्वपूर्ण हुन्छ र कुनै एक LGBT समुदायको बारेमा बोल्नु गलत हुन्छ, यद्यपि व्यावहारिक प्रयोजनको लागि यसो गर्ने गरिन्छ।

यस प्रतिवेदनले LGBT जीवन र सन् २००० को शुरुको चरणभन्दा अगाडिको इतिहासको बारेमा अध्ययनको अभाव रहेको पायो। FHI र नीलहीरा समाज (BDS) ले सन् २००१ मा निकालेको प्रतिवेदन काठमाडौँका पुरुषसँग यौनसम्बन्ध राख्ने लगभग १००० पुरुष (MSM) हरूसँगको अन्तर्वार्तामा आधारित थियो। अध्ययनले यौनिक पहिचान र अभ्यासमा (धेरै MSM महिलाहरूसँग विवाह गरेको अवस्थामा) लचकता (fluidity) रहेको र पुरुषसँग यौनसम्बन्ध राख्ने पुरुष, HIV को जोखिम र सुरक्षित यौन अभ्यासको विषयमा न्यून ज्ञान रहेको पाइएको थियो।[3]

३ Family Health International (now FHI 360), "Rapid Ethnography of Male to Male Sexuality and Sexual Health, Kathmandu, Nepal," December 2001: http:// www.hivpolicy.org/Library/HPP000564.pdf

महामारी विज्ञान वा मानव विज्ञानको दृष्टिकोणबाट भन्दा पनि यो प्रतिवेदन नेपाली समाजमा सन् १९९० को दशकपछाडि भएका राजनीतिक विकासक्रम र LGBT जनपैरवीको लागि आजको सामाजिक, राजनीतिक तथा सांस्कृतिक वातावरणको सिर्जना गर्ने LGBT आन्दोलनको दृष्टिपन र सामर्थ्यमा ती राजनीतिक विकासक्रम कसरी अन्तर्सम्बन्धित छन् भन्ने कुरामा केन्द्रित रहेको छ।

सन् १९९० र २००० को दशकमा नेपालमा निरपेक्ष हिन्दू राजतन्त्रबाट जीवन्त लोकतन्त्रमा आएको उथलपुथलयुक्त सङ्क्रमणले LGBT का लागि सङ्गठित हुने अवसर प्रदान गर्‍यो जसको कारणले गर्दा एसिया र दक्षिणी ध्रुवमा नै सबैभन्दा महत्वपूर्ण प्रगतिहरू भए। सन् १९९० को जनआन्दोलनपश्चात् नागरिक समाज र गैससहरूको उदय भयो। बहुदलीय विद्रोह जसले राजा विरेन्द्र वीर बिक्रम शाहलाई निरङ्कुश सत्ता त्यागेर संवैधानिक बहुदलीय प्रजातान्त्रिक व्यवस्था स्थापना गर्न बाध्य पार्‍यो। यस परिवर्तनले नेपालमा HIV लगायत नेपालका विभिन्न सवालहरूमा दातृसंस्थाहरूको लगानीको लागि ढोका खोल्यो।

HIV नियन्त्रणको लागि अन्तर्राष्ट्रिय दातृ संस्थाबाट आएको रकमले LGBT जनपैरवीको लागि प्रेरित (galvanize) गर्‍यो, जसको शुरुवात् २००१ मा नीलहीरा समाज (BDS) को स्थापनाबाट भयो। त्यस समयदेखि BDS LGBT अभियानको अग्रस्थानमा रहि आएको छ, जसको देशभरि ५० भन्दा बढि शाखाहरू छन्। विगत डेढ दशकमा योसँग अरू धेरै गैससहरू संलग्न भएका छन् जस्तो मितिनी नेपाल, साइनो नेपाल, सहारा समाज, एकता नेपाल, नौलो सिर्जना नेपाल र परिवर्तन नेपाल। शुरुमा BDS MSM र तेस्रो लिङ्गी महिलामा केन्द्रित थियो भने अब यसले समलिङ्गी महिला र तेस्रोलिङ्गी पुरुषलाई पनि समेटेको छ भने यसले मानव अधिकारलाई पनि आफ्नो प्राथमिकतामा राखेको छ। LGBT संगठन र व्यक्तिहरू व्यापक राजनीतिक तथा सामाजिक आन्दोलनसँग सम्बद्ध नागरिक समाजको आन्दोलनमा पनि सहभागी बने, जुन आन्दोलनले सन् २००२ र २००५ को शाही कूको विरुद्ध उत्रिन प्रेरित गर्‍यो र अन्तमा राजतन्त्र खारेज गर्‍यो। विस्तृत नागरिक समाजसँग एकबद्ध भएपछि LGBT आन्दोलनलाई दृष्टिपन दिन सजिलो भयो र यसको दृष्टान्त स्वरूप एसियाका सबैभन्दा पहिलो घोषित समलिङ्गी सभासद, सुनिलबाबु पन्तको नियुक्ति भयो। उनले सन् २००८ देखि २०१२ सम्म सभासदको रूपमा भूमिका निर्वाह गरे।

सन् २००७ को सर्वोच्च अदालतको फैसला नेपालमा प्राप्त भएको आजसम्मको सबैभन्दा महत्वपूर्ण LGBT राजनीतिक विजय हो। सन् २००७ मा चार वटा LGBT गैससहरू[4] *सुनिलबाबु पन्त र अन्य v. नेपाल सरकार र अन्य* मुद्दामा सरकार विरुद्ध रिट हाल्न सफल भए, जसको फलस्वरूप सर्वोच्च अदालतको फैसलाले सरकारलाई SOGI को आधारमा विभेद गर्ने सबै प्रकारका कानुनहरू खारेज गर्न, तेस्रोलिङ्गी वर्गलाई मान्यता दिन,[5] र समलिङ्गी विवाहलाई कानुनी मान्यता दिने विषयमा अध्ययन गर्ने समिति बनाउन निर्देशन दियो।

तर यी तीन क्षेत्रमध्ये केहि हदसम्म कार्यान्वयन भएको भनेको तेस्रोलिङ्गी वर्गमा मात्रै हो। सन् २०१२ मा संविधान सभा (CA) को अन्त्य र यसले संविधान लेख्न असफल हुनु लगायतका राजनीतिक अस्थिरताको कारणले अन्य क्षेत्रमा नगन्य प्रगति देखिएका छन्। नोभेम्बर २०१३ मा सम्पन्न भएको दोस्रो संविधान सभाको निर्वाचनमा पनि ६० भन्दा बढि सुप्रसिद्ध LGBT अगुवाहरूले उम्मेद्‌वारी दिएका थिए तर कसैले प्रत्यक्ष निर्वाचनबाट विजय हासिल गर्न सकेनन् न त कुनै राजनीतिक पार्टीले नै समानुपातिक प्रतिनिधित्वमा मनोनयन गर्‍यो।

LGBT अधिकारको सुनिश्चितताको लागि नीति तथा कानुनी सुधारको क्षेत्रमा उच्चस्तरीय स्पष्ट र सार्वजनिक जनपैरवी जारी छ र LGBT सवालहरूलाई मुलधारका सञ्चारमाध्यमले प्रमुखताका साथ समेटिरहेका छन्। यसको विपरीत अधिकांश LGBT मानिसहरूले भने सामान्यतया उनीहरूको यौनिक झुकाव तथा लैङ्गिक पहिचानलाई लुकाउनुपर्ने हुन्छ र उनीहरू बारम्बार मानव अधिकार हनन, कलंक र विभेदको शिकार हुन्छन्। लिखित रूपमा उल्लेखनीय प्रगति देखिए तापनि व्यापक गरीबी, कठोर सामाजिक मान्यता र असंवेदनशील कानुनी ढाँचा र कर्मचारीतन्त्रको कारणले नेपालका बहुसंख्यक LGBT मानिसहरूको वास्तविक जीवन चुनौतीपूर्ण छ। नेपाल राष्ट्रिय LGBTI सामुदायिक संवाद कार्यक्रमबाट प्राप्त सिफारिसहरूबाट सरकार, सामुदायिक संगठन, गैसस, अन्तर्राष्ट्रिय संगठन र अन्य सरोकारवालाहरूले धेरै कार्य गर्नुपर्ने आवश्यकता सहभागीहरूले महसुस गरेको प्रतिबिम्बित हुन्छ।

४ संलग्न संगठन र अभियन्ताहरूमा नीलहिरा समाज (सुनिलबाबु पन्त), मितिनी नेपाल (मिना नेपाली), क्रुजएड्स नेपाल (सन्जिव 'पिङ्की' गुरुङ) र परिचय नेपाल(मनोरन्जन कुराम वैद्य)

५ नेपालमा 'तेस्रो लिङ्गी' र 'अन्य' लाई समान अर्थमा प्रयोग गरिन्छ।




*संवाद कार्यक्रमको खुल्ला सत्रमा स्वास्थ्य मन्त्री लगायत श्रद्धेय अतिथिहरू*

### निष्कर्षहरू

प्रतिवेदनका केही प्रमुख निष्कर्षहरू यस प्रकार छन्:

◊ **कानुन, नीति र मानव अधिकारसम्बन्धी महासन्धिहरू:** नेपालमा समलिङ्गी सम्बन्ध राख्नु वा LGBT पहिचान राख्नु अपराध होइन। अभियन्ताहरू कानुन तथा न्याय मन्त्रालयले भर्खरै प्रस्ताव गरेको नागरिक तथा अपराध ऐन (मुलुकी ऐन)[६] को संशोधनप्रति चिन्ता व्यक्त गरेका छन्, जसमा समलिङ्गी विवाहलाई मान्यता नदिनु र "अप्राकृतिक यौन" को अस्पष्ट सन्दर्भलाई LGBT मानिसहरूका विरुद्ध प्रयोग गरिन सक्ने सम्भावना पर्दछन्। सन् २००७ को सर्वोच्च अदालतको फैसलाले समलिङ्गी विवाहको सम्भावनाबारे अनुसन्धान गर्न र विभेदरहित कानुनहरू लागू गर्न आदेश दिए तापनि केही काम भएको छैन। उक्त फैसलाले "तेश्रोलिङ्गी"को मान्यता दिलायो। यौन दुर्व्यवहार सम्बन्धी ऐन जस्ता कानुनहरूमा LGBT व्यक्तिहरूलाई छुटाइएको छ। केही सार्वजनिक (अपराध र सजाय) ऐन २०२७[७] जस्ता विभिन्न प्रचलित कानुनहरूको दुरुपयोग गरी LGBT व्यक्तिहरूलाई उत्पीडन गर्ने गरिएको छ। नेपालले मानव अधिकारको रक्षा गर्ने विभिन्न प्रकारका अन्तर्राष्ट्रिय सन्धीहरूमा हस्ताक्षर गरेको छ र मानव अधिकार र HIV (अधिकारसम्बन्धी प्रावधानहरू लगायत) सम्बन्धी विभिन्न घरेलु कानुन र नीतिहरू छन् तर समुदाय स्तरमा तिनको कार्यान्वयन हुन सकेको छैन।

◊ **सामाजिक-सांस्कृतिक वातावरण:** नेपाल मुख्यत: पितृसत्तात्मक समाज हो र समाजले विविध (पृथक) SOGI भएका मानिसहरूलाई सजिलै स्विकार्दैन, यद्यपि सहिष्णुता रहन सक्छ। त्यसबाहेक, जात, वर्ग र लिङ्ग जस्ता पक्षहरूले नेपालमा यौनिकता र दृष्टिपनप्रति मनोवृत्ति निर्धारण गर्नमा प्रमुख भूमिका निर्वाह गर्दछ। आम LGBT मानिसहरूमध्ये जनचेतना र बहसहरूमा सबैभन्दा प्रमुख रूपमा देखिने जन्मजात तेस्रो लिङ्गी महिला पहिचान हो जसलाई *मेटी*[८] भनिन्छ। LGBT सवाल र पहिचान अनि मेटीहरूका सवाल र पहिचान एकै हुन् भन्ने भ्रम रहने गरेको छ र एउटै रूपमा लिने गरिएको छ। अझै

६ मुलुकी ऐन १८५४, नेपाल कानुन आयोग: http://www.lawcommission.gov.np/en/documents/prevailing-laws/func-startdown/605/

७ केही सार्वजनिक (अपराध र सजाय) ऐन २०२७, नेपाल कानुन आयोग: http://www.ncf.org.np/upload/files/182_en_some-publiccrime- and-punishment-act-2027-english.pdf

८ पुरुषसँग यौनसम्बन्ध राख्ने र सार्वजनिक स्थानमा स्त्रीयोचित व्यवहार प्रदर्शन गर्ने पुरुषहरू (क्रस-ड्रेसर) ले प्रयोग गर्ने स्व-पहिचानयुक्त लेबल। यसलाई दक्षिण एसिया क्षेत्रमा *कोठी* भनेर चिनिन्छ।

जातिप्रथाले आक्रान्त र जातीय पहिचानको राजनीति व्याप्त रहेको मुलुकमा यौनिक पहिचानको बहस प्राथमिकतामा नपर्न सक्छ। समलैङ्गिकताको औपचारिक मान्यता पाउनु र सामाजिक रीति-रिवाजमा खुल्ला रूपमा निन्दा नभए पनि पारिवारिक दवाब र सामाजिक अपेक्षाहरूले गर्दा अझै पनि अधिकांश मानिसहरूलाई आफ्नो पहिचान खुलाउन (coming out)[9] सक्ने अवस्था छैन र उनीहरूको इच्छा र चाहना विरुद्ध विपरीतलिङ्गी व्यक्तिहरूसँग विवाह गर्न बाध्य छन्।

◊ **धर्म:** २०६८ को जनगणना अनुसार नेपालको जनसंख्यामध्ये ८० प्रतिशतभन्दा बढिले हुन्दू धर्म मान्छन् र १० प्रतिशत भन्दा बढि जनसंख्या बुद्धधर्मावलम्वी छन्। बहुमत जनसंख्या हिन्दू वा बुद्धधर्मावलम्बी भएकाले धार्मिक समूहहरूबाट हुने विभेद न्यून छ किनकि यी धर्महरूलाई खुल्ला रूपमा होमोफोबिक (समलैङ्गिकतालाई घृणा गर्ने खालको) नहुने धर्मको रूपमा लिइन्छ। हिन्दू महाकाव्यहरूमा विभिन्न यौनिक झुकाव तथा लैङ्गिक पहिचानको बारेमा उल्लेख गरेको पाइन्छ। बुद्धका प्रारम्भिक सन्देशहरू रहेका पाली ग्रन्थहरूमा[10] भने यौनिक झुकाव वा समलिङ्गी यौन व्यवहारको सन्दर्भ विरलै पाइन्छ। त्यसकारणले सामाजिक रीतिरिवाज र परम्परामा प्रभाव पार्ने समयमा बाहेक LGBT व्यक्तिहरूमा हुने उत्पीडनको लागि धर्मको ठूलो हात हुँदैन भनी मानिएको छ।

◊ **शिक्षा:** केही LGBT विद्यार्थीहरू उत्पीडन (bullying) र दुर्व्यवहारको कारणले विद्यालय जान छोडेका छन्।[11] संवाद कार्यक्रममा पहिचान गरिएका प्रमुख सवालहरूमा समलिङ्गी र तेस्रोलिङ्गीप्रतिको घृणा (homophobic and transphobic) को कारणले गरिने उत्पीडन र शैक्षिक क्षेत्रमा LGBT-मैत्री वातावरणको अभाव थिए। LGBT विद्यार्थीहरूमा अन्य विद्यार्थीबाट मात्र होइन, शिक्षक र शैक्षिक कर्मचारीबाट पनि पूर्वाग्रह राखिन सक्छ। LGBT युवाहरूको लागि शारीरिक सुरक्षा र मानसिक स्वास्थ्यको सुनिश्चितताको लागि विद्यालयहरूमा शिक्षक र कर्मचारीहरूलाई तालिम र विभेद विरुद्ध कानुनको आवश्यकता छ। परिचयपत्र र स्कूल पोषाकको समस्याले गर्दा तेश्रोलिङ्गी विद्यार्थीहरूले परीक्षामा प्रवेश नपाउन सक्छन्। केही उल्लेखनीय प्रगतिहरूमा विश्वविद्यालयमा SOGI-सकारात्मक पाठ्यक्रम र कक्षा ७-९ को पाठ्यक्रममा यौनिक र लैङ्गिक विविधताको बारेमा जानकारी संलग्न गरिएको छ,[12] जसले गर्दा यी सवालहरू विद्यालयका पाठ्यक्रममा समेट्ने नेपाल मङ्गोलियापछि एसियाको दोश्रो देश हुन पुगेको छ।

◊ **रोजगारी:** नेपालमा रोजगारीलाई समेट्ने विभेदविरुद्ध कानुन छैन। फलस्वरूप रोजगारी र भर्ना प्रक्रियामा धेरै LGBT मानिसहरूले यौनजन्य दुर्व्यवहार र विभेदको सामना गरिरहेका छन्। बाहिरी रूपमा स्पष्ट पुरुष या महिला देखिने (heteronormative) मानिसहरू जसले आफ्नो यौनिक झुकाव वा लैङ्गिक पहिचानलाई लुकाउन सक्छन्, उनीहरूले सुरक्षित महसुस गर्न सक्छन्, यद्यपि देखावटीपन कायम राखिराख्नुपर्ने भएपछि उनीहरूले भार महसुस गर्न सक्छन्। उनीहरूको नागरिकता वा परिचयपत्रले उनीहरूले छनोट गरेको लिङ्गको प्रतिबिम्बित नगरेको वा रोजगारी प्राप्त गर्नको लागि उनीहरूले चाहेको लिङ्गको आधारमा परिचयपत्र लिन नसकेको अवस्थामा तेस्रोलिङ्गी मानिसहरूले स्पष्ट विभेदको सामना गर्नुपर्छ।

◊ **परिवार:** नेपालका LGBT मानिसहरूको जीवनमा हेटेरोसेक्सुअल पारिवारिक एकाइको सबैभन्दा ठूलो प्रभाव पर्दछ, यद्यपि हेटेरोसेक्सुअल विवाहमा प्रवेश गरी सन्तानवृद्धि गर्ने अत्यासलाग्दो सामाजिक र सांस्कृतिक दवाबको साथसाथै लैङ्गिक भूमिकाको कठोर परम्परागत अपेक्षाको कारणले परिवारले स्विकार्ने अवस्था सीमित छ। अधिकांश LGBT मानिसहरू सामान्य अवस्थामा कलंक, अन्यौल तथा परिवारको प्रतिष्ठामा आँच आउन सक्ने हुनाले आफ्नो पहिचान लुकाउँछन्। समलिङ्गी जोडी(दम्पत्ति)हरूले घर भाडामा पाउन कठीन हुने वा छिमेकीहरूबाट विभेद खेप्नुपर्ने हुन सक्छ। LGBT मानिसहरूले विवाह गर्न, उनीहरूको सम्बन्धले मान्यता पाउन, र/वा धर्मपुत्र/पुत्री ग्रहण गर्न नसक्ने कारणले पनि विभेद सहनुपर्छ। समलिङ्गी महिलाहरूको दम्पतिलाई इन भिट्रो फर्टिलाइजेसन (IVF) को पहुँचबाट वञ्चित गराइएको छ। त्यसै गरी, हटेरोसेक्सुअल विवाह

9 Bibek Rajbhandari, "Living Gay: A Perspective from Nepal", 2012: http://bibekjournal.wordpress.com/2012/06/29/notes-from-nepal-living-gay-a-perspective-from-nepal/ (accessed May 2014).

10 Religious Tolerance. "Beliefs about homosexuality among the Buddhist traditions", July 9, 2013: http://www.religioustolerance.org/hom_budd.htm

11 UNESCO, "Education Sector Responses to Homophobic Bullying", (Paris: UNESCO, 2012): http://unesdoc.unesco.org/images/0021/002164/216493e.pdf

12 Pahichan, http://pahichan.com/archives/2555

गरेका LGBT व्यक्तिहरूले पनि पारपाचुकेमा कलंक लाग्ने कठोर नैतिक मान्यता र सामाजिक परम्पराको कारणले पारपाचुके गर्न हिच्किचाउन सक्छन्।

◊ **स्वास्थ्य:** विशेष रूपमा तेस्रोलिङ्गी व्यक्तिहरूलाई स्वास्थ्य सेवाको पहुँचमा समस्या छ। HIV महामारीले MSM हरूलाई अत्यधिक मात्रामा असर गर्दछ जसमा यो जनसमूहभित्र प्रत्येक पाँच जनामध्ये एकभन्दा बढि मानिस HIV सङ्क्रमित छन्।[13] HIV महामारीले ध्यान आकर्शित गर्‍यो र तेस्रोलिङ्गी महिला, समलिङ्गी पुरुष, र पुरुषसँग यौनसम्बन्ध राख्ने पुरुषहरूले ब्यहोर्नुपर्ने HIV सङ्क्रमणको प्रतिक्रिया स्वरूप दाताहरूबाट अनुदानको बाढी आयो। त्यति हुँदाहुँदै पनि समलिङ्गी महिलाहरूमा हुने मानसिक स्वास्थ्य र प्रजनन स्वास्थ्यसम्बन्धी सवालहरू र तेस्रो लिङ्गी मानिसहरूमा हर्मोनको प्रयोगसम्बन्धी सवाल लगायत बृहत् LGBT समुदायका अन्य स्वास्थ्यसम्बन्धी आवश्यकताहरूको सम्बन्धमा अझ थप जानकारी र अनुसन्धान आवश्यक छ।

◊ **सञ्चारमाध्यम:** नेपाली सञ्चारमाध्यमले LGBT समुदायका राजनीतिक चुनौती र विजयहरूलाई संप्रेषण गरेका छन् र तेस्रोलिङ्गी महिला यौनकर्मीहरूमा भएका हिंसा जस्ता सवालहरूलाई हाइलाइट गर्न महत्वपूर्ण भूमिका खेलेका छन्। त्यति हुँदाहुँदै पनि विविध प्रकारका LGBT मानिसहरूले भोगेका अनुभवहरूलाई नसमेटेको वा समेटे पनि त्रुटिपूर्ण र सनसनीपूर्ण तवरमा संप्रेषण गरेकोमा उनीहरू आलोचित छन्। नियमित रेडियो कार्यक्रमले नेपालभरि यौनिक तथा लैङ्गिक अल्पसंख्यकका स्वास्थ्य तथा अधिकार सम्बन्धी सवालहरूमा सूचना र सुझावहरू प्रसारण गर्दछ र सामुदायिक रेडियो र राज्यद्वारा सञ्चालित टिभीमा केही LGBT सम्बन्धी रिपोर्टिङ हुने गरेका छन्। नेपाली चलचित्र उद्योगले सुनगाभा[14] र लभ यू म्यान[15] जस्ता समलिङ्गी सम्बन्ध दर्शाउने चलचित्रहरू निर्माण गरेको छ।

◊ **LGBT संगठन निर्माण र क्षमता:** हाल नेपालभरि ५५ भन्दा बढि LGBT नागरिक समाजसम्बद्ध संगठन (CSO) हरू छन् जसमध्ये अधिकांश शहरी क्षेत्र र दक्षिणी तराई बेल्टमा केन्द्रित छन्। BDS जस्ता संगठनहरू राम्रो तरीकाले स्थापित छन् र उनीहरूले खर्च गर्नको लागि मनग्य अनुदान प्राप्त गरेका छन्। पछिल्ला वर्षहरूमा धेरै संगठनका कार्यहरूको दिगोपना र दीर्घकालीन प्रतिबद्धतामा चिन्ता व्यक्त गर्न थालिएको छ किनभने तीमध्ये धेरैजसो पूर्ण रूपमा दातृ संस्थामा निर्भर छन्। नयाँ संगठनहरूमा आर्थिक स्रोतको अभाव खड्किएको देखिन्छ किनकि अनुदानहरू स्थापित गैससहरूमा केन्द्रित छन्। भर्खरै स्थापित भएका संगठनहरू, विशेष गरी समलिङ्गी महिला जस्ता सीमान्तकृत उपसमूहको सेवामा समर्पित संगठनहरू विशेष रूपमा अनुदानको लागि संघर्षरत छन्। पर्याप्त योग्यता भएका कर्मचारी पाउनु, तिनलाई संगठनमा कायम राखिराख्नु, तिनलाई प्रतिस्पर्धात्मक तलब प्रदान गर्नु र नातावाद-कृपावाद नेपालका अधिकांश गैससहरूमा व्याप्त चुनौतीहरू हुन् र LGBT संगठनहरू पनि यसबाट अछुतो रहन सकेका छैनन्। कमजोर सांगठनिक क्षमताको कारणले विशेष गरी काठमाडौँ बाहिरका नयाँ संगठनहरूलाई बाधा पुर्‍याइरहेको छ। अन्य नागरिक समाज सम्बद्ध संगठन, विकास साझेदार र सरकारी मन्त्रालयसँगको सहकार्य प्राय: मैत्रीपूर्ण नै छ। यद्यपि LGBT संगठनहरू बीचको सहकार्यमा भने धेरै सुधार ल्याउनुपर्ने देखिन्छ, जसको मूल कारण व्यक्तित्वहरू बीचको संघर्ष र अनुदानको लागि अधिक प्रतिस्पर्धा हुन्।

### *सिफारिसहरू*

यी सिफारिसहरू राष्ट्रिय संवाद कार्यक्रममा सहभागी बन्ने LGBT समुदायका सदस्यहरूले शिक्षा, रोजगारी, पारिवारिक मामिला, स्वास्थ्य सेवा, सञ्चारमाध्यम र राजनीतिमा गरेका विषयगत बहसहरूबाट आएका हुन्। केही सिफारिसहरू विशेष रूपमा सम्बन्धित सरकारी मन्त्रालयमा निर्देशित छन् भने अन्य सिफारिसहरू सामान्य किसिमका छन्। सिफारिसका क्रमसंख्या सूचकको रूपमा मात्र छन्, प्राथमिकता वा महत्वको आधारमा राखिएका छैनन्।

13 UNDP et al., "Country Snapshots: Nepal HIV and Men Having Sex with Men", 2012: http://www.aidsdatahub.org/sites/default/files/documents/MSMSnapshots-Nepal.pdf

14 Patrick Frater, "Lesbian Drama 'Soongava' Is Nepal's Oscar Contender," Variety, 26 August 2013: http://variety.com/2013/film/news/lesbian- drama-soongava-is-nepals-oscar-contender-1200588744/

15 Lex Limbu, "Love U Man Trailer", accessed June 2, 2004, http://lexlimbu.com/blog/2012/10/19/love-u-man-film-trailer

### *१. शिक्षा*

शिक्षक तालिमदेखि पाठ्यक्रम एकीकरण र भौतिक पूर्वाधारहरूलाई LGBT समावेशी र संवेदशील बनाउनमा ध्यान दिनुपर्नेसम्मका सिफारिसहरू आएका थिए।

१. शिक्षा मन्त्रालयले:

- ◊ सार्वजनिक तथा निजी दुबै खाले शैक्षिक संस्थाहरूका लागि पछिल्लो समय लागू गरिएका शैक्षिक प्रणालीका माध्यमिक र उच्च तहका LGBT सवालहरू संलग्न पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनमा उत्तरदायी हुनुपर्दछ।
- ◊ ग्रामीण क्षेत्रका नेपालीहरूमा औपचारिक शिक्षाको पहुँचमा बृद्धि गर्नुपर्दछ र उनीहरूलाई LGBT सवालहरूको बारेमा सूचित गराउने र सिकाउने संयन्त्रमा सुधार ल्याउनु पर्दछ।
- ◊ शिक्षक, कर्मचारी र विद्यार्थीहरूलाई SOGI विषयमा सचेतना जगाएर मानव अधिकार तालिम प्रदान गर्नुपर्दछ।
- ◊ घृणा र पूर्वाग्रहद्वारा अभिप्रेरित (स्कूलमा हुने होमोफोबिक उत्पीडन लगायत) व्यवहारहरूको सम्बोधन गर्नको लागि संयन्त्रको विकास गर्नुपर्दछ र दोषीलाई कारवाहीको व्यवस्था गर्नुपर्दछ।

२. विद्यालय र अन्य शैक्षिक संस्थाहरूमा निम्न कुराहरूको सिफारिस गरिएको छ::

- ◊ यौनिक झुकाव र लैङ्गिक पहिचानको विषयमा छलफल समेटेर शिक्षक तालिम प्रदान गर्नुपर्छ। यी सवालहरूमा शिक्षक तालिमले पारेको प्रभावको अनुगमन र मुल्याङ्कन गरिनुपर्दछ।
- ◊ महिला, दलित र अन्य सुविधावञ्चित अल्पसंख्यकहरूलाई उपलब्ध गराएजस्तै यौनिक तथा लैङ्गिक अल्पसंख्यक विद्यार्थीहरूको लागि छात्रवृत्ति कोटाको व्यवस्था गरिनुपर्दछ।
- ◊ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (CTEVT) तथा शिक्षक सेवा आयोगले LGBT शिक्षक र पेशाकर्मीहरूको लागि कोटा सुरक्षित गरिनुपर्दछ।
- ◊ प्रजनन स्वास्थ्य तथा यौन शिक्षामा समलिङ्गी पुरुष, तेस्रोलिङ्गी महिला र अन्य MSM ले सामना गर्नुपर्ने HIV र अन्य STI का उच्च जोखिमसम्बन्धी छलफल लगायत SOGI सम्बन्धी सवालहरू र नन-हेटेरोसेक्सुअल यौनिकता पनि समेटिनुपर्दछ।
- ◊ LGBT सम्बन्धी सामाजिक र शैक्षिक क्रियाकलापहरूलाई प्रोत्साहित गर्न विशेष गरी विश्वविद्यालयहरूमा LGBT स्रोत केन्द्र तथा पुस्तकालयहरूको स्थापना गरिनुपर्दछ।
- ◊ स्कूल व्यवस्थापन समितिहरूमा कम्तिमा एक जना LGBT प्रतिनिधि समेटिनुपर्दछ।
- ◊ LGBT विद्यार्थीहरूलाई मानसिक स्वास्थ्य सहायता उपलब्ध गराउनको लागि मनोचिकित्सकहरूको नियुक्ति गरिनुपर्दछ।
- ◊ कक्षाकोठामा सीट व्यवस्थापन लिङ्गको आधारमा छुट्याएर गरिनु हुँदैन।
- ◊ स्कूल पोषाक लाउनै पर्ने कडा नीति खारेज गरी अझ उदार नीति अवलम्बन गर्नुपर्दछ ताकि तेस्रोलिङ्गी विद्यार्थीहरूलाई कि त दुईमध्ये एक लिङ्ग अनुसार चिनिनुपर्ने या त स्कूल छोड्नुपर्ने दवाब नपरोस्।
- ◊ तेस्रोलिङ्गी विद्यार्थीहरूको लागि छुट्टै वा उभयलिङ्गी शौचालयहरूको निर्माण गर्नुपर्दछ।

३. नीतिगत तहमा निम्न सिफारिस गरिन्छ:

- ◊ शैक्षिक तथा कानुनी (औपचारिक) कागजातहरूमा "पुरुष" र "महिला" सँगसँगै "अन्य" वर्ग पनि उपलब्ध गरिनुपर्दछ।
- ◊ नेपालको सबैभन्दा ठूलो विकास साझेदार भएको नाताले विश्व बैंकले यसका विभिन्न परियोजनाहरूमा गरिने प्रशिक्षण कार्यक्रमका पाठ्यसामग्रीमा SOGI सवालहरूलाई पनि एक अंशको रूपमा संलग्न गराइनुपर्दछ।

### २. *रोजगारी*

- श्रम तथा रोजगार मन्त्रालयले जनशक्तिमा LGBT मानिसहरूको सहभागिता र उत्पादन क्षमतामा अभिबृद्धि गर्न उनीहरूलाई मनोसामाजिक सहायता उपलब्ध गराउनुपर्दछ।
- नेपाल सरकारले उनीहरूको SOGI अवस्थाको आधारमा रोजगारसम्बन्धी विभेदबाट पीडित हुनेहरूलाई कानुनी सहायता उपलब्ध गराउनुपर्दछ।
- व्यावसायिक संस्थाहरूले कार्यस्थलमा तलबमान, बीमा तथा समाज कल्याणको विषयमा सबैलाई समान व्यवहार गर्नुपर्दछ। समलिङ्गी दम्पत्ति र उनीहरूका बालबच्चालाई विपरीतलिङ्गी दम्पत्ति र परिवारले पाउने सरह सुविधा र लाभहरू उपलब्ध हुनुपर्दछ।
- LGBT-मैत्री नीति लिएका व्यवसायहरूलाई प्रबर्धन र पुरस्कृत गरिनुपर्दछ।
- जनशक्तिमा LGBT मानिसहरूलाई विभेद गर्ने श्रम आचारसंहिताको उल्लङ्घनकर्ताहरूलाई दण्डित गरिनुपर्दछ।
- LGBT समुदायका अभियन्ताहरूले:
    - ◊ त्रास, पूर्वाग्रह र विभेदबाट मुक्त भई काम गर्न पाउनुपर्ने LGBT मानिसहरूको अधिकार सुनिश्चित गर्ने नीति निर्माणको लागि श्रम मन्त्रालयसँग लबी गर्नुपर्दछ।
    - ◊ LGBT उद्यमी तथा व्यवसायीहरूलाई संगठित, सहायता र प्रोत्साहन गर्नुपर्दछ।
    - ◊ LGBT सवालहरूलाई राष्ट्रिय स्तरमा मूलधारमा ल्याउनको लागि विद्यमान सरकारी परियोजनाहरूसँग सहकार्य गर्नुपर्दछ।

### ३. *पारिवारिक मामिला*

1. नेपाल सरकारले :
    - ◊ विविध यौनिक झुकाव तथा लैङ्गिक पहिचान बोकेका मानिसहरूको अधिकार पूर्ण रूपमा सुरक्षित गर्ने कानुन तथा नीतिहरू लागू गर्नुपर्दछ।
    - ◊ विपरीतलिङ्गी विवाहलाई सरह सहमतिको उमेरको प्रावधान राखी समलिङ्गी विवाहलाई कानुनी मान्यता दिनुपर्दछ।
    - ◊ विपरीतलिङ्गी दम्पत्तिहरूको जस्तै शर्तहरूमा समलिङ्गी दम्पत्तिहरूले पनि धर्मपुत्र/पुत्री ग्रहण गर्न पाउने व्यवस्था लागू गर्नुपर्दछ।
    - ◊ समलिङ्गी परिवारहरूको लागि अनुकूल हुने कानुनी तथा सामाजिक वातावरणको सिर्जना गर्नुपर्दछ।
2. LGBT समुदायले
    - ◊ परिवारसँग समस्या झेलिरहेका LGBT मानिसहरूलाई सहायता र कानुनी सेवा उपलब्ध गराउनुपर्दछ।
    - ◊ विविधताको सम्मान गर्ने कुराको प्रबर्धन गर्न परिवारका सदस्यलाई शिक्षा दिलाउने र LGBT मानिसका अभिभावक र परिवारमा सचेतना जगाउनुपर्दछ।

३. LGBT बालबालिकालाई उनीहरूका अभिभावकले उनीहरूको यौनिक झुकाव वा पहिचान जे जस्तो भए पनि त्यसलाई स्वीकार गरेर मान्यता प्रदान गर्नुपर्दछ।

### ४. *स्वास्थ्य*

१. नेपाल सरकारले:

- ◊ LGBT मानिसहरूको स्वास्थ्य तथा हितमा प्रतिकूल असर पार्ने कुनै पनि विद्यमान कानुन तथा नीतिहरूको समीक्षा, परिमार्जन र / तथा खारेज गर्नुपर्दछ।

◊ नेपाल HIV लगानी योजना (NHIP) २०१४-१६ कार्यान्वयन गर्ने: NHIP HIV सम्बन्धी कार्यक्रम तर्जुमा, बजेट विनियोजन तथा कार्यान्वयन गर्ने नेपालको रणनीतिक अवधारणा हो।

◊ LGBT मानिसहरू लगायत HIV-पोजिटिभ व्यक्तिहरूको अधिकार सुरक्षित गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालय (MoHP) र कानुन तथा न्याय मन्त्रालय (MoLJ) ले HIV विधेयकमा परिमार्जन गरी अनुमोदन गर्ने कुराको सुनिश्चित गर्नुपर्दछ।

२. समग्र स्वास्थ्य सेवा प्रणालीले:

◊ स्वास्थ्य सेवामा रहेका असमानताको सम्बोधन गरी स्वास्थ्य सेवाहरूमा सुधार ल्याउनुपर्दछ। LGBT मानिसहरूले समतामूलक स्वास्थ्य सेवा प्राप्त गर्ने विषयमा अवरोधको सामना गरिरहेका छन् र त्यस कुराले उनीहरूको समग्र हितमा प्रतिकूल असर परिरहेछ।

◊ स्वास्थ्य परिणाम, प्रदायक प्रवृत्ति र शिक्षामा रहेका असमानताको बुझाइमा सुधार ल्याउनुपर्दछ र सेवा प्रदायक LGBT व्यक्तिहरूका लागि वातावरणमा सुधार ल्याउने उपायहरूको खोजी गर्नुपर्दछ।

◊ LGBT मानिसहरूका स्वास्थ्यसम्बन्धी आवश्यकताहरूलाई सम्बोधन गर्न र HIV नियन्त्रण, उपचार, स्याहार र अन्य स्वास्थ्य सेवाहरू प्रदान गर्नुका साथसाथै समावेशी यौनिक तथा प्रजनन स्वास्थ्य सेवाहरू उपलब्ध गराउन स्वास्थ्य प्रणालीको क्षमता अभिबृद्धि गर्नुपर्दछ।

◊ LGBT सम्बन्धी स्वास्थ्य आवश्यकताहरूको सम्बन्धमा स्वास्थ्य सेवा प्रदायकहरूलाई संवेदनशील बनाई (sensitize) तालिम प्रदान गर्नुपर्दछ।

- HIV कार्यक्रमहरूसँगसँगै मनोसामाजिक तथा मानसिक स्वास्थ्य सेवाहरू उपलब्ध गराउनुपर्दछ।
- सेवामा विभेदरहित पहुँचको ग्यारेन्टी गर्नुपर्दछ।

◊ तेस्रोलिङ्गी-विशेष स्वास्थ्य समस्याहरूको सम्बोधन गर्नुपर्दछ:

- लिङ्गसम्बन्धी असामान्य निराशा तथा असन्तुष्टिको सम्बोधन गर्न तेस्रो लिङ्गी-विशेष स्वास्थ्य सेवा उपलब्ध गराउनको लागि प्रमाणको आधार सिर्जना गर्नुपर्दछ।
- हर्मोन प्रयोगको स्वास्थ्यमा पर्ने असरको बारेमा अझ गहन अनुसन्धान तथा विकास कार्यक्रमको आवश्यकता छ, जस्तो औसधी सेवन, मात्रा, र शल्यचिकित्साको विषयमा उपयुक्त परामर्शको साथसाथै मनोवैज्ञानिक सहायताको पनि आवश्यकता छ।

३. LGBT मानिसहरूलाई मैत्रीपूर्ण सेवा उपलब्ध गराउने विषयमा स्वास्थ्य केन्द्र र फार्मेसी लगायत स्वास्थ्य विभागको लागि निर्देशिकाहरूको जरुरी छ।

4. LGBT मानिसहरू स्वास्थ्य सेवा लिने कार्यमा हतोत्साहित नहुन् भन्नको लागि उनीहरूमा हुने विभेद हटाउन स्वास्थ्य कर्मचारीहरूलाई यौनिक विविधता विषयमा तालिम तथा शिक्षा प्रदान गर्नुपर्दछ।

५. बृहत्तर प्रमाणको विकास गर्न सरकार, अनुसन्धानकर्ता र समुदायले संयुक्त रूपमा अनुसन्धानात्मक क्रियाकलापको विकास गरी कार्यान्वयन गर्नुपर्दछ। LGBT मानिसहरूले सामना गरिरहेका स्वास्थ्य क्षेत्रमा रहेका असमानता (अन्याय) र नकारात्मक स्वास्थ्य नतीजाहरूको सम्बोधन गर्न अपनाइएका हस्तक्षेपकारी क्रियाकलापहरूको विकास गर्न र तिनको प्रभावकारिताको परीक्षण गर्नको लागि अनुसन्धानको आवश्यकता छ। स्वास्थ्य सेवामा पहुँच बढाउने तथा स्वास्थ्य क्षीण गराउने मानसिक वा भौतिक अवस्थालाई सम्बोधन गर्ने हस्क्षेपहरूले यी असमानताहरूलाई हटाउन सकिन्छ। हस्तक्षेपकारी कार्यहरू लागू गर्दा सीमान्तकृत वा बेवास्ता गरिएका उपसमूहहरूमा जोड दिनु विशेष आवश्यक छ। अनुसन्धानका निश्कर्ष र डेटालाई पनि एक एक गरेर छुट्याउनुपर्दछ ताकि HIV सम्बन्धी हस्तक्षेपकारी कार्यहरूलाई समलिङ्गी पुरुष/अन्य MSM र तेस्रो लिङ्गी महिलाहरूको लागि छुट्टै छुट्टै तयार पार्न सकियोस्।

६. LGBT अभियन्ता र विस्तृत समाजले LGBT मानिसहरूको जीवनमा सकारात्मक सामाजिक प्रभावलाई बढावा दिने र प्रोत्साहित गर्ने गर्नुपर्दछ। मानसिक स्वास्थ्यमा सामाजिक सहायताले ठूलो भूमिका खेल्दछ। LGBT मानिसहरूको जीवनमा

परिवार, स्कूल, कार्यक्षेत्र, धार्मिक संस्था र सामुदायिक संगठनहरू जस्ता सामाजिक संरचनाको भूमिकाको बारेमा अझ पूर्ण रूपमा बुझ्नुपर्दछ।

### ५. *सञ्चारमाध्यम*

1. LGBT समुदाय र अभियन्ताहरूले:

   ◊ सबै मिडिया आउटलेटका कर्मचारी तथा सबै सञ्चारमाध्यम (छापा, प्रसारण इन्टर्नेट) का पत्रकारहरूलाई SOGI तथा LGBT सवालहरूको विषयमा सेन्सिटाइज गर्ने (संवेदनशील बनाउने) र तालिम प्रदान गर्नुपर्दछ।

   ◊ सञ्चारमाध्यमलाई SOGI सम्बन्धी संवेदनशीलतालाई बढावा दिन पहरेदार (वाचडग) को रूपमा विकास गर्नुपर्छ।

   ◊ रोल मोडेल (अनुकरणीय व्यक्ति) हरू सिर्जना गर्नुपर्छ: उच्च प्रोफाइलयुक्त सेलेब्रिटी, नेता र अधिकृत – जुनसुकै SOGI भए पनि – जसले LGBT अधिकारका सवालहरूको बारेमा सार्वजनिक रूपमा आवाज उठाउनेछन्।

   ◊ विविध LGBT आवाजहरूको सुनुवाइ हुने कुराको सुनिश्चित गर्नुपर्छ ताकि कुनै एक उपसमूहको संकीर्ण आवाजको मात्र होइन कि, पूरै समुदायको समृद्ध विविधता झल्किन सकोस्।

   ◊ सन्देशहरू HIV को साथसाथै विविध प्रकारका LGBT सवालहरूमा हुने कुराको सुनिश्चित गर्नुपर्छ।

   ◊ जनमानसलाई शिक्षित गराउनको लागि सामाजिक सञ्चारमाध्यम, सञ्जाल, मल्टिमेडिया, नाटक तथा फ्लास मब (सामाजिक सञ्जालको प्रयोग गरी ठूला भेलाहरूको आयोजना) को प्रयोग गर्ने।

   ◊ सचेतना जगाउन र LGBT पहिचानका पूर्ण सीमा, सवाल तथा चुनौतीहरूको बुझाइमा सुधार ल्याउन मूलधारका सञ्चारमाध्यमहरूलाई संलग्न गराइरहनुपर्छ। विस्तृत सामाजिक चेतना अभिबृद्धि गर्न LGBT-केन्द्रित कार्यक्रम वा आउटलेटहरूमा मात्र भर परेर पर्याप्त हुँदैन र प्रभावकारी पनि हुँदैन।

२. मिडिया आउटलेटहरूले:

   ◊ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय LGBT कार्यक्रमहरू र IDAHOT तथा गौरव सप्ताह (Pride Week) जस्ता दिवसहरूलाई अझ बढि समेट्नुनुपर्छ।

   ◊ खुल्ला रूपमा घोषित LGBT मानिसहरूलाई नियुक्ति गर्नुपर्दछ ताकि यौनक तथा लैङ्गिक अल्पसंख्यकहरूका समाचार र सवालहरूलाई सन्तुलित र जानकारीमूलक ढङ्गबाट समेट्न सकियोस्।

   ◊ तेस्रो लिङ्गी महिलाहरूका यौन कथाहरूलाई सनसनीपूर्ण रूपमा समेट्न बन्द गरी त्यसको ठाउँमा LGBT मानिसहरूका सफलता र प्रगतिका कथाहरूलाई प्रबर्धन गर्नुपर्छ।

   ◊ सामुदायिक रेडियो कार्यक्रमहरूको विकास गर्नुपर्छ र विभिन्न LGBT संगठनहरूसँग साझेदारी गरी रणनीतिहरूको विकास गर्नुपर्दछ।

   ◊ प्रभावकारी रोल मोडेलहरू सिर्जना गर्न सकारात्मक र ग्रहणीय परिवार तथा अभिभावकहरूसँग अन्तर्वार्ता लिनुपर्दछ।

   ◊ LGBT का स्वास्थ्य र अधिकारसम्बन्धी सवालमा सही सूचना प्रवाह गर्नुपर्छ ता कि समाज परम्परागत हेटेरोसेक्सुअल दम्पत्तीहरूद्वारा सञ्चालित परिवारका साथसाथै परिवारको वैकल्पिक तथा तर्कसङ्गत मोडेलको बारेमा पनि अभ्यस्त हुनेछ।

# परिचय

विश्वभरिका समलिङ्गी महिला, पुरुष, द्विलिङ्गी र तेस्रोलिङ्गी (LGBT) मानिसहरूले चुनौतीहरूको निरन्तर सामना गरिरहेका छन्। समानता र सबै प्रकारका विभेद र उत्पीडनबाट मुक्तिको लागि बढ्दो आवाज उठिरहे पनि LGBT मानिसहरूले रोजगारीको अवसरको अभाव[16] र स्वास्थ्य सेवा[17], आवास[18], र शिक्षा[19] प्राप्त गर्ने क्रममा पूर्वाग्रहको शिकार भैरहनुपरेको छ। समलिङ्गी महिलाहरू "सुधारात्मक बलात्कार"[20] बाट प्रताडित छन् र विभिन्न देशमा LGBT व्यक्तिहरूको बारंबार हत्या भैरहेको छ। ट्रान्स्जेन्डर युरोपले २०१२ मा निकालेको प्रतिवेदन अनुसार २००८ देखि २०१२ सम्म तेस्रोलिङ्गी व्यक्तिहरू हत्याको शिकार भएका थिए।

विश्वभरिका LGBT मानिसहरूले सामना गरिरहेका केही नाटकीय चुनौतीहरू:

◊ सन् २००९ मा युगाण्डामा एउटा विधेयक ल्याइयो जसमा होमोसेक्सुअल (समलिङ्गी) अपराधको लागि जन्मकैदको व्यवस्था गरिएको थियो। डिसेम्बर २०१३ मा संसदले युगाण्डा एन्टी-होमोसेक्सुआलिटी एक्ट (युगाण्डा समलिङ्गीविरोधी ऐन) २०१४ पास गऱ्यो र फेब्रुअरी २०१४ मा राष्ट्रपतिले हस्ताक्षर गरेर कानुनको रूपमा लागू गरे (तर अन्तत: अगस्ट २०१४ मा

---

16 Sears, B. & Mallory, C. (2011). Documented Evidence of Employment Discrimination and Its Effects on LGBT People. The Williams Institute. Retrieved 30 August 2013 from http://williamsinstitute.law.ucla.edu/wp-content/ uploads/Sears-Mallory-Discrimination-July-20111.pdf

17 Winter, C. (2012) Responding to LGBT Health Disparities. Ryan Barker & Thomas McAuliffe (Eds.). Missouri Foundation for Health. Retrieved 23 August 2012 from http://www.mffh.org/mm/files/LGBTHealthEquityReport.pdf

18 Grant, J. M., Mottet, L. A., Tanis, J. et al. (2011) Injustice at Every Turn: A Report of the National Transgender Discrimination Survey. Washington: National Center for Transgender Equality and National Gay and Lesbian Task Force. Retrieved from www.thetaskforce.org/downloads/reports/reports/ntds_full.pdf

19 Burns, C. (2011). Fact Sheet: LGBT Discrimination in Higher Education Financial Aid. Center for American Progress. Retrieved 20 August 2014 from http://www.americanprogress.org/wp-content/uploads/issues/2011/08/pdf/ lgbt_factsheet.pdf

20 Brown, R. (2012). Corrective Rape in South Africa: A Continuing Plight Despite an International Human Rights Response. 2012 Annual Survey of International & Comparative Law (Spring, 2012). Golden Gate University School of Law.

युगाण्डाको संवैधानिक अदालतले त्यसलाई रद्द गरिदियो।) समलिङ्गी सम्बन्ध राखेमा आजीवन कारावासको सजाय हुनसक्छ र होमोसेक्सुआलिटी(समलैङ्गिकता) को प्रबर्धन समेत गरेमा पनि जेलको सजाय हुन सक्छ।

◊ जुन २०१३ मा रूसमा एउटा कानुन लागू भयो जसमा एउटा दफाले "नाबालिगहरूको बीचमा गैर-परम्परागत यौन सम्बन्धको बारेमा प्रचार गर्न" प्रतिबन्ध लगाउँछ, जसमा होमोसेक्सुआलिटीको बारेमा १८ वर्षभन्दा मुनिका व्यक्तिहरूलाई जानकारी दिए वापत् एक व्यक्तिलाई ४००० रुबल (US$121) देखि संस्थालाई १० लाख रुबलसम्म जरिवाना तोकिएको छ।[21]

◊ डिसेम्बर २०१३ मा भरतले १८६१ मा बनेको भारतीय अपराध ऐनको खण्ड ३७७ अन्तर्गत होमोसेक्सुआलिटीलाई पुन: गैरकानुनी घोषित गरियो। यस परिवर्तन पश्चात् २००९ मा दिल्ली उच्च अदालतले प्रगतिशील फैसला सुनायो र व्यापक रूपमा प्रशंसा पायो, जसमा खण्ड ३७७ लाई 'रेड डाउन' गरेर त्यसलाई अमान्य घोषित गरियो।

हाल ८३ देश र इलाकाहरूले LGBT पहिचान र सम्बन्धलाई गैरकानुनी घोषित गरेका छन्, सात वटा देशमा समलिङ्गी सम्बन्धको सजाय मृत्यु दण्ड दिने व्यवस्था छ, ५० भन्दा कम देशले समलिङ्गी विरोधी भेदभावलाई पूर्ण वा आंशिक रूपमा सजाय दिन्छन्; र १९ वटा देशले मात्र यौनिक झुकाव र/वा लैङ्गिक पहिचानको आधारमा गरिने भेदभावलाई प्रतिबन्ध लगाएको छ।[22, 23]

तर विश्वस्तरीय नेता र अन्य व्यक्तिहरू LGBT व्यक्तिहरूविरुद्ध हुने कलंक, भेदभाव र मानव अधिकार उल्लंघनका घटनाहरू निर्मूल पार्नको लागि कार्यरत छन्। सन् २०११ मा संयुक्त राष्ट्र संघ मानव अधिकार परिषद् (HRC) ले प्रस्ताव १७/१९ अनुमोदन गर्‍यो, जसले संयुक्त राष्ट्र संघ मानव अधिकार उच्चायुक्तको कार्यालय (OHCHR) लाई मानव अधिकार र यौनिक झुकाव तथा लैङ्गिक पहिचान (SOGI) विषयमा पहिलो UN प्रतिवेदन जारी गर्ने ढोका खोलिदियो। प्रतिवेदनले माथि उल्लेख गरिएका क्षेत्रका[24] जनताले यौनिक झुकाव तथा लैङ्गिक पहिचानको आधारमा विभेदको सामना गर्नु परिरहेका प्रमाणहरू पेश गरेको छ। उच्चायुक्त नाभी पिल्लाईले LGBT मानिसहरूले सामना गरिरहेका विभेदको अन्त्य गरेर UN को इतिहासमा नयाँ अध्याय लेख्न सहयोग पुर्‍याउन UN का सदस्य राष्ट्रहरूलाई चुनौती दिनुभयो। त्यसको साथसाथै:

◊ यस आह्वानलाई डिसेम्बर २०११ मा पूर्व अमेरिकी परराष्ट्र मन्त्री हिलारी क्लिन्टनले अन्तर्राष्ट्रिय मानव अधिकार दिवसमा LGBT अधिकारको विषयमा दिएको आफ्नो भाषणमा प्रतिध्वनित गरिदिइन्। क्लिन्टनले जोड दिइन् - LGBT मानिसहरू अदृश्य अल्पसंख्यक हुन् जसलाई गिरफ्तार गरिन्छ, पिटिन्छ, आतंकित पारिन्छ र यहाँसम्म कि कतिपय अवस्थामा मारिन्छ पनि। धेरैलाई "आफ्ना स्वदेशी नागरिकले नै अपहेलना र हिंसापूर्ण व्यवहार गर्दछन् र उनीहरूलाई सुरक्षा गर्न सशक्त पारिएका निकायले अर्कोतिर दृष्टि फेरिदिन्छन्, वा धेरैजसो अवस्थामा त दुर्व्यवहार गर्न पनि लागि पर्छन्।"

◊ ६ डिसेम्बर २०११ मा अमेरिकी राष्ट्रपति बाराक ओबामाले LGBT व्यक्तिहरूको मानव अधिकारमा सुधार ल्याउन अन्तर्राष्ट्रिय पहलको ज्ञापनपत्र जारी गरे। यसले विदेशमा कार्यरत सबै निकायहरूलाई अमेरिकी कुटनीति तथा वैदेशिक सहायताको माध्यमले LGBT व्यक्तिहरूको मानव अधिकारको प्रबर्धन र सुरक्षाको सुनिश्चितता गर्न निर्देशन दियो।

◊ ७ मार्च २०१२ मा संयुक्त राष्ट्र संघका महासचिव बान की-मूनले मानव अधिकार परिषद् बैठकको क्रममा SOGI को आधारमा हुने हिंसा र विभेदको विषयमा सन्देश दिए। उनको अनुसार यौनिक झुकाव तथा लैङ्गिक पहिचानको कारणले मानिसहरूमा गरिने हिंसा र विभेदको ढाँचालाई हेर्दा "पीडितहरूका लागि यो एउटा ठूलो दु:खदायी घटना हो – र हाम्रो सामुहिक आस्थामा एउटा धब्बा हो। यो अन्तर्राष्ट्रिय कानुनको उल्लंघन पनि हो।" क्रियाशील हुने "समय आइसकेको छ", उनले भने।

21 BBC (2013) Q&A: Gay rights in Russia (13 August 2013). Retrieved 29 August 2014 from http://www.bbc.co.uk/news/world-europe-23604142

22 United States Agency for International Development. (n.d.) LGBT Global Development Partnership: Promoting Lesbian, Gay, Bisexual, and Transgender Inclusive Development. Retrieved on 20 August 2013 from http://www.usaid.gov/sites/default/files/documents/2496/USAID%20Fact%20Sheet%20LGBT%20Global%20Partnership.pdf

23 International Lesbian, Gay, Bisexual, Trans and Intersex Association (ILGA) (2014) State-Sponsored Homophobia: A world survey of laws: Criminalisation, protection and recognition of same-sex love. Itaborahy and Zhu. May 2014, 9th Edition. Retrieved 18 July 2014 from http://old.ilga.org/Statehomophobia/ILGA_SSHR_2014_Eng.pdf

24 Office of the United Nations High Commissioner of Human Rights (OHCHR) (2011), "Discriminatory Laws and Practices and Acts of Violence against Individuals Based on their Sexual Orientation and Gender Identity", 17 November 2011 report submitted to the Human Rights Council. Retrieved 27 August 2013, from http://www.ohchr.org/Documents/HRBodies/HRCouncil/RegularSession/ Session19/A-HRC-19-41_en.pdf

## नेपाल राष्ट्रिय LGBTI सामुदायिक संवाद कार्यक्रम र देशीय प्रतिवेदन

UNDP नेपाल र युनिसेफ नेपाल देशीय कार्यालयले UNDP एसिया-प्यासिफिक क्षेत्रीय केन्द्र र USAID का क्षेत्रीय र नेपाल मिसनहरूको सहयोगमा काठमाडौँमा २२-२३ अप्रिल २०१४ मा नेपाल राष्ट्रिय LGBTI सामुदायिक संवाद कार्यक्रमको आयोजना गरेको थियो। संवाद कार्यक्रम 'Being LGBT in Asia' को नेपाल अंगको एक प्रमुख क्रियाकलाप थियो र नेपालभरिका प्रमुख LGBT अभियन्ताहरूमध्येबाट नौ जनाको संवाद कार्यक्रम सल्लाहकार समिति (DAC) को मार्गनिर्देशन बमोजिम यसको आयोजना गरिएको थियो। LGBT समुदायले सामना गरिरहेका महत्वपूर्ण मानव अधिकारसम्बन्धी चुनौतीहरूको बारेमा UN निकाय, अमेरिकी सरकारी सरोकारवाला, नेपाल सरकारका कर्मचारी तथा विकास साझेदारहरूलाई सूचित गर्नु र संलग्न गराउनु संवाद कार्यक्रमको उद्देश्य थियो। सफल परिवर्तन र जनपैरवीका नमूनाहरूको समीक्षा गर्ने र मानव अधिकार, LGBT अधिकार र नेपालको विकाससम्बन्धी कार्यक्रमहरूमा सुधार ल्याउन निर्णय प्रक्रियामा सूचित गर्ने पनि यस कार्यक्रमको उद्देश्य थियो।

दुई-दिने कार्यक्रममा सहभागीहरूले आफ्ना जीवन्त अनुभवहरूका कथाहरू राख्नुभयो, सामना गर्नु परेका चुनौतीहरूको बारेमा छलफल गर्नुभयो, परिवर्तनको लागि अवसरहरूको पहिचान गर्नुभयो र LGBT समुदाय, नेपाल सरकार र विकास समुदायलाई छ वटा विषयहरू: शिक्षा, स्वास्थ्य, रोजगारी, पारिवारिक मामिला, सञ्चारमाध्यम र समुदाय र राजनीतिमा सिफारिसहरू प्रस्ताव गर्नुभयो।

संवाद कार्यक्रममा ५७ जना अभियन्ताहरूले भाग लिएका थिए। समावेशी र विविध प्रकारका प्रतिनिधिहरू संलग्न गराउनको लागि यसको योजना गर्ने क्रममा परम्परागत रूपमा न्यून प्रतिनिधित्व भएका समलिङ्गी महिला, तेस्रो लिङ्गी पुरुष, युवा तथा किशोर, वृद्ध, सुविधावञ्चित सामाजिक-आर्थिक पृष्ठभूमिबाट, र HIV सहित जिइरहेका लगायत LGBT उपसमूहको सहभागिताको सुनिश्चिततामा विशेष ध्यान दिइएको थियो। सहभागीहरूमा ११ जना स्व-पहिचानयुक्त समलिङ्गी महिला, १५ जना समलिङ्गी पुरुष, दुई द्विलिङ्गी व्यक्ति, १५ जना तेस्रोलिङ्गी महिला, ९ जना तेस्रो लिङ्गी पुरुष, १ जना अन्तर्लिङ्गी, १ जना समलैङ्गिक (queer) व्यक्ति र तीन जना सहयोगीहरू संलग्न थिए। कार्यक्रममा संयुक्त राष्ट्र संघ, अमरिकी सरकार, USAID नेपाल, नेपालका विभिन्न मन्त्रालय, सरकारी निकाय र विकास साझेदारहरूका उच्चस्तरीय प्रतिनिधिहरूले पनि भाग लिएका थिए।[25]

संवाद कार्यक्रमको पहिलो सत्रमा LGBT समुदायमात्रको लागि बन्द सत्र थियो जहाँ सहभागीहरूले ग्रासरुट तहमा भएका कार्यहरूमा उनीहरूका अनुभव, व्यक्तिगत र संस्थागत सामर्थ्य, चुनौती र बाधा, मानव अधिकारका प्रमुख सवाल, र उपयुक्त स्वास्थ्य सेवामा पहुँच जस्ता सवालहरूमा बहस गरे। सहभागीहरूले यी व्यापक छलफलहरूबाट प्रत्येक विषयमा प्रस्ताव गरिने सिफारिसहरूलाई अन्तिम रूप दिए। दोस्रो खुल्ला सत्रमा (दोस्रो दिनको दोस्रो उत्तरार्द्धमा) सहभागीहरूले उनीहरूका सिफारिसहरू सरकारी कर्मचारी, UN निकाय, USAID, विकास साझेदार, मानव अधिकारकर्मी, अनुसन्धानकर्ता, नागरिक समाज अभियन्ता र LGBT मानव अधिकार र विहङ्गम विकासका सवालहरूमा कार्यरत प्राज्ञ लगायत सम्बन्धित सरोकारवालाहरूसँग राखे।

नेपालमा LGBT मानिसहरूको राजनीतिक तथा सामाजिक अवस्थाको सिंहावलोकनबाट यो प्रतिवेदनको शुरु हुन्छ। त्यसपछि LGBT अधिकारको लागि कानुनी वातावरण, सामाजिक-सांस्कृतिक सन्दर्भ, र राजनीतिक र सांगठनिक वातावरणको समीक्षा गरिनेछ। आगामी खण्डहरू संवाद कार्यक्रममा भाग लिएका सहभागीहरूले छ वटा विषयगत क्षेत्रहरूमा गरेका बहस र सिफारिसहरूमा केन्द्रित हुनेछन्। त्यसको साथसाथै संवाद कार्यक्रमका सहभागीहरूसँगको बहस र प्रकाशित सामग्रीका आधारमा LGBT व्यक्तिहरूका मानव अधिकार सम्बन्धी समकालीन अनुभवहरू प्रतिबिम्बित गर्ने मामिला अध्ययनहरू पनि संलग्न गरिएको छ। प्रतिवेदनको अन्तिम खण्डले नेपालका LGBT संगठनहरूको हालको क्षमताको चर्चा गरेको छ।

25 The UN presence at the Dialogue was led by UNDP Country Director Shoko Noda, UNICEF Nepal Representative Hanna Singer, UN Women Representative Ziad Sheikh, and UNAIDS Nepal Country Coordinator Dr. Ruben F. del Prado. Staff from UNDP Asia-Pacific Regional Centre (APRC), UNDP Nepal, UNICEF, UNV, UNFPA, UN Women, UNAIDS, ILO and the UNRCs Office were also present. US Government representation was led by Ambassador Peter W. Bodde who gave opening remarks and Acting USAID Mission Director Sheila Lutjens provided closing remarks. Other US Embassy and USAID staffs were also present. The government delegation was led by the Minister of Health and Population and included the Member Secretary of the Same-Sex Marriage Committee, Acting Secretary of the National Human Rights Commission, an Under-Secretary of the Ministry of Women, Children, and Social Welfare, an Advocate for the Supreme Court, a Deputy Superintendent of Police of the Human Rights Cell, a Human Rights Officer from the National Human Rights Commission, and a Section Officer from the Department of Passport at the Ministry of Foreign Affairs.




*LGBT मानव अधिकार कार्यालयका भरत श्रेष्ठले "Being LGBT in Asia" पहल र नेपालको नेपाल राष्ट्रिय LGBTI सामुदायिक संवाद कार्यक्रमका क्रियाकलापहरू प्रस्तुत गर्दै*

## BEING LGBT IN ASIA (एसियामा LGBT हुँदा)

"Being LGBT in Asia (BLIA)(एसियामा LGBT हुँदा): समलिङ्गी महिला, पुरुष, द्विलिङ्गी र तेस्रोलिङ्गी (LGBT) व्यक्तिहरू र नागरिक समाजका लागि कानुनी र सामाजिक वातावरणको सहभागितात्मक समीक्षा तथा विश्लेषण" यस प्रकारको पहिलो एसियाव्यापी अध्ययन प्रयास हो, जसमा UNDP र USAID सँगसँगै एसियाका ग्रासरुट तहका LGBT संगठन र समुदायका अगुवाहरू संलग्न हुनेछन्। आठ ओटा देशहरू – कम्बोडिया, चीन, इण्डोनेसिया, मङ्गोलिया, नेपाल, फिलिपिन्स, थाइल्याण्ड र भियतनाम – मा केन्द्रित यस अध्ययन प्रयासले LGBT व्यक्तिहरूका यथार्थ अनुभवहरूलाई विकास र मानव अधिकारको दृष्टिकोणबाट नियाल्नेछ। यसले यस क्षेत्रभरिका LGBT मानिसहरूका बीचमा सञ्जाल निर्माण गर्न, ज्ञानको आधाररेखा निर्माण गर्न र नीतिगत बहस र सामुदायिक परिचालन गर्ने LGBT संगठनहरूको क्षमताको बारेमा बुझ्न र भिडियो (दृश्य), इन्टर्नेट र सामाजिक सञ्चारमाध्यमको प्रयोग लगायत नवीन पद्धतिमा जोड दिने सहभागितात्मक प्रक्रियाबाट नीतिनिर्माण तथा कार्यक्रम तर्जुमा प्रक्रियामा सूचना प्रवाह गर्न प्रोत्साहित गर्दछ। यसले मल्टिमेडिया र सामाजिक सञ्चारमाध्यमका लागि औजार तथा स्रोतहरूको सिर्जना गर्न, युवा नेतृत्वलाई LGBT सम्बद्ध नागरिक समाजलाई सहयोग गर्ने कार्यमा संलग्न गराउन र एसियाभरिका LGBT समबद्ध नागरिक समाजसँग काम गर्ने UN परिवार तथा अमेरिकी सरकारको क्षमतामा सुधार ल्याउन पनि सहयोग गर्दछ।

'Being LGBT in Asia' को एउटा महत्वपूर्ण उद्देश्य भनेको क्षेत्रभरिका विकास साझेदार, सरकारहरू, LGBT नागरिक समाज सम्बद्ध संगठन, र आस्थामा आधारित संगठन लगायत LGBT सवालमा कार्यरत व्यक्ति र संगठनहरू बीच अभ्यासका उदीयमान समुदायहरूलाई एकै ठाउँमा ल्याउनु हो। निकाय र जनस्तरका विकास साझेदारहरू बीच सिर्जनात्मक अन्तर्क्रियाहरूको सञ्जालमा लगानी र त्यसको निर्माण गरेपछि सरोकारवालाहरू भविष्यमा अपनाइने LGBT-समावेशी विकास पद्धति र कार्यक्रम तर्जुमा गर्नको लागि बृहत्तर स्थानमा तत्पर हुनेछन्। प्रत्येक देशमा यस पहलकदमीको पहिलो प्रमुख क्रियाकलापको रूपमा राष्ट्रिय LGBT सामुदायिक संवाद कार्यक्रम रहेको छ र त्यसपछि विस्तृत देशीय प्रतिवेदन तयारी रहेको छ।

# नेपालमा LGBT सम्बन्धी जनपैरवीको सन्दर्भ

## *इतिहास*

नेपालमा LGBT पहिचानलाई धार्मिक मान्यता दिइनु लगायत विविध SOGI भएका व्यक्तिहरू प्राग-ऐतिहासिक र मध्ययुगीन समयदेखि अस्तित्वमा रहेको र तिनीहरूप्रति सहिष्णुता रहेको अभिलेख प्राचीन हिन्दू ग्रन्थहरूमा भेटिन्छ। वैदिक कालदेखि नै हिन्दू धर्ममा "तेस्रो लिङ्ग" र पुरुष र महिला समलैङ्गिकताको सन्दर्भलाई स्विकारिएको छ। उदाहरणको लागि, भारतको खजुराहो[26] मन्दिर लगायत मध्ययुगीन हिन्दू मन्दिरहरू, शास्त्र र अभ्यासहरूमा व्याख्या गरिएका महान् हिन्दू महाकाव्यहरू, महाभारत[27] र रामायण[28] अनि प्रसिद्ध कामासुत्र [29]। त्यस बाहेक, हिन्दू धर्ममा तेस्रोलिङ्गी देवता पनि छन्, उदाहरणको लागि, अर्धनारेश्वर, "जो शिव र पार्वतीको संगमबाट बनेका उभयलिङ्गी हुन्।"[30] तर यो इतिहासको LGBT नेपालीहरूको दैनिक अनुभूतिमा कतिको प्रभाव पारेको छ भन्ने कुरा विवादयोग्य छ।

## *पितृसत्ता र हेटेरोनर्म्याटिभिटी*

नेपाली समाजमा शक्तिशाली पितृसत्ता प्रणाली व्याप्त छ, जसले LGBT मानिसहरूको राजनीतिदेखि दैनिक जीवनसम्मका प्रत्यक्ष वा अप्रत्यक्ष अन्तर्क्रियाहरूमा असर पार्दछ। पुरुषहरूले राजनीति, सञ्चारमाध्यम, उच्च शिक्षा, सरकारी कर्मचारीतन्त्र र निजी क्षेत्र लगायत सार्वजनिक जीवनका सबै पक्षहरूमा प्रभुत्व जमाएका छन्। अन्य दक्षिण एसियाली समाजहरूमा जस्तै पुरुषहरू नै सडक र सार्वजनिक क्षेत्रहरूमा पनि माहिलाहरूभन्दा बढि देखा पर्ने

---

26 The Khajuraho temple in India openly depicts both male homosexuality and lesbianism in carvings on its walls.

27 In the Hindu epic, the Mahabharata, which is designated as a key source of Hindu religion and philosophy, there are two major third-gender characters: Shikhandi and Brihanla.

28 The Hindu epic, the Ramayana, has a story about homosexuality. Once there was a king named Dilip who had two wives but died without leaving an heir. One day, Lord Shiva appeared in the dream of the King's widows and said they will have a child if they made love together. The queens made love and one day one of the queens gave birth to a child. The child grew to become a great King Bhagiratha, who brought River Ganges from the heaven to earth.

29 The Kama Sutra, written in 150 BC contains passages describing eunuchs or "third-sex" males performing oral sex on men. http://www.kamashastra.com/kama209.htm

30 London, Jennifer. 2011. "U.S. helps Nepal Lead Way on Gay Rights." http://www.latitudenews.com/story/u-s-helps-nepal-lead-way-on-gay-rights/




*Lesbian film-maker, Nilu Doma Sherma presenting her "Stories of Being Me: Kathmandu video", together with Nepali movie actress, Priyanka Karki*

गर्दछन्। महिलाहरूलाई सार्वजनिक प्रदर्शन (exposure) मा पनि सीमा तोकिएको हुन्छ र प्राय: नीजी क्षेत्रभित्र नै सीमित हुन्छन्। यस्तो खाले व्यवस्थाले गर्दा महिलाहरूलाई समलिङ्गी हुँ भनेर घोषित गर्नु पुरुषहरूलाई समलिङ्गी हुँ भनेर घोषित गर्नु जति सहज छैन। महिलाहरूको अधिकारवादी आन्दोलनको सफलता र अनुदानको बावजुद पनि पितृसत्ता अझै सशक्त नै छ।[31] महिला अधिकारवादी संगठनहरूको एक समूहले तयार पारेको सन् २०११ को महिला विरुद्ध हुने भेदभाव उन्मूलन महासन्धी (CEDAW) छायाँ प्रतिवेदनमा समस्यालाई यसरी रेखाङ्कित गरिएको छ "नेपाली समाजले महिलाहरूको लागि व्यावहारिक मान्यताहरू लागू गरेको छ, जसले यौनिकता (कामुकता) लाई दबाउन र उनीहरूको शरीर 'शुद्ध' राख्ने नियमहरूको निर्धारणमा जोड दिन्छ। यसले महिलाहरूका लागि आफ्नो यौनिकताको नियन्त्रणमा सीमितता ल्याइदिएको छ। महिला र पुरुषको यौनिकता निर्धारण गर्न भिन्नभिन्न मानकहरूको प्रयोग हुन्छ।"[32]

महिलाहरूभन्दा पुरुष शक्तिलाई महत्व दिनुले कठीनाइहरू उत्पन्न गराउँछ र त्यो विशेष रूपमा समलिङ्गी महिला र तेस्रोलिङ्गी पुरुषमा स्पष्ट रूपमा मुखरित हुन्छ। विभिन्न सामाजिक तथा संरचनागत सीमाहरूले गर्दा समलिङ्गी महिलाहरूले, समलिङ्गी महिलाविरुद्ध हुने यौनजन्य हिंसाको बारेमा अनुसन्धान संलग्न गरिएको एक प्रतिवेदनले चित्रण गरे अनुसार "तीन तहमा उत्पीडनको शिकार हुनुपर्छ: एक महिला भएको हुनाले, अल्पसंख्यक भएको हुनाले र अधिनस्थ (subordinate) भएको हुनाले।"[33]

पितृसत्तात्मक व्यवस्थाको साथसाथै हेटेरोनर्म्याटिभ मान्यता अनुसार युवा पुरुष तथा महिलाले तुलनात्मक रूपमा कलिलै उमेरमा विवाह गरेर बालबच्चा जन्माउनु पर्ने हुन्छ। त्यस्तो वातावरणमा विविध यौनिक झुकाव तथा लैङ्गिक पहिचान बोकेका मानिसहरूलाई आफ्नो कुरा व्यक्त गर्न वा खुल्न एकदमै सीमित अवसर र स्थान हुन्छ।

## *जात र वर्गको भूमिका*

नेपाली जाति प्रथा नेपालमा सामाजिक स्तरीकरणको परम्परागत प्रणाली हो। यो एक जटील प्रणाली हो र अझै पनि अस्तित्वमा छ। जाति प्रथाले जात भनिने विभिन्न श्रेणीबद्ध अन्तर्विवाही समूहहरूद्वारा सामाजिक वर्गको परिभाषित गर्दछ। वर्गीय प्रणालीले धनसम्पत्ति र राजनीतिक शक्तिमा पहुँचमा रहेको भिन्नताको आधारमा मानिसहरूको समूहलाई विभाजित गर्दछ। LGBT मानिसहरूले यौनिक र लैङ्गिक पहिचान अनि उनीहरूले सामना गर्ने चुनौतीहरूलाई कसरी महसुस गर्दछन् भन्ने कुरामा जातीय र वर्गीय भिन्नताले असर पार्दछ।

31 Forum for Women, Law and Development, Informal Sector Service Center, Institute of Human Rights Communication Nepal International Alert, National Business Initiative, Saferworld, "Women's insecurities and the workplace in Nepal: A study from Banke and Bara districts" February 2014: http://www.saferworld.org.uk/resources/view-resource/796-womenas-insecurities-and-the-workplace-in-nepal (accessed June 2014)

32 Shadow Report on the Fourth and Fifth Period Report of the Government of Nepal on CEDAW, 2011: http://www2.ohchr.org/english/bodies/ cedaw/docs/ngos/FWLD_NepalCEDAW49.pdf

33 Knight, K., Miller, K., Shrestha, B., Thapa, D., Khadka, H., Limbu, P. (2013). Global LGBTI human rights partnership Bridges to Justice: Case-study of LGBTI rights in Nepal, Copyright 2013 by Astraea Lesbian Foundation for Justice, p.14

तर, अनुसन्धान र आङ्कडाको अभाव छ। नेपाली LGBT मानिसहरूप्रतिको धारणा बनाउनमा जात र वर्गले कसरी प्रभाव पार्दछ भन्ने कुरा निक्यौल गर्न कठीन छ। उच्च शिक्षामा पहुँच र सञ्चारमाध्यमको उपलब्धता अनि विविध SOGI को विषयमा अझ सकारात्मक हुन सक्ने विदेशी प्रभावका कारणले "उच्च" जातका वा तुलनात्मक रूपमा सुविधासम्पन्न समूहका शहरिया मानिसहरूहरू समलैङ्गिकताप्रति बढि सहिष्णु हुनसक्छन्। तेस्रोलिङ्गी व्यक्तिहरू, विशेष गरी मेटीहरू तराई क्षेत्रमा बढि पाइने र उनीहरूप्रति सहिष्णु बन्ने सम्भावना रहन सक्छ किनभने त्यस क्षेत्रमा उनीहरूको ऐतिहासिक पूर्ववृत्त छ र छिमेकी राष्ट्र भारतका हिंजडा समुदायहरूसँग उनीहरूको धेरै समानता छ।

त्यति हुँदाहुँदै पनि, विभिन्न जात र जनजाति समूहहरूमा LGBT मानिसहरूको दृष्टिपन क्षेत्र क्षेत्रमा फरक पर्दछ र कहिले काहिँ त परिवार परिवारमा पनि भिन्नता छ, त्यसैले यौनिक तथा लैङ्गिक अल्पसंख्यकप्रति अपनाइने कुनै प्रमुख दृष्टिकोण छ भनेर निष्कर्ष निकाल्न वा यी समूहले LGBT मानिसहरूलाई कसरी व्यवहार गर्छन् भन्ने विषयमा सामान्यीकरण गर्न सकिँदैन।

## *धर्म*

नेपालका ८० प्रतिशतभन्दा बढि जनसंख्या हिन्दू छन् र १० प्रतिशतभन्दा बढि बुद्धमार्गी छन्।[34] नेपालमा हिन्दू र बुद्धमार्गी निकट रूपमा रहि आएका छन्। मन्दिर र स्तूपाहरूमा उनीहरूका देवदेवता एकै ठाउँमा रहेका हुन्छन्। दुबै धर्मका अनुयायीले एक अर्काको धार्मिक स्थलमा तिर्थ गरिरहेका हुन्छन्। उनीहरूका धेरै मूल्यमान्यता र संस्कारहरूमा समानता छ। नेपालमा यस प्रकारका धर्महरूले गर्दा यौनिकताको लागि अन्य देशहरूको तुलनामा सहनशील अवस्था सिर्जना गरेको मानिन्छ। समलैङ्गिकतालाई अप्राकृतिक, पापमय र नीतिभ्रष्टको रूपमा निन्दा गर्ने धर्मको रूपमा लिइने क्रिश्चियन वा इस्लाम जस्ता अरू धर्मभन्दा भिन्न हिन्दू र बुद्ध धर्म यौनिकता र लैङ्गिक पहिचानको सवालमा तुलनात्मक रूपमा सहिष्णु र तटस्थ देखिन्छन्।[35]

नेपाल यस क्षेत्रका अन्य छिमेकी देशहरूको तुलनामा यस अर्थमा पनि भिन्न छ कि भारत, चीन, बङ्गलादेश र भुटानजस्ता यस क्षेत्रका अरू देशजस्तो यसले धार्मिक अतिवाद र द्वन्द्वको सामना गर्नुपरेको छैन।[36] धार्मिक अतिवादले समलैङ्गिकता-विरोधी विषम रूप लिन सक्छ। अल्पसंख्यक मुस्लिम र क्रिश्चियन समूहहरूबाट समलैङ्गिकता र तेस्रोलिङ्गी पहिचान विरुद्ध शत्रुतापूर्ण मतहरू प्रकट हुन सक्थ्यो (भारतमा दफा ३७७ अन्तर्गत समलैङ्गिकतालाई पुन: गैरकानुनी घोषित गर्नमा अनुदार मुस्लिम र क्रिश्चियन समूहहरूले अगुवाइ गरे जस्तै), तर उनीहरूको मनोवृत्तिले नेपालको सार्वजनिक नीति तथा सामाजिक मनोवृत्तिमा त्यति उल्लेखनीय रूपमा प्रभाव पार्न सकेको देखिँदैन। त्यसको सट्टा नेपाली धार्मिक सन्दर्भले अझ तटस्थ मनोवृत्ति लिएको भान भइरहेको छ।

नेपालको बहुसंख्यक मानिसहरूले मान्ने हिन्दू धर्मले न त समलैङ्गिकताको प्रबर्धन गर्दछ न त निन्दा गर्दछ,[37] तर हेटेरोसेक्सुआलिटीलाई समाजको प्रचलित मान्यता मानिन्छ, जसले सन्तान उत्पादनलाई अत्यन्त ठूलो महत्व दिन्छ। फलदायी विवाहलाई अन्तिम लक्ष्य र सुखको नमूनाको रूपमा लिइन्छ। यसको फलस्वरूप धेरै सन्तानको जन्म हुन्छ जसको भरणपोषणमा सुसंरचित र विस्तारित परिवार प्रणालीले सहायता प्रदान गर्दछ। हिन्दू धर्मका धर्म शास्त्रमा समलैङ्गिकताले ल्याउने समस्या भनेको सन्तानको अभाव र पैतृक सम्पत्तिमाथिको हकसँग सम्बन्धित कानुनी समस्याहरू मान्न सकिन्छ।

तर, नैतिक अस्वीकृति पनि अस्तित्वमा छ। कुनै पनि प्रकारका गैर-प्रजननीय यौन सम्बन्ध, चाहे त्यो विपरीतलिङ्गी होस् या समलिङ्गी होस्, सन्तान उत्पादनको लक्ष्यबाट विचलन मानिन्छ र हतोत्साहित गरिन्छ। धेरै हिन्दूहरूले समलैङ्गिकतालाई वर्जित मान्छन् किनकि ग्रन्थहरूमा समलैङ्गिकता विशेष रूपमा उल्लेख गरिएको छैन र LGBT मानिसहरूलाई कठोर सामाजिक लैङ्गिक मान्यताको विरोधीको रूपमा हेरिन्छ, जसले गर्दा उनीहरूलाई कलंक लगाउने र भेदभाव गर्ने गरिन्छ।

बुद्ध धर्ममा समलैङ्गिकताको विषयमा विविध मतहरू छन्। बुद्ध धर्मलाई सामान्यतया कामुक आनन्द र यौनिकतामा विश्वास नगर्ने धर्मको रूपमा लिइन्छ।[38] बुद्ध धर्म र यौनिक झुकाव बीचको सम्बन्ध परम्परा र शिक्षक (गुरु) अनुसार भर पर्दछ। परम्परागत रूपमा समलैङ्गिक व्यवहार र लैङ्गिक विचरणलाई बुद्ध धर्मका अधिकांश स्कूलहरूमा आध्यात्मिक प्रगतिको बाधकको रूपमा लिइन्छ। त्यसैकारण, भिक्षुहरूले सबै यौनजन्य क्रियाकलापहरूबाट आफूलाई वञ्चित गर्नुपर्ने हुन्छ र महिला होस् या पुरुष कसैसँग पनि संभोग त विशेष रूपमा वर्जित छ।[39] बुद्ध धर्मको शुरुको चरणमा आम अनुयायीको लागि यौनिकताको

34 National Census of Nepal (2011) available at http://cbs.gov.np/wp-content/uploads/2012/11/National%20Report.pdf

35 All you need to know about Hinduism, "Homosexuality and Hinduism", accessed June, 2014: http://history-of-hinduism.blogspot.com.au/p/homosexuality-and-hinduism.html

36 Compared to the religious conflicts in the other countries discussed, Bhutan's religious conflict between the ruling Buddhist elite and Hindu minorities gets little coverage. More information about this dynamic can be accessed at: Thapa, Saurav Jung "Bhutan's Hoax of Gross National Happiness" Wave Magazine (13 July 2011) available at http://fletcher.tufts.edu/News-and-Media/2011/07/13/Thapa-Jul13.

37 H S Rao, (July, 2009). "Hinduism does not condemn homosexuality".Rediff News: http://news.rediff.com/report/2009/jul/03/hinduism-does-not-condemn-homosexuality.htm.

38 Jackson, Peter Anthony (December 1995). "Thai Buddhist accounts of male homosexuality and AIDS in the 1980s". The Australian Journal of Anthropology 6 (3): 140–53. doi: 10.1111/j.1835-9310.1995.tb00276

39 See, for example, the Pandakavatthu section of the Mahavagga. 1:61, 68, 69; Vinaya: Mahavagga, 1:71, 76. Additionally, "The Story of the Prohibition of the Ordination of Pandaka" justifies the ban by giving an example of a monk with an insatiable desire to be sexually penetrated by men, thus bringing shame upon the Buddhist community. Vinaya, Vol. 4, pp. 141–142.

विषयमा नियमहरू परिभाषित गरिएको थिएन, नियमहरू भिक्षुहरूका लागि मात्र सीमित थिए। त्यसकारण **एक आम व्यक्तिको लागि** समलैङ्गिकता **स्वीकार्य हो कि होइन भन्ने कुराको निर्धारण गर्नुलाई धेरै बुद्धमार्गीले धार्मिक सवालको रूपमा लिँदैनन्।**[40]

तसर्थ, नेपाली बुद्धिस्ट विद्वानहरूले समलैङ्गिक आचरणको नियम बनाएका छैनन्। तिब्बती महायाना बुद्धधर्मका दलाई लामा – जो सुप्रसिद्ध छन् र नेपालमा उनका धेरै अनुयायी छन् – उनले शुरुमा समलिङ्गी सम्बन्धलाई यौन दुराचारको रूपमा व्याख्या गरे।[41] तर पछि उनले आफ्नो विचार बदले र "जुनै यौनिक झुकाव भए पनि"[42] सबैको मानव अधिकारको लागि आफ्नो समर्थन रहेको घोषणा गरे र समलिङ्गी पुरुषहरू बीचको विवाहलाई नैतिक समर्थन व्यक्त गरेर होमोफोबियाको निन्दा गर्दै आपसी सहमति भएसम्म यौनसम्बन्ध सही हुने घोषणा गरे।[43]

## *होमोसोसियाबिलिटी (समलिङ्गी समाजशीलता)*

यौनसम्बन्धी बहस छलफल गर्नु सामाजिक रूपमा वर्जित मानिए पनि पुरुष पुरुष बीचको यौन सम्बन्धलाई राम्रो तरीकाले उल्लेख गरिएको छ (यद्यपि महिला-महिला बीचको यौन सम्बन्धको बारेमा अनुसन्धान र सूचनाको अभाव छ)।[44] अन्य दक्षिण एसियाली समाजमा झैँ नेपाली समाजमा पनि पुरुष पुरुष बीचको यौनसम्बन्ध तुलनात्मक रूपमा सामान्य नै छ।[45] पुरुषको महिलामा सीमित पहुँच हुनु, हल्कादेखि कठोर लैङ्गिक पृथक्करण (अलगाव) लाई आदर्श मानिनु, महिलाको कुमारित्वलाई सर्वोपरि ठान्नु र "पुरुष होमोसोसियाबिलिटी र होमोअफेक्सनालिजम" को संस्कृति हाबी हुनु[46] आदि कारणले यस्तो हुनु अपरिहार्य छ। सार्वजनिक स्थलमा पुरुषहरूले हात समात्नु र लैङ्गिक आधारमा अलग अलग बस्ने घरपरिवारमा पुरुष-पुरुष एकै ओछ्यानमा सुत्नु सामान्य छ। समान लिङ्गका सदस्य बीचको कामोत्तेजक संसर्ग लगायत सामाजिक सम्बन्धको अनुमति अन्य देशहरूभन्दा बढि नै प्राप्त भएको देखिन्छ। यी "होमोसोसियाबिलिटी" को वातावरणले भारतीय उप-महाद्वीपभरि पुरुष-पुरुष बीचको यौनजन्य क्रियाकलापको लागि सकारात्मक वातावरणको सिर्जना गर्दछ।[47] यसबाट के निष्कर्ष निकाल्न सकिन्छ भने यस्ता क्रियाकलाप व्यक्तिगत पहिचानको अभिव्यक्ति नभई अवसर, पहुँच र यौन कुण्ठाबाट मुक्तिप्राप्त गर्ने चाहनाको कारणले हुने गर्दछन्।[48] चाखलाग्दो कुरा के छ भने हेटेरोसेक्सुआलिटी (विपरीतलैङ्गिकता) का लैङ्गिक मान्यताहरूको संरचना, अनुगमन र लागू गर्ने उही प्रभावशाली नेपाली पितृसत्तात्मक प्रथाले एकै साथ केही पुरुषहरूको बीचमा भने समलिङ्गी कामोत्तेजक व्यवहारको लागि गुप्त वातावरण उपलब्ध गराउने अवस्थाको सिर्जना गरिरहेको हुन्छ।

40 "GLBT in World Religion" Thomas Paine Unitarian Universalist Fellowship (2008): http://www.tpuuf.org/2008/08/03/glbt-in-world-religions/.

41 James Shaheen, "Gay Marriage: What Would Buddha DO?". Huffington Post, August 13, 2009, http://www.huffingtonpost.com/james-shaheen/gay-marriage-what-would-b_b_230855.html

42 Dennis Conkin, 1997, "Dalai Lama urges 'respect, compassion, and full human rights for all,' including gays": http://quietmountain.org/links/teachings/gayrites.htm (Accessed August 2014)

43 The Telegraph, 2014, "Dalai Lama Supports Gay Marriage". Available at http://www.telegraph.co.uk/news/worldnews/asia/tibet/10682492/Dalai-Lama-supports-gay-marriage.html (Accessed August, 2014)

44 Tamang, Seira. Patriarchy and the Production of Homo-Erotic Behaviour in Nepal. Studies in Nepali History and Society 8.2 (December, 2003): pp. 225-258.

45 Ibid.

46 Khan, Shivananda, "Cultural Constructions of male sexualities in India", June 1995: www.nfi.net/Essays/95/Cultural%20Constructions%2095.DOC.

47 Balachandran, Chandra S, (2004), "A Preliminary Report on Emerging Gay Geographies in Bangalore, India. In Sexual Sites, Seminal Attitudes: Sexualities, Masculinities and Culture in South Asia", Sanjay Srivastava, ed., pp. 165-187. New Delhi: Sage Publications

48 Tamang, Seira. Patriarchy and the Production of Homo-Erotic Behaviour in Nepal. Studies in Nepali History and Society 8.2 (December, 2003).

# नेपालमा LGBT मानव अधिकारको इतिहास

यस खण्डले नेपालमा LGBT मानव अधिकारको सिंहावलोकन प्रस्तुत गर्दछ। यसको शुरुवात् विगत तीन दशकदेखिको LGBT जनपैरवीको लागि राजनीतिक सन्दर्भको चर्चा गरिनेछ। प्राचीन हिन्दू महाकाव्यहरूमा LGBT पहिचानलाई मान्यता दिँदादिँदै पनि आधुनिक कालका LGBT मानिसहरूको जीवनका बारेमा एकदम कम अनुसन्धान र जानकारी उपलब्ध छन्।

सन् १९९० को दशकको पछिल्लो समयमा मात्र अनुसन्धान र जानकारी उपलब्ध हुन थाले। FHI र नीलहिरा समाज(BDS)ले सन् २००१ मा निकालेको प्रतिवेदनमा पुरुषसँग यौन सम्बन्ध राख्ने काठमाडौँका १००० जना पुरुष (MSM) हरूसँग अन्तर्वार्ता लिइएको थियो। अध्ययनले यौनिक पहिचान र अभ्यासमा तरलता रहेको (धेरै MSM हरूले महिलासँग विवाह गरेको) र पुरुषले पुरुषसँग यौन सम्बन्ध राख्ने गरेको, HIV को जोखिम र सुरक्षित यौन व्यवहारको बारेमा अति न्यून ज्ञान रहेको देखायो।[49]

सबै LGBT मानिसहरूमध्ये मेटी[50] नामक जन्मजात तेस्रोलिङ्गी महिला पहिचान नै सार्वजनिक चासो र बहसको क्रममा प्रायजसो सबैबन्दा बढि देखिने र प्रमुख पहिचानको रूपमा लिइन्छ। अन्य LGBT सवाल र पहिचानहरूलाई पनि प्रायजसो मेटीहरूकै सवाल र पहिचानसँग मिसाइन्छ वा एकै र समान हो भन्ने भ्रम पर्दछ। यस अर्थमा, LGBT समुदायभित्र रहेका विविध यौनिक र लैङ्गिक पहिचानका बारेमा आम जनमानस अनभिज्ञ छ।

महामारी विज्ञान वा मानवविज्ञानको दृष्टिले नभई यो प्रतिवेदन नेपाली समाजमा सन् १९९० को दशकदेखि भएका राजनीतिक विकासक्रम र LGBT आन्दोलनको बढ्दो दृष्टिपन र सामर्थ्यसँग तिनको कस्तो अन्तर्सम्बन्ध छ र तिनले कसरी LGBT जनपैरवीको लागि आजको सामाजिक, राजनीतिक तथा सांस्कृतिक सन्दर्भको लागि वातावरण सिर्जना गरे भन्ने विषयमा केन्द्रित छ।

49 Family Health International, "Rapid Ethnography of Male to Male Sexuality and Sexual Health, Kathmandu, Nepal," December 2001: http:// www.hivpolicy.org/Library/HPP000564.pdf

50 A self-identified label used by feminized males (cross dressers) who have sex with men, and used their feminine behaviours in public spaces. The South Asian equivalent for metis is kothis.




*खुल्ला सत्रमा तेस्रोलिङ्गी महिलाहरूले सांस्कृतिक “मारुनी” नाच प्रस्तुत गर्दै*

सन् २०१३ मा केही महिनाको अन्तरालमा निस्केका दुई प्रतिवेदनले चालु LGBT आन्दोलनका विपरीत स्थितिको चित्रण गरे। एउटा प्रतिवेदनले नेपालको LGBT अधिकारको आन्दोलन “गम्भीर खतरामा परेको” दाबी गर्‍यो भने अर्कोले नेपाललाई “एसियाको सबैभन्दा समलिङ्गी-मैत्री देश” भनी उल्लेख गर्‍यो।[51] यी दुबै प्रतिवेदनले नेपाल देशीय प्रतिवेदनमा व्याख्या गरिएका “सामाजिक, कानुनी र राजनीतिक उपलब्धिमा आशा र दरार”[52] हाइलाइट गरेका छन्।

### *नेपालमा LGBT जनपैरवी: १९९० देखि*

सन् १९९० मा संवैधानिक राजतन्त्र सहितको बहुदलीय प्रजातन्त्र लागू गरियो जसले ठूलो मात्रामा नागरिक समाज संगठित हुने अवसर प्राप्त भयो। यसै क्रममा LGBT अभियन्ता र संगठन लगायत सयौँ गैर-सरकारी संगठनहरू (गैसस) खुले।

सन् 2000 देखि त्यस दशकको अन्तसम्ममा ३०,००० भन्दा बढि गैससहरू समाज कल्याण परिषद्मा दर्ता भएका थिए।[53] त्यसको परिणामस्वरूप राष्ट्रिय तथा स्थानीय जीवन अनि राजनीतिमा नागरिक समाजको आन्दोलन प्रमुख शक्तिको रूपमा उदायो। संयुक्त राष्ट्र संघ र अन्य अन्तर्राष्ट्रिय दाताहरूले गरीबी निवारण र आर्थिक बृद्धिसम्बन्धी परियोजनाहरूको लागि गैससलाई प्रमुख कार्यान्वयन साझेदारको रूपमा लिने र यौनिक अल्पसंख्यक र HIV सहित जिइरहेका मानिसहरू लगायत सङ्कटाभिमुख समूहहरूको समावेशीकरणलाई प्रबर्धन गर्ने कुरामा ध्यान केन्द्रित गरे। केहीले यसको कारण धेरै दाताहरूको कर्मचारीतन्त्रप्रतिको कुण्ठा रहेको माने, जुन गैससको तुलनामा अप्रभावकारी रहेको उनीहरूको बुझाइ थियो।[54] दाताहरूको अनुदानमध्ये ठूलो राशी HIV महामारी रोक्ने र निर्मूल पार्ने कार्यमा लक्षित थियो।

सन् १९९० पछि उल्लेखनीय घटनाहरू घटे जसको फलस्वरूप कानुनी र सामाजिक रूपरेखामा आधारभूत परिवर्तन सहित कानुन र राजनीतिमा समलैङ्गिकतालाई स्विकार्ने क्रममा बृद्धि भयो, यद्यपि यी प्रगतिले LGBT मानिसहरूको दैनिक जीवनमा खासै प्रभाव पार्न सकेन।

विभिन्न SOGI का मानिसहरूको समुदाय २००१ मा एक गैर-सरकारी संस्था, नीलहिरा समाज (BDS) अन्तर्गत सुनिलबाबु पन्त, मनिषा ढकाल, पिङ्की गुरुङ्, डली महर्जन, निरुता पाण्डे, मलाइका लामा, ‘आलेक्स’ र जोरा बाईजस्ता अभियन्ताहरूको अगुवाइमा संगठित हुन थाले। कृष्ण महर्जन र उमेश पाण्डेजस्ता केही थोरै अभियन्ताहरू BDS को स्थापना हुनुभन्दा अगाडि १९९० को दशकमा नै पनि समलिङ्गी पुरुषहरूलाई अनौपचारिक रूपमा संगठित गर्ने कार्यमा सक्रिय थिए। नेपाली सन्दर्भमा BDS उल्लेखनीय थियो किनकि यसले पहिलो पटक विशेष रूपमा LGBT अधिकारको लागि काम गर्ने गैससको प्रतिनिधित्व गर्‍यो र यसका मानव अधिकार तथा स्वास्थ्यसम्बन्धी लक्ष्यहरू राम्रो तरीकाले परिभाषित गरिएको थियो।

51 Knight, K., Miller, K., Shrestha, B., Thapa, D., Khadka, H., Limbu, P. (2013). Global LGBTI human rights partnership Bridges to Justice: Case-study of LGBTI rights in Nepal, Copyright 2013 by Astraea Lesbian Foundation for Justice, p.39

52 Ibid.

53 Government of Nepal, Social Welfare Council, “NGOs affiliated with Social Welfare Council,” http://www.swc.org.np/SWC_NGOs_Total.pdf

54 UNDP Human Development Report 1998, http://hdr.undp.org/en/reports/national/asiathepacific/nepal/name,2785,en.html, cited in Program for Accountability in Nepal, “The Political Economy of Social Accountability in Nepal” 2010: http://siteresources.worldbank.org/NEPALEXTN/Resources/223554-1296055463708/PoliticalEconomy.pdf

### *नेपालमा LGBT जनपैरवी: सन् २००० पश्चात् र माओवादी विद्रोहको अन्त्य*

नीलहिरा समाज (BDS) को नेतृत्वमा भएको नेपालको LGBT आन्दोलन तिब्र रूपमा विस्तारित भयो किनकि उनीहरूका प्रमुख चुनौतीहरूलाई अन्तर्राष्ट्रिय दाताहरूसामु HIV महामारीलाई लक्षित गरेर अधिकारमुखी हस्तक्षेपलाई प्राथमिकतामा राखिएको थियो। सन् २००० को दशकको पछिल्लो समयमा उनीहरूले आफ्ना क्रियाकलापहरू विस्तृत मानव अधिकार कार्यको क्षेत्रसम्म फैलाए जसको लागि प्रमुख रूपमा द्विपक्षीय र बहुपक्षीय दाता र प्रतिष्ठानहरूबाट अनुदान प्राप्त हुन्थ्यो। त्यस क्रममा उनीहरूले सही किसिमबाट HIV र कानुनी तथा सामाजिक रूपरेखा र वातावरणसँग सम्बन्ध स्थापित गरे, ती दण्डात्मक वा सहयोगी भएको आधारमा तिनले कि त महामारीप्रतिको प्रतिक्रियामा अवरोध ल्याउन सक्छन् या त सुधार गर्न सक्छन्।[55]

सन् २००० को दशकले LGBT आन्दोलनको लागि धेरै अवसरहरू दिलायो। सन् २००६ मा प्रजातन्त्र पुनर्बहालीको पक्षमा नागरिकहरू देशभरिका विभिन्न शहरहरूमा उर्लिएर राजतन्त्र खारेजी र गृहयुद्ध अन्त्यको नारा लगाए।[56] यस आन्दोलनलाई जनआन्दोलनको संज्ञा दिइयो तथापि यो एक स्वतस्फूर्त जनउभार थियो यद्यपि यसको खाका भने माओवादी र लोकतान्त्रिक पार्टीहरूले तयार पारेका थिए।[57] यस अवसरलाई LGBT अधिकारकर्मीहरूले जनविद्रोहमा सहभागी बनेर आफ्नो अधिकारको लागि आवाज उठाउन सदुपयोग गरे।[58] नोभेम्बर २००६ मा सरकार र माओवादी बीच विस्तृत शान्ति सम्झौतामा हस्ताक्षर भएपछि दशवर्षीय सशस्त्र विद्रोहको औपचारिक रूपमा अन्त्य गर्यो र २००८ को संविधानसभा चुनावको लागि ढोका खोल्यो। गृहयुद्धको अन्त्य भइसकेपछि LGBT समूह लगायत नागरिक समाजलाई बृहत रूपमा कार्यक्रम विस्तार गर्न र बाह्य अनुदानमा पहुँच पुर्याGउन अवसर प्रदान गर्‍यो। यसले यौनिक तथा लैङ्गिक अल्पसंख्यक लगायत सङ्कटाभिमुख समूहहरूलाई संगठित भएर बृहत्तर समावेशीकरण र राजनीतिक प्रक्रियामा आफ्नो भूमिकाको लागि जनपैरवी गर्ने अवसर प्रदान गर्यो । उनीहरूले राज्यसँग उनीहरूको पहिचानलाई मान्यता दिन र उनीहरूका अधिकारप्रति सचेत रहन माग गरे।

विभिन्न राजनीतिक पार्टीहरूले फरक फरक समूहहरूसँग समर्थनको लागि अनुरोध गरे। तीन सबैभन्दा ठूला पार्टी – नेपाली कांग्रेस(नेका), नेपाल कम्युनिष्ट पार्टी-एकीकृत मार्क्सवादी लेनीनवादी(एमाले) र नेपाल कम्युनिष्ट पार्टी-माओवादी(माओवादी) लगायत राजनीतिक पार्टीहरूका घोषणापत्रमा LGBT सवालहरू संलग्न गराउनमा BDS सफल बन्यो।[59] अप्रिल २००८ मा संविधान सभा (CA) निर्वाचन परिणाम प्रमुख निर्वाचन आयुक्त, भोजराज पोख्रेलबाट घोषणा भयो।[60] निर्वाचन सम्पन्न भइसकेपछि नीलहिरा समाजका संस्थापक र निर्देशक सुनिलबाबु पन्तलाई नेपाल कम्युनिष्ट पार्टी (संयुक्त) ले समानुपातिक प्रतिनिधित्व कोटा[61] अन्तर्गत सभासद/सांसदमा मनोनयन गर्‍यो। पन्तले २०१२ सम्म सभासदको भूमिका निर्वाह गरे। सभासद बनेर उनले एसियाकै पहिलो घोषित समलिङ्गी सभासद बनेर इतिहास रचे।

LGBT समुदायको उल्लेखनीय जनपैरवीको फलस्वरूप कानुनी तथा संवैधानिक मान्यताको सन्दर्भमा महत्वपूर्ण उपलब्धीहरू भए। त्यसको साथसाथै सार्वजनिक क्षेत्रमा LGBT मानिसहरूको पनि समयसमयमा उच्च प्रोफाइलयुक्त दृष्टिपन रह्यो। यसले बृहत्तर नागरिक समाजको सहयोग पनि आकर्षित गर्‍यो र सार्वजनिक क्षेत्र र बहसमा समान स्तरको उपस्थिति रह्यो।

### *सन् २००७ को सर्वोच्च अदालतको फैसला*

डिसेम्बर २००७ को सर्वोच्च अदालतको फैसला नेपालको LGBT मानिसहरूको लागि सबैभन्दा महत्वपूर्ण र देख्न सकिने (visible) कानुनी तथा नीतिगत विजय हो। अप्रिल २००७ मा चार वटा नेतृत्वदायी LGBT गैससहरूले[62] नेपाल सरकार विरुद्ध दायर गरिएको रिटमा यो फैसला आएको थियो। *सुनिलबाबु*

55 Godwin, John. "Legal environments, human rights and HIV responses among men who have sex with men and transgender people in Asia and the Pacific: An agenda for action." UNDP and APCOM, Bangkok, July 2010, pp. 2-7

56 From 1996 to 2006, a violent Maoist insurgency undermined good governance efforts and disrupted civil society functioning due to threats from the ultra-left Maoist rebels and successive right-wing governments headed by King Gyanendra Bir Bikram Shah and the military following coups in 2002 and 2005. The 2006 movement to restore democracy arose from broad opposition to military rule under the royal regime.

57 International Crisis Group, "Nepal: From People Power to Peace?," Asia Report N°11510, May, 2006: http://www.crisisgroup.org/en/regions/asia/south-asia/nepal/115-nepal-from-people-power-to-peace.aspx

58 Mark Schoffman, "Gay community joins Nepal protests," Pink News, 19 April 2006: http://www.pinknews.co.uk/2006/04/19/gay-community-joins-nepal-protests/

59 Jo Becker, "Campaigning for Justice: Human Rights Advocacy in Practice," Stanford University Press: 2013.

60 Pokharel had overseen the historic elections despite daunting challenges such as bringing a rebel group that had been waging war for ten years into an electoral process and organizing elections in a country of 25 million in the absence of any laws governing the shape and form of the electoral system.

61 The Carter Center, "Observing Nepal's 2008 Constituent Assembly Election," http://cartercenter.org/resources/pdfs/news/peace_publications/election_reports/FinalReportNepal2008.pdf

62 रिट दायर गर्नेहरूमा नीलहिरा समाज (सुनिलबाबु पन्त), मितिनी नेपाल(मिना नेपाली), क्रुजएड्स नेपाल(सन्जिव 'पिङ्की' गुरुङ) र परिचय नेपाल (मनोरन्जन कुमार वैद्य) थिए

*पन्त र अन्य v. नेपाल सरकार र अन्य*को फैसलामा LGBT व्यक्तिहरू विरुद्ध विभेदयुक्त कानुनहरू खारेज गर्न, नेपालमा समलिङ्गी विवाहलाई मान्यता दिने सम्भावनाको अध्ययन गर्न समिति गठन गर्न र "तेस्रोलिङ्गी" लाई मान्यता दिन आदेश दिइयो।[63]

यस फैसलाले धेरै अर्थ राख्थ्यो। सर्वप्रथम, यसले स्पष्ट रूपमा LGBT सवालहरूलाई मानव अधिकारको दायरामा समेट्यो। सर्वोच्च अदालतको फैसलाले LGBT नागरिकको व्यापक सुरक्षाको माग गर्दै, LGBT व्यक्तिको सुरक्षाको लागि विभेदरहित कानुन लागू गरेर LGBT मानिसहरूले पनि अन्य नागरिक समान कानुनी अधिकार उपभोग गर्न पाउनु पर्छ भन्ने कुरालाई स्थापित गर्‍यो। LGBT मानिसहरूले नागरिकको रूपमा पाउनुपर्ने अधिकारको मान्यतामा लिइएको फैसलाको कारणले अदालतलाई समान अधिकारको वकालत गर्न नागरिकता नै आधार बन्यो, जसले "विशेष" वा "नयाँ" अधिकारको रूपरेखा तयार पार्नुपर्ने झञ्झट रहेन। LGBT अधिकारलाई आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धि (ICESCR) र नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र (ICCPR) अनुरूप हुने कुरा पनि स्थापित गरियो। सर्वोच्च अदालतको फैसलाले व्यक्तिहरूको आधारभूत अधिकारको प्रबर्धन गर्ने विषयमा क्षेत्रीय र अन्तर्राष्ट्रिय मोडेलको रूपमा राज्यको धारणालाई पनि उजागर गर्‍यो।

अझ विस्तृत रूपमा, यो फैसलाले नेपाललाई अन्तर्राष्ट्रिय जगतमा LGBT अधिकारको पक्षमा विश्वकै सबैभन्दा प्रगतिशील फैसलाको रूपमा ध्यान आकर्षित गर्‍यो। यो फैसला सोहि समयमा आयो जति बेला ८० भन्दा बढी देशहरूले समलिङ्गी सम्बन्धलाई गैरकानुनी घोषित गरेका थिए।[64] नेपालको प्रगतिशील फैसलालाई धेरैले, विशेष गरी दक्षिणी गोलार्द्धमा जनपैरवीले कसरी राजनीतिक र सामाजिक परिवर्तन ल्याउन सक्छ भन्ने कुराको एउटा नमूनाको रूपमा लिए। दक्षिण अफ्रिका मात्रै अर्को देश हो जसले LGBT मानिसहरूलाई समान स्तरको सुरक्षा र मान्यता प्रदान गरेको छ। त्यति हुँदाहुँदै पनि समलिङ्गी विवाह र भेदभाव विरोधी कानुनको विषयमा भएको निर्णय नीतिगत तह र स्पिरिटमा व्यवहारमा लागू हुने कुरामा अझै चुनौतीहरू छँदै छन्।[65]

निर्णय र नीतिहरू निर्धारण गरिएको तीन-वर्षीय अन्तरिम योजना (२००७-१०) ले LGBT मानिस लगायतको सामाजिक समावेशीकरणको प्रतिबद्धता गरेको छ। यस योजनामा निर्धारण गरिएका नीतिहरू लागू नहुँदा यौनिक तथा लैङ्गिक अल्पसंख्यकको अधिकार पूर्ण रूपमा साकार हुनमा बाधा पुगेको छ।[66] सन् २००८ मा निर्वाचित भएको संविधान सभा २०१२ मा भङ्ग भयो। यस ढिलाइले पनि सन् २००७ को सर्वोच्च अदालतको फैसलाको प्रभावकारी कार्यान्वयनको लागि बाधा पुर्‍याइरहेको छ। नेपाली LGBT समुदायका धेरैले सन् २०१४ को अन्त्यसम्ममा दोस्रो संविधान सभाले नयाँ संविधानको घोषणा गर्नेछ र LGBT मानिसहरूलाई पूर्ण रूपमा समान अधिकार र विभेद विरुद्ध सुरक्षा प्रदान गर्ने र समलिङ्गी विवाहलाई कानुनी मान्यता दिने लगायत २००७ को सर्वोच्च अदालतको फैसलाले गरेका सिफारिसहरू लागू होला भन्ने आशा लिएका छन्।

"अर्को वर्ष २०१५ को गाईजात्रामा हामी पुन: भेला हुँदा नयाँ कानुन प्राप्तिको उत्सव मनाउन पाउनेछौँ भन्ने आशा लिएका छौँ," २८-वर्षीय बिपिन लामिछानेले भने, जो पाँच वर्षदेखि सँग बस्दै आएको उनको पार्टनरसँग विवाह गर्न चाहन्छन्। तर अझै पनि मागी विवाहलाई आदर्श मानिने र एक दशक अगाडिसम्म बारम्बार समलिङ्गी व्यक्तिहरूलाई "अप्राकृतिक यौनसम्बन्ध" राखेको आरोपमा तीन महिनासम्म जेलमा राख्ने यस देशमा कानुन परिवर्तन गर्नु सजिलो होला तर मनस्थितिमा परिवर्तन ल्याउन धेरै गाह्रो छ, उनले भने। "कहिलेकाहिँ लिखित रूपमा कानुन बने पनि कार्यान्वयनमा ठूलो समस्या छ," लामिछानेले भने। "हामीले गर्नुपर्ने अझै धेरै बाँकी छ।"[67]

तर कार्यान्यनको अभाव सर्वोच्च अदालतको फैसला वा LGBT सवालहरूमा मात्रै सीमित छैन। अगस्ट २०१४ मा कानुन तथा न्याय मन्त्रालय र संविधान सभाका सम्बन्धित समितिले वर्षको अन्त हुनुभन्दा अगाडि पारितको लागि पूर्ण संसदमा पेश गर्न नागरिक तथा अपराध ऐन (जुन ऐनले "मुलुकी ऐन" लाई संशोधन गरी प्रतिस्थापन गर्नेछ)[68] को परिमार्जन गरिरहेको कुरा थाहा भएको थियो।

63 National Judicial Academy, "Decision of the Supreme Court on the Rights of Lesbian, Gay, Bisexual, Transsexual and Intersex (LGBTI) People", 2008: http://www.gaylawnet.com/laws/cases/PantvNepal.pdf and http://www.humandignitytrust.org/uploaded/Library/Case_Law/Sunil_Babu_Pant_and_others_v_Nepal_Government_and_others.pdf

64 Human Rights Watch, "This Alien Legacy: The Origins of 'Sodomy' Laws in British Colonialism," 2008: http://www.hrw.org/sites/default/files/ reports/lgbt1208_web.pdf. (Marriage equality was present in only five countries during this period – South Africa, Canada, Belgium, Netherlands, and Spain).

65 429 Magazine, "Nepal pioneers a third gender on official documents, but concerns persist," 6 March 2013: http://dot429.com/articles/1599- nepal-pioneers-a-third-gender-on-official-documents-but-concerns-persist

66 See Government of Nepal National Planning Commission, Three Year Interim Plan Approach Paper (2007/8-2009/10), (July 2007), available at http://www.unpei.org/PDF/Nepal-3-year-interim-plan-eng.pdf (discussing an interim plan to achieve social inclusion within the Nepali society)

67 Associated Press, "Nepal gay community parades for same-sex marriage", 2014: http://newsinfo.inquirer.net/628143/nepal-gay-community-parades-for-same-sex-marriage.

68 Muluki Ain of 1854 (Gen. Code), Nepal Law Commission: http://www.lawcommission.gov.np/en/documents/prevailing-laws/func-startdown/605/




*Participant from the dialogue*

> “नेपाल नयाँ संविधान लेख्ने प्रक्रियामा छ र सहभागीहरूले विविध यौनिक झुकाव तथा लैङ्गिक पहिचान भएका व्यक्तिहरूका मानव अधिकार र आधारभूत अधिकारहरू संविधानमा सुरक्षित हुनुपर्ने माग राख्दछन्।”
>
> -संवाद कार्यक्रममा भएको छलफलबाट

नेपाली कांग्रेसको नेतृत्वमा रहेको मिलिजुली सरकारले बताए अनुसार नागरिक तथा अपराध ऐनलाई अन्तिम रूप दिनु अति आवश्यक छ किनकि उक्त ऐन मस्यौदाको रूपमा छ वर्षसम्म निस्तेज पारेर राखिएको थियो र अहिलेको ऐनमा परिमार्जन गरेर नागरिक, राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारको रक्षा गर्ने र विभेदको अन्त्य गर्ने कानुनी खाकामा सुधार ल्याउने अवसर उपलब्ध हुनेछ।

तर ऐनले समलिङ्गी विवाहलाई मान्यता दिएर स्पष्ट रूपमा LGBT अधिकारमा योगदान नपुर्‍याउने र यथार्थमा अनेकार्थी (अस्पष्ट) भाषाहरू राखेर प्राप्त भइसकेका कानुनी र नीतिगत उपलब्धिहरूलाई नै नजरअन्दाज गर्न सक्ने कुरादेखि अभियन्ताहरू चिन्तित छन्।

# LGBT मानिसहरूको अधिकारको संरक्षण

## कानुन, नीति तथा मानव अधिकारसम्बन्धी सन्धिहरू

LGBT जनपैरवीको प्रबर्धन र सहयोग गर्ने कानुन तथा नीतिको विकास पछिल्लो दशकमा नेपालको राजनीतिक मामिलामा भएका विकाससँग निकट रूपमा सम्बन्धित छ। LGBT अधिकारका क्षेत्रमा भएका धेरै प्रगतिहरू वैसाख २०६३ मा लोकतन्त्रको पुनर्बहाली र त्यसको केही समयपछि अन्तरिम संविधान लागू भइसकेपछि भएका हुन्।

### *समलैङ्गिकतालाई कानुनी मान्यता*

नेपालमा समलिङ्गी सम्बन्ध र समलिङ्गी महिला, पुरुष, द्विलिङ्गी वा तेस्रो लिङ्गीको रूपमा स्व-पहिचानलाई कहिल्यै गैरकानुनी घोषित गरिएको छैन। तर कानुन तथा न्याय मन्त्रालयले तयार पारेको नागरिक तथा अपराध ऐन (जुन ऐनले "मुलुकी ऐन" लाई संशोधन गरी प्रतिस्थापन गर्नेछ) को अहिलेको मस्यौदामा प्रतिगामी ढङ्गले यौनक्रियालाई महिला र पुरुष बीचको (लिङ्ग-योनी यौनक्रिडा) क्रियाको रूपमा परिभाषित गरेको छ। नागरिक तथा अपराध ऐनले अप्राकृतिक यौनकार्यलाई परिभाषित गरेको छैन। यस खण्डसँग मेल खाने भारतीय दण्ड संहिताको दफा ३७७ ले अप्राकृतिक यौन अपराधलाई स्वेच्छिक तवरले "प्रकृति विपरीत कुनै पनि पुरुष, महिला वा जनावरसँग गरेको कामुक संभोग" को रूपमा परिभाषित गरेको छ।[69] अप्राकृतिक यौनकार्यलाई सहमतिपूर्ण वयस्क समलिङ्गी क्रियाकलाप र सम्बन्धलाई दण्डित गर्नको लागि व्याख्या नगरिने कुरा प्रस्ट पारिनुपर्दछ। भारत, बङ्गलादेश, पाकिस्तान र म्यानमारजस्ता एसियाका पूर्व बेलायती उपनिवेशहरूमा रहेका पुरातन कानुनहरूमा उस्तै खाले शब्दावलीहरूको प्रयोग गरिएको छ।[70]

69 For a detailed overview of the legal battles around this law in India, see: LGBT Section 377, Lawyer's Collective, Available at http://www.lawyerscollective.org/vulnerable-communities/lgbt/section-377.html

70 Godwin, Bangkok, July 2010.

### *समलिङ्गी विवाह*

सन् २००७ को सर्वोच्च अदालतमा पेश गरेको रिट निवेदन *पन्त र अन्य v नेपाल सरकार र अन्य*मा दिइएको फैसलामा समलिङ्गी विवाहको पक्षमा यसरी व्याख्या गरिएको थियो, "अप्राकृतिक मैथुनको परिभाषामा परिवर्तन गरेर समलिङ्गी विवाहलाई कानुनी मान्यता दिने र निन्दित हुन नदिने विषयमा सोच्ने उचित समय आइसकेको छ।"[71] सर्वोच्च अदालतले नेपालमा समलिङ्गी विवाहको सम्भावनाको विषयमा अनुसन्धान गर्ने आदेश दियो।

सर्वोच्च अदालतमा चलेको *रजनी शाही v. राष्ट्रिय महिला आयोग*[72] मुद्दाको फैसलामा भनिएको छ:

> प्रत्येक व्यक्तिले एकल रूपमा होस् वा विवाह गरेर वा नगरी समलिङ्गी वा विपरीतलिङ्गीसँगको साझेदारीमा होस्, आफू जिउने शऐलीको छनोट गर्न सक्छ। विद्यमान कानुन तथा परम्परा अनुसार "विवाह" भन्नाले विपरीतलिङ्गी (पुरुष र महिला) बीचको कानुनी बन्धन भनेर बुझिने भए पनि समलिङ्गी सम्बन्धको बारेमा अहिलेसम्म पर्याप्त कानुनी प्रावधान छैनन् या त मौन [sic] छन्।[73]

सन् २००७ मा सर्वोच्च अदालतले गरेको फैसलापछि समलिङ्गी विवाहलाई कानुनी मान्यता दिने विषयमा हालसम्म कुनै प्रगति भएको छैन। स्वास्थ्य तथा जनसंख्या मान्त्रालयको नेतृत्वमा समिलिङ्गी विवाहको विषयमा मस्यौदा प्रतिवेदन तयार पारिएको छ तर त्यसलाई अझै अनुमोदन गरिएको छैन र बाहिर सार्वजनिक पनि गरिएको छैन।[74]

> "सहभागीहरूले समलिङ्गी विवाह कानुन समितिको समलिङ्गी कानुन समीक्षा सम्बन्धी विचाराधीन प्रतिवेदन सार्वजनिक गर्न आग्रह गर्दछौं। कानुनको आवश्यकताको समीक्षा र अनुसन्धान गर्न सन् २००८ मा समिति बनाइएको थियो। तर प्रतिवेदनका परिणाम र निश्कर्षहरू LGBT समुदाय र जनता सामु प्रस्तुत गर्न बाँकी नै छ।"

- संवाद कार्यक्रममा भएको छलफलबाट

कुनै औपचारिक कानुन नभए पनि विभिन्न समलैङ्गिक विवाहहरू सम्पन्न गरिएको छ।[75] यी विवाहहरूलाई राज्यले कुनै मान्यता दिएको छैन र प्रतीकात्मक अर्थमा बाहेक नेपालभित्र तिनको कुनै कानुनी वैधता छैन। तर केही युरोपेली देशहरूले नेपाली जीवनसाथीलाई रेसिडेन्सी (बासिन्दाको हैसियत) र नागरिकता प्रदान गर्न नेपालमा सम्पन्न भएका समलैङ्गिक विवाहलाई मान्यता दिएका छन्।[76]

नेपालको नागरिक तथा अपराध ऐन (जुन ऐनले "मुलुकी ऐन" लाई संशोधन गरी प्रतिस्थापन गर्नेछ) को मस्यौदामा अझै पनि विवाहलाई पुरुष र महिलाबीचको सम्बन्धको रूपमा बुझाउँछ। अहिलेको प्रस्तावित प्रावधानले समलैङ्गिक विवाहलाई समेट्ने गरी संशोधन गरिएको छैन। दफा ७०(१) अनुसार विवाह महिला र पुरुष बीचमा हुन्छ र विवाहको लागि योग्य बन्न पुरुष कम्तिमा २२ वर्ष र महिला कम्तिमा २० वर्ष पुगेको हुनुपर्छ। LGBT समुदायले संशोधनको विषयमा गंभीर सरोकारहरू व्यक्त गरेका छन्। नेपालको संयुक्त राष्ट्र संघीय प्रणालीले संयुक्त धारणा मस्यौदा तयार पारिरहेको छ जसमा नेपाल सरकारलाई विवाहलाई कुनै पनि लिङ्गका सहमति दिनसक्ने वयस्कहरूका बीचमा र कुनै उमेरको हद नराखी परिभाषित गर्न आग्रह गर्नेछ।

---

71 Decision of the Supreme Court on the Rights of LGBT People, p.276

72 The petitioner, a 30-year-old woman named Rajani Shahi, told the Court that she left her husband because she was attracted to other women. Her husband allegedly rejected that claim and sought her return, asking for help from Nepal's National Women's Commission to get her back. According to the decision and media reports, the Commission recommended Shahi enter a women's shelter, but then later transferred her to a facility where women and girls who have been victims of trafficking undergo rehabilitation. In the process of ordering Shahi released from the rehabilitation facility in Kathmandu, the Court discussed her sexual orientation and related rights. Please see Knight, K. et al. New York, 2013.

73 Rajani Shah v. National Women Commission et al., Supreme Court of Nepal, April 11, 2013, Writ No. 069-WH-0030 discussed in Knight, K. et al. New York, 2013p.41

74 Weena Pun, The Kathmandu Post, "Report on same-sex marriage: Sexual minorities await with bated breath", 2014: http://www.ekantipur.com/the-kathmandu-post/2014/01/22/top-story/report-on-same-sex-marriage/258435.html

75 "Nepal's 'First Gay Wedding' Ceremony Held": http://www.bbc.co.uk/news/world-south-asia-13847299 (Accessed August, 2014)

76 Interview with an acquaintance of one of the authors who settled in a Western European country in 2013 following his wedding to a same-sex partner the same year. This wedding was recognized by the European country for immigration and visa purposes for the Nepali spouse.



*संवाद कार्यक्रमको लागि संयुक्त राष्ट्र संघ स्वयंसेवकसँग आयोजक टोली*

### *भेदभावरहित*

२००७ को सर्वोच्च अदालतको फैसलामा नेपाल सरकारलाई विद्यमान विभेदकारी कानुनहरूमा संशोधन गरी यौनिक अल्पसंख्यक समूहहरूका अधिकारको रक्षा गर्न उपयुक्त कानुन निर्माण गर्ने निर्देशात्मक आदेश जारी गरिएको थियो। फैसला अनुसार, “समलिङ्गी व्यक्तिहरू बीचको सम्बन्धलाई गैरकानुनी घोषणा गर्ने कुनै विशेष कानुन नभए तापनि (यसलाई अप्राकृतिक मैथुनको परिभाषाभित्र राखिएको छ), राज्य संयन्त्रले यी मानिसहरूप्रति समाजको नकारात्मक मनोवृत्तिको कारणले सिर्जित भेदभावमा अन्तर्निहित ढङ्गबाट योगदान पुर्‍याइरहेको छ र यस कुरालाई भुल्न सकिँदैन भन्ने एक थरीको दाबी छ।”[77]

२०६५ मंसिर ३ गते (१८ नोभेम्बर २००८) मा अर्को फैसला आयो जसमा सर्वोच्च अदालतले सबै LGBT व्यक्तिहरूलाई “प्राकृतिक व्यक्तिहरू” को रूपमा परिभाषित गरी उनीहरूको शारीरिक विकासका साथसाथै उनीहरूको यौनिक झुकाव तथा लैङ्गिक पहिचान (SOGI) र अभिव्यक्ति पनि सबै प्राकृतिक प्रक्रियाका अङ्गहरू हुन् भन्ने कुरा दोहोर्‍यायो। तसर्थ, जन्मँदा जुनै लिङ्गको रूपमा जन्मिएको भए पनि समान अधिकार, पहिचान र अभिव्यक्तिको सुनिश्चितता हुनुपर्दछ।[78]

### *तेस्रो लिङ्गीको मान्यता*

> “सन् २००७ को सर्वोच्च अदालतको फैसलाले मान्यता दिएको नागरिकताको दस्तावेजमा तेस्रो लिङ्गी ‘अन्य’ वर्ग पहिला नागरिकताको लागि आवेदन नदिएका व्यक्तिहरूले मात्र प्राप्त गर्न सक्छन्। पहिले नै नागरिकता प्राप्त गरिसकेका व्यक्तिहरूले उनीहरूको लिङ्ग परिवर्तन गर्न सक्दैनन्। यसले फैसला हुँदा १८ वर्षमुनिका र पहिले नै नागरिकता लिएका तर परिवर्तन गर्न चाहने व्यक्तिहरूको अधिकार हनन गरेको छ।”
>
> - संवाद कार्यक्रममा भएको छलफलबाट

सर्वोच्च अदालतले डिसेम्बर २००७ मा गरेको फैसलाले तेस्रो लिङ्गीलाई मान्यता दियो। त्यसको साथसाथै, सन् २०१३ मा गृह मन्त्रालयले महिला वा पुरुषको रूपमा चिनिन नचाहने नागरिकहरूको लागि “अन्य” वर्ग अन्तर्गत नागरिकता उपलब्ध गराउने घोषणा

77 Pant and Others v. Government of Nepal and Others (2007)

78 Gaylawnet: http://www.gaylawnet.com/laws/np.htm#sodomy (Accessed August, 2014)

गर्‍यो।[79] अहिलेसम्म थोरै मानिसहरूले मात्र स्व-पहिचानयुक्त “अन्य” लैङ्गिक पहिचान सहित नागरिकताको प्रमाणपत्र लिन सफल बनेका छन्। नेपाली स्थानीय र जिल्ला प्रशासनले अझै पनि सम्बन्धित व्यक्तिको लिङ्ग प्रमाणित गर्ने सबुद खोज्छन्, जबकि केन्द्रीय सरकारले नयाँ आवेदकहरूलाई मात्र तेस्रो वर्ग अन्तर्गत नागरिकता प्रमाणपत्र दिन्छ।[80] आफूले छनोट गरेको लिङ्ग अनुसारको नागरिकता प्रमाणपत्र प्राप्त गर्नु कुनै पनि व्यक्तिको लागि महत्वपूर्ण हुन्छ किनकि “कुनै व्यक्तिको सांस्कृतिक स्पष्टता उसको पहिचानजन्य कागजातहरूले पुष्टि गर्न सकेन भने उसको लागि प्रत्येक दिनको दैनिक लेनदेन पनि कमजोरीपनको क्षण बन्न सक्छ।”[81]

‘अन्य’ वर्ग अन्तर्गत नागरिकता प्राप्त गर्ने मानिसहरूको संख्या न्यून हुनुका धेरै सम्भावित कारणहरू छन्। एउटा कारण कर्मचारीतन्त्रमा व्याप्त असक्षमता, पूर्वाग्रह वा सचेतनाको अभाव हुनसक्छ। केही तेस्रोलिङ्गी महिला वा पुरुषहरू आफूलाई कुनै भावनात्मक वा व्यावहारिक आकर्षण नभएको “अन्य” वर्गभन्दा आफ्नो पहिचान पुरुष वा महिलाको रूपमा दिन रुचाउन सक्छन्। तेस्रोलिङ्गी व्यक्तिहरूको हकमा ‘अन्य’ वर्गको अर्थले अन्यौलता प्रतिबिम्बित गरेको हुनसक्छ। वास्तवमा तेस्रो लिङ्गको परिभाषा नै अस्पष्ट छ। प्राय: पूरै LGBT समुदायलाई नै तेस्रोलिङ्गीको रूपमा गलत अर्थ लगाइन्छ र धेरै समलिङ्गी महिला र समलिङ्गी पुरुषहरूले आफूलाई यो लेबल लगाएको रुचाउँदैनन्।[82]

सन् २००७ को सर्वोच्च अदालतको फैसलामा रहेको भ्रमको एउटा पक्ष भनेको यसको ‘अन्य’ वर्गले कुनै स्पष्ट भेद नखुलाई यौनिक झुकावलाई लैङ्गिक पहिचानसँग मिसाइएको भान हुन्छ। यो एक अन्यौलपूर्ण र गलत कानुनी वर्ग हो।[83] उदाहरणको लागि नेपालकी एक समलिङ्गी महिलाले उनको ‘अन्य’ पहिचान प्रतिबिम्बित गर्ने गरी आफ्नो कागजात सफल रूपमा परिवर्तन गरिन् भन्ने समाचार सम्प्रेषण भयो।[84]

दक्षिण एसियामा तेस्रोलिङ्गी महिलाको पहिचान ऐतिहासिक रूपमा अझ स्विकार्य र दृष्टिगोचर हुन्छ। कुनै तरीकाले लिखित रूपमा उनीहरूको लागि समान अधिकार प्राप्त गर्न सहजतर हुनसक्छ – यद्यपि व्यवहारमा उनीहरूले अन्य यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायभन्दा बढि हिंसा र उत्पीडनको शिकार बन्नुपर्ने हुनसक्छ। उदाहरणको लागि भारतमा केही LGBT अभियन्ताहरूले पछिल्लो सर्वोच्च अदालतको तेस्रोलिङ्गीका अधिकारको बारेमा भएको फैसलाले अधिकांशत: तेस्रोलिङ्गी महिला समुदायलाई हित पुर्‍याउँछ भन्ने कुरामा चिन्ता व्यक्त गरेका छन्।[85] दक्षिण एसियामा त्योभन्दा कम देखिने पहिचानहरू, जस्तो समलिङ्गी महिला र पुरुषहरूले आफूलाई समाजले बुझ्न नसकेको अनुभव गर्न सक्छन्। तेस्रोलिङ्गी पुरुषको पहिचान अझ अदृश्य र असुरक्षित पहिचान हो।

सन् २०१० देखि नेपालको निर्वाचन आयोगले केवल स्व-पहिचानको आधारमा मतदाता नामावलीमा तेस्रोलिङ्गीको रूपमा नाम दर्ता गर्न अनुमति दिएको छ। त्यसबाहेक २०६८ को जनगणनामा नागरिकहरूलाई ‘तेस्रो लिङ्गी’ को रूपमा पहिचान गर्न अनुमति दिइयो।[86] व्यवहारमा यसले नगन्य महत्व राख्यो किनकि कसैले आफू तेस्रो लिङ्गी हुँ भनेर पहिचान दिनका लागि जनगणकहरूमा चासोको अभाव वा विभेद, लजिस्टिकल (चाँजोपाँजो मिलाउने) समस्या र एक त्रुटिपूर्ण डेटा सङ्कलन प्रक्रियाजस्ता चुनौतीहरू थिए।

अर्जेन्टिना र न्युजिल्यान्डले मतदाता नामावली र आवास जनगणनादेखि नागरिकताको प्रमाणपत्रसम्मका प्रशासनिक प्रणालीमा तेस्रोलिङ्गी वर्ग लागू गर्ने खाकाहरू उपलब्ध गराएका छन्।[87, 88] BDS को सहयोगमा गृह मन्त्रालयले नागरिकतासम्बन्धी नीतिको मस्यौदा

79 Associated Press, “Nepal to issue “third gender” IDs For citizens who do not wish to be identified as male or female, “third” allows greater ease with legal documents”: 2013, http://www.salon.com/2013/01/22/nepal_to_issue_third_gender_ids/

80 Angel L Martinez Cantera, Al Jazeera “ The country is a pioneer in rights for gender and sexual minorities, but many continue to face marginalization”, 2014: http://www.aljazeera.com/indepth/features/2014/03/nepal-third-gender-201431181229222617.html

81 Currah, P. and Mulqueen, T. “Securitizing Gender: Identity, Biometrics, and Transgender Bodies at the Airport.” Social Research (Vol 78), pp. 557, 561 (2011).

82 From a discussion of transgender citizenship and identity issue at the National Dialogue.

83 Budhiraja, S., Fried, S. and Teixeira, A. “Spelling it Out: From Alphabet Soup to Sexual Rights and Gender Justice.” Development, Sexual Rights and Global Governance, edited by Amy Lind, New York: Routledge. (2010) pp. 131–144.

84 Angel L Martinez Cantera, Al Jazeera “ The country is a pioneer in rights for gender and sexual minorities, but many continue to face marginalization”, 2014

85 Dinesh C Sharma, “Changing landscape for sexual minorities in India” July 2014, The Lancet: http://www.thelancet.com/journals/lancet/article/PIIS0140-6736(14)61070-9/fulltext and http://timesofindia.indiatimes.com/india/Supreme-Court-recognizes-transgenders-as-third-gender/articleshow/33767900.cms,

86 Michael Bochenek and Kyle Knight “Establishing a third gender category in Nepal: process and prognosis” (2012) Emory International Law Review, vol. 26. Available at: http://law.emory.edu/eilr/_documents/volumes/26/1/recent-developments/bochenek-knight.pdf

87 Ibid

88 The New Republic, “What We Can Learn From Nepal’s Inclusion of ‘Third Gender’ on Its 2011 Census,” July 18, 2011: http://www.new-republic.com/article/world/92076/nepal-census-third-gender-lgbt-sunil-pant; The Kathmandu Post, “Separate and Unequal,” August

गर्‍यो, जुन सन् २०१३ को निर्वाचनको लागि मतदाता नामावली सङ्कलन लगायत दैनिक जीवनका धेरै आधारभूत कार्यहरूको लागि महत्वपूर्ण छन्।[89] जनगणनाले ठूलो संख्यामा तेस्रोलिङ्गीको अभिलेख संलग्न गराउन नसक्नु अनपेक्षित थियो[90] र गृह मन्त्रालयको नीतिले यथार्थमा अपेक्षा गरेभन्दा न्यून प्रभाव पार्‍यो। तेस्रिलिङ्गीको नागरिकतासम्बन्धी अधिकारको मान्यता दिलाउन नेपालको संयुक्त राष्ट्र संघीय प्रणाली[91] र २०११ को नेपालको विश्वव्यापी आवधिक समीक्षा[92] लगायत विभिन्न मञ्चहरूमा जनपैरवी जारी छ।

### *अन्य कानुन तथा नीतिहरू*

पुलिसले साधारणतया LGBT का व्यक्तिहरूलाई सताउन सार्वजनिक अपराध ऐन (१९७०) जस्ता कानुनहरूको प्रयोग गर्ने गरेको समाचार आएका छन् यद्यपि होमोसेक्स्युआलिटी आफैंमा गैरकानुनी होइन। ह्यूमन राइट्स वाचको २०१३ फेब्रुअरीको प्रतिवेदन अनुसार चार जना तेस्रोलिङ्गी महिलाहरू समातिए र यस ऐन अन्तर्गत अभियोग लगाइयो, "अस्पष्ट शब्दमा लेखिएको सो कानुन अन्तर्गत २५ दिनसम्म थुना र ३०० अमेरिकी डलरभन्दा बढि जरिवाना हुनसक्छ।"[93] अन्य LGBT अभियन्ताहरूले धम्की र उत्पीडनको बारेमा रिपोर्ट गरे। केही मानिस नेपाल नागरिक ऐनको मस्यौदामा "अप्राकृतिक यौन" को सन्दर्भलाई कायम राखेर अधिकृतहरूले उत्पीडन, जबर्जस्ती असुली र सार्वजनिक सेवाबाट बञ्चित गराउने बहानाको रूपमा प्रयोग हुन सक्ने हो कि भन्ने कुरामा चिन्तित छन्। वर्तमान यौन दुर्व्यवहार कानुनहरूले बलजफ्ती यौन सम्पर्कलाई मात्र समेटेको छ जसमा अपराधी पुरुष र पीडित महिला हुन्छ। यसरी हेर्दा एउटा पुरुष र तेस्रोलिङ्गीसँग भएको यौन दुर्व्यवहारलाई बलात्कार मानिँदैन तर सानातिना अपराधको रूपमा लिइन्छ।[94]

## ***मानव अधिकारसम्बन्धी सन्धिहरू :***

LGBT मानिसका मानव अधिकारहरू भेदभाव विरुद्धको अधिकार जस्ता धेरै अन्तर्राष्ट्रिय मानव अधिकारसम्बन्धी औजारहरूमा सुरक्षित गरिएका छन्। नेपाल धेरै सन्धिहरूको पक्ष राष्ट्र भएको हुनाले, सिद्धान्ततः LGBT का मानव अधिकारलाई पनि नेपालले समर्थन गर्नुपर्ने हो। यी अन्तर्राष्ट्रिय महासन्धिहरूमा अनुमोदन गर्नुको साथसाथै नेपालका मानव अधिकार र HIV सम्बन्धी आफ्नै विभिन्न घरेलु कानुन तथा नीतिहरू छन् जसमा अधिकारमा आधारित अङ्ग पनि पर्दछन्। नेपालमा यौनकर्मको पनि स्पष्ट कानुन तथा नीतिहरू छैनन्।

---

31, 2011: http:// www.ekantipur.com/the-kathmandu-post/2011/08/31/oped/separate-and-unequal/225780.html; The Kathmandu Post,"Zero in 26,620,809," October 1, 2011: http://www.ekantipur.com/the-kathmandu-post/2011/10/01/oped/zero-in-26620809/226915.html

89 Knight, K., et al. New York, 2013, p.24.

90 Kyle Knight, "What Can We Learn from Nepal's Inclusion of Third Gender on Its 2011 Census ", July 18, 2011, New Republic: http://www.newrepublic.com/article/world/92076/nepal-census-third-gender-lgbt-sunil-pant (Accessed June, 2014)

91 Remarks by Jyoti Sanghera, Representative of OHCHR-Nepal On the Occasion of an Interaction on Equal Rights to Sexual Minorities: Right to Citizenship Certificate Hotel Everest, Kathmandu, July 7, 2011: http://nepal.ohchr.org/en/resources/Documents/English/statements/HCR/ Year2011/July/2011_07_07_Jyoti's_Speech_sexual_minorities_E.pdf

92 UN Human Rights Council, seventeenth session, Report of the Working Group on the Universal Periodic Review of Nepal, A/HRC/17/5, March 8, 2011: http://daccess-dds-ny.un.org/doc/UNDOC/GEN/G11/116/42/PDF/G1111642.pdf ?OpenElement

93 HRW. "Nepal: Climate of Fear Imperils LGBT People." http://www.hrw.org/news/2013/04/01/nepal-climate-fear-imperils-lgbt-people

94 Blue Diamond Society (BDS), Heartland Alliance for Human Needs & Human Rights -Global Initiative for Sexuality and Human Rights, "The Violations of the Rights of Lesbian, Gay, Bisexual, Transgender, and Intersex Persons in Nepal", (Geneva, June, 2013): http://tbinternet.ohchr.org/Treaties/CCPR/Shared%20Documents/NPL/INT_CCPR_NGO_NPL_14738_E.pdf

यौनकर्मीमध्ये ठूलो संख्यामा तेस्रोलिङ्गी महिला भएको हुनाले यौनकर्मसम्बन्धी सकारात्मक कानुनको अभावले उनीहरूलाई असर पार्दछ। त्यति हुँदाहुँदै पनि समान्यतया यी सन्धि र नीतिहरूको कार्यान्वयन भएको पाइँदैन।

नेपालले मानव अधिकारको संरक्षणको लागि निम्न अन्तर्राष्ट्रिय सन्धिहरूमा हस्ताक्षर वा / र अनुमोदन गरेको छ। अनुमोदन मिति तल उपलब्ध गराइएको छ:[95]

1. मानव अधिकारको विश्वव्यापी घोषणापत्र : १९४८।
2. जातीय भेदभाव उन्मूलन सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि : ३० जनवरी १९७१।
3. नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी प्रतिज्ञापत्र : १४ मे १९९१।
4. आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र : १४ मे १९९१।
5. यातना तथा अन्य क्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा दण्ड विरुद्धको महासन्धि : १४ मे १९९१।
6. महिला भेदभाव उन्मुलन सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि : अप्रिल १९९१ र CEDAW सम्बन्धी इच्छाधिन आलेख : १८ डिसेम्बर २००१।

## राजनीतिक मामिला

नेपाली राजनीति LGBT सवाल र मानिसहरूप्रति अझ समावेशी बन्दै गएको छ विशेष गरी सुनिलबाबु पन्त एसियाको पहिलो खुल्ला रूपमा घोषित समलिङ्गी राष्ट्रिय सांसद भएपछि। त्यति हुँदाहुँदै पनि अधिक राजनीतिक ध्रुबीकरणको कारणले सन् २००८ देखि नयाँ संविधान आउन सकेको छैन। यसले अस्थिरताको सिर्जना गरेको छ र LGBT मानिसहरूको लागि थप उपलब्धि असम्भवप्राय: देखिन्छ जब अहिलेसम्म प्राप्त गरेका उपलब्धि नै गुम्ने खतरा आएको छ।

राजनीतिक पार्टीहरूलाई निर्वाचनमा भोट तान्न तेस्रोलिङ्गीलाई "भोट बैंक"को रूपमा प्रयोग गरेको आरोप छ। निर्वाचन पछि उनीहरू आफ्ना प्रतिवद्धता पूरा गर्दैनन् र उनीहरूलाई उत्तरदायी बनाउन कुनै संयन्त्र पनि छैन। अन्तरक्रियामा भाग लिएका एक सहभागीले भने "हाम्रा अधिकारका लागि ठूलठूला भाषण गरे पनि यथार्थमा राजनीतिक पार्टीका नेताहरूले LGBT समुदायका सवाल र भावनालाई विरलै बुझ्ने गर्दछन्।"

संवाद कार्यक्रमका सहभागीहरूले प्रत्येक राजनीतिक पार्टीहरूलाई LGBT सम्बन्धी फोकल पर्सन (जिम्मेवार व्यक्ति) नियुक्त गर्न सिफारिस गरे। यी जिम्मेवार व्यक्तिहरूलाई समावेश गर्नुले यौनिक तथा लैङ्गिक अल्पसंख्यकसँग सम्बन्धित सवालहरू समेटिने र सहयोगी नीतिहरू लागू हुने कुराको सुनिश्चित गर्दछ।

यसको अलावा, LBGT समूहहरूले सरकारी अङ्गहरूका नीतिगत तहमा LGBT सवालहरूलाई संलग्न गराउन जनपैरवी र लबी गर्ने र सहयोगी नीतिको कार्यान्वयनको लागि माग र अनुगर्न गर्न अझ सक्रिय हुनुपर्ने कुराको महसुस गरे। लबिङ गर्नको लागि स्पष्ट लक्ष्यहरू पहिचान हुनुपर्छ। नीतिनिर्माताहरू LGBT समुदायका आवश्यकताहरूप्रति सूचित हुने र जवाफदेही हुने कुराको सुनिश्चित गर्नको लागि सञ्चारमाध्यमको प्रयोग गर्नुपर्दछ। केहीले हाल सीमित उच्च प्रोफाइलयुक्त उपलब्धि हासिल गर्न वा नाटकीय दृश्यसहितको मिडिया-

95 http://asia-pacific.undp.org/content/dam/rbap/docs/Research%20%26%20Publications/hiv_aids/rbap-hhd-2013-NHRI-Background-Brief-Nepal.pdf

मैत्री कार्यक्रम आयोजना गर्नमा सामुदायिक संगठनका अधिक शक्ति खर्च भइरहेको महसुस गरे। प्राप्त भइसकेका प्रमुख नीति तथा कानुनी उपलब्धीहरू कार्यान्वयन गर्न र तिनको दिगोपनाको लागि नगन्य रूपमा अनुगमन (फलो अप) भएको छ।

> “हामी पूर्ण रूपमा निश्चित छौं कि संविधान सभामा हाम्रो प्रतिनिधि नभएसम्म LGBT का सवालहरूलाई उठाइने छैन। यस्तो स्थितिमा हामी दलहरूसँग अझै मनोनित हुन बाँकी २६ मध्ये हाम्रो समुदायबाट कम्तिमा १ जनालाई मनोनित गर्न जोडदार माग गर्दछौं।”

- लक्ष्मी घलान, निर्देशक, मितिनी नेपाल[96]

“हाम्रो अधिकारको लागि लड्ने समय आइसकेको छ, होइन भने हामीले कहिल्यै पाउने छैनौं।”

- संवाद कार्यक्रमका सहभागी

२०१३ नोभेम्बरको दोस्रो संविधान सभामा ७० भन्दा धेरै LGBT नेताहरूले उम्मेदवारी दिएका थिए।[97] तर, कोही पनि LGBT का उम्मेदवारहरू पहिलो-हुने-निर्वाचित-हुने प्रतिस्पर्धात्मक निर्वाचन प्रणालीमा विजयी भएनन्। तीमध्ये प्रसिद्ध उम्मेदवारहरूमा राष्ट्रिय प्रजातन्त्र पार्टीको उम्मेदवारको रूपमा, मकवानपुरबाट ३२ वर्षीया लेस्बियन लक्ष्मी घलान उठेकी थिइन् र तेस्रोलिङ्गी पुरुष बद्री पुन म्याग्दी क्षेत्र नं. २ बाट नेकपा(एमाले)को समानुपाकित तर्फ मनोनित हुने प्रयास गरे।

त्यसबाहेक पहिले नै सभासद मनोनित भएका सुनिलबाबु पन्त लगायत कुनै पनि खुल्ला रूपमा घोषित LGBT व्यक्ति समानुपातिक सीटमा मनोनित हुन सकेनन्। त्यसकारण अहिले नेपालको विशाल ६०१-सदस्यीय संसदमा कोही पनि घोषित समलिङ्गी महिला, पुरुष वा तेस्रोलिङ्गी सदस्य छैन। समुदायका धेरै सदस्यले यो प्रतिनिधिको अभावले उनीहरूलाई राष्ट्रको कानुन निर्माण गर्ने सबैभन्दा निकायमा उनीहरूको आवाज बञ्चित हुने कुरामा चिन्ता व्यक्त गरे। वरिष्ठ सरकारी ब्युरोक्र्याट वा राजनीतिक नियुक्तिमा पनि कोही घोषित LGBT व्यक्ति छैन।

सुरक्षा फौज पनि राज्यको अर्को मुख्य अङ्ग हो जसमा LGBT का मानिसहरूलाई सुरक्षित र स्वागतयोग्य बनाउन अझ समावेशी नीतिहरूको आवश्यकता छ। नेपाली सेनाका दुई सिपाहीहरूको मुद्दामा उनीहरूलाई समलिङ्गी सम्बन्ध राखेको अभियोग लगाएर तुरुन्तै पक्राउ गरी, थुनेर सन् २००७ मा अपमानजनक रूपमा सेवाबाट बर्खास्त गरियो किनकि उनीहरूको यौनिकताले सेनाको नकारात्मक प्रचारबाजी हुने भयो।[98] रक्षा मन्त्रालय र नेपाल सेनाले उनीहरूका नीति तथा प्रक्रियाहरूको समीक्षा गरी भविष्यमा यस्ता घटना दोहोरिन नदिन आवश्यक परिवर्तनहरू ल्याउनुपर्छ। नेपाली राज्यको सबैभन्दा पुरानो र सबैभन्दा स्थिर संस्थाको रूपमा सेनालाई उनीहरूको नीति थप LGBT-मैत्री बनाउने विषयमा अभियन्ता र अरूहरूबाट अझ धेरै छानबिन र दवाब पर्न सक्छ।

संवाद कार्यक्रमका एक सहभागीले प्रहरी अधिकृतहरूलाई यौनिक अल्पसंख्यक तथा लैङ्गिक पहिचानको बारेमा संवेदनशील बनाउनको लागि नेपाल प्रहरी र सशस्त्र प्रहरीमा घोषित LGBT व्यक्तिहरूलाई प्रवेश दिलाउनुको महत्व बारे छलफल गरे। त्यसबाहेक नियमित र निकट रूपमा नागरिकको बिचमा रहने प्रहरी अधिकृतहरूलाई LGBT र अन्य अल्पसंख्यकहरूको बारे संवेदनशीलता तालिम प्रदान गर्नुपर्दछ ताकि उनीहरू सचेत हुन सकून् र विविधताको सम्मान गर्न सकून्। यसले LGBT समुदाय, विशेष गरी व्यावसायिक यौनकर्ममा संलग्न लगायत तेस्रोलिङ्गी महिलाहरूमा हुने प्रहरी हिंसालाई न्युनीकरण गर्न सक्छ।

संवाद कार्यक्रमका धेरै सहभागीहरूले ठूलो संख्यामा यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरूले आफ्नो पहिचानलाई स्विकारेर आवाज नउठाएसम्म आवाज उठाउने उल्लेखनीय जत्थाको अभावमा LGBT सवालहरूले चाहिँदो मात्रामा ध्यान आकर्षित गर्न सक्दैनन् भन्ने कुरा व्यक्त गरे। राजनीतिक अधिकार र शक्ति प्राप्त गर्नको लागि “समुदाय एक ढिक्का भएर अगाडि बढ्नुपर्छ र समलिङ्गी महिला, पुरुष, द्विलिङ्गी, तेस्रोलिङ्गी, क्वीयर(समलिङ्गी) र अन्तर्लिङ्गी मानिस बीचको तालमेलको सदुपयोग गर्नुपर्दछ” एक सहभागीले समुदायका

96 Republica, February 2, 2014, "LGBTs warn of protests if excluded from CA": http://www.myrepublica.com/portal/index.php?action=news_details&news_id=69707 (Accessed June, 2014)

97 Blue Diamond Society, "62 LGBT Candidates In Nepal To Run In Upcoming Elections": http://bluediamondsociety.wordpress.com/2013/07/04/62-lgbt-candidates-in-nepal-to-run-in-upcoming-elections/

98 Haviland, Charles "Nepal Army Sacks Lesbians," BBC News, 1 July 2008: http://news.bbc.co.uk/2/hi/south_asia/7483499.stm

सदस्यहरूबीचको आम धारणा व्यक्त गर्दै बताए। तर, समाजमा खुल्नु सहज नभएको र यो हुनु अगाडि अझ बृहत्तर राजनीतिक अभियान र सामाजिक परिवर्तनको आवश्यकता रहेको कुरा पनि महसुस गरिएको थियो।

### *सरकार*

एकातिर दैनिक जीवनका चुनौतीहरू छँदाछँदै पनि राजनीतिक स्तर, विशेष गरी नीति तथा कानुन निर्माणको क्षेत्रमा LGBT अधिकारको लागि उच्चस्तरीय जनपैरवी चलिरहेको छ। नेपाली LGBT अभियन्ता र गैससहरू २०६८ को जनगणना,[99] शैक्षिक पाठ्यक्रमसम्बन्धी नीतिहरू,[100] र राहदानी विनियमन ऐन[101] जस्ता सरकारी पञ्जीकरण तथा कार्यक्रमहरूमा निश्चित लिङ्ग पुष्टि नगर्ने पहिचान "अन्य" समेट्नको लागि जनपैरवी गर्न सफल बने। नेपाल सरकारले पनि सन् २०११ देखि LGBT सवालहरूको लागि न्यून रकम वार्षिक अनुदानको रूपमा उपलब्ध गराउँदै आएको छ।[102] त्यसबाहेक, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र राष्ट्रिय एड्स तथा यौन रोग नियन्त्रण केन्द्र(NCASC) सामान्यतया LGBT अधिकार र स्वास्थ्य सवालमा एकदम सहयोगी सिद्ध बनेका छन्। राष्ट्रिय मानव अधिकार आयोगले एक जना LGBT व्यक्तिको लागि इन्टर्नसिप गर्ने अवसर प्रदान गरेको छ।[103] समुदायमा आधारित LGBT संगठनहरूले केही अवस्थाहरूमा सरकारी अनुदानको सदुपयोग गरी केही शहरहरूमा उभयलिङ्गी शौचालय निर्माण गर्न सफल बनेका छन्।[104]

तर पनि LGBT मानिसहरूले अन्य मान्यताप्राप्त अल्पसंख्यक सरह सरकारी कोटा र विशेष सुविधा पाउँदैनन्। दलित, जनजाति, मधेशी, मुस्लिम र थारु जस्ता बहिस्कृत र सीमान्तकृत समुदायहरू विशेष आवश्यकता भएका र कोटा प्रणाली सहित अल्पसंख्यकको मान्यता पाएका छन् जसले गर्दा अल्पसंख्यकको पनि हित गर्छ र सामाजिक समावेशीकरणको पनि सुनिश्चित गर्दछ। राज्यका अङ्गहरूमा LGBT मानिसहरूको नगन्य प्रतिनित्व छ र कोटा प्रणालीले यौनिक तथा लैङ्गिक अल्पसंख्यकको दृष्टिपन र अधिकारमा सुधार ल्याउन एउटा उपयोगी औजार बन्न सक्थ्यो। "यौनिक अल्पसंख्यकको रूपमा मान्यता प्राप्त गरे पनि हामीले दलित, जनजाति र शारीरिक रूपमा अपाङ्गहरूले जस्तो पूर्ण अधिकारको उपभोग गर्ने अवसर पाएका छैनौँ," संवाद कार्यक्रमका एक सहभागीले भने।

संवाद कार्यक्रमले शिक्षा मन्त्रालय, गृह मन्त्रालय, परराष्ट्र मन्त्रालय, कानुन मन्त्रालय र अन्य राज्य मुख्य मन्त्रालय LGBT फोकल पर्सन नियुक्ति गरेर LGBT अधिकारको प्रबर्धन र LGBT अधिकार संरक्षण गर्ने नीति निर्माणको सुनिश्चित गर्न सक्ने कुरा सिफारिस गर्‍यो। स्वास्थ्य मन्त्रालय, राष्ट्रिय एड्स तथा यौनरोग नियन्त्रण केन्द्र र राष्ट्रिय मानव अधिकार आयोगले LGBT र मानव अधिकारमा विशेषज्ञता हासिल गरेका कर्मचारीहरू नियुक्त गरिसकेका छन् र अन्य मन्त्रालयहरूमा पनि सोही किसिमको अभ्यास लाभदायक हुन सक्छ।

### *बहुपक्षीय संगठनहरू*

LGBT संगठनहरूले काठमाडौँमा संयुक्त राष्ट्र संघ एजेन्सी, विदेशी दुतावास र विकास एजेन्सीहरूसँग LGBT सवालहरूमा अझ समावेशी बन्न लबी गरेका छन्। नेपालको संयुक्त राष्ट्र संघीय प्रणलीका सर्वेक्षणहरूमा यौनिक झुकाव तथा लैङ्गिक पहिचान सम्बन्धी प्रश्नहरू समेट्न शुरु गरेको छ।[105] UNDP नेपालले क्षेत्रीय 'Being LGBT in Asia' पहलकदमीको अङ्गको रूपमा UN LGBT

99 Kyle Knight, The Huffington Post, "Nepal's Third Gender and the Recognition of Gender Identity", April 24, 2014: http://www.huffington-post.com/kyle-knight/nepal-third-gender_b_1447982.html

100 http://ilga.org/ilga/en/article/ozvxE5o1JN

101 http://ilga.org/ilga/en/article/ozdj1Xy1x2

102 This amounted to Nepali Rupees 300,000 per annum, which is approximately $3000.

103 IDLO/UNDP, "Nepal: Assessing the Capacity of National Human Rights Institutions in South Asia to Address Discrimination and Human Rights Relating to HIV, Sexual Orientation and Gender Identity," June 2012: http://regionalcentrebangkok.undp.or.th/practices/hivaids/documents/HIV-2013-NHRI-Background-Brief-Nepal.pdf

104 Kyle Knight, The Kathmandu Post, "Flushing Out Genderism," April 28, 2012: http://www.ekantipur.com/2012/04/28/opinion/flush-ing-out-genderism/353100.html

105 United Nations Resident and Humanitarian Coordinator's Office, "Workforce Diversity in NGOs: Gender Equality and Social Inclusion sta-tus of NGOs in an Eastern Hill district," June 9, 2011: http://un.org.np/sites/default/files/Field%20Bulletin%20-%20Issue%20-%209_Work-force%20 diversity_GESI%20status%20in%20NGOs_June-2011.pdf

मानव अधिकार अधिकृत नियुक्ति गर्दछ।[106] युनिसेफ नेपालको किशोर विकास तथा सहभागिता कार्यक्रम[107] ले FSGMN मार्फत् यौनिक तथा लैङ्गिक अल्पसंख्यक किशोर/किशारी बिच HIV रोकथामका कार्यक्रमहरू सञ्चालन गर्दछ।

विशेष गरी अमेरिकी राजदुतावास LGBT अभियानमा सहयोगी बनेको छ। यसले नर्वेजियन र अष्ट्रेलियन दुतावाससँगको सहकार्यमा क्षेत्रीय LGBT खेलकुद महोत्सव २०१२ को सहप्रायोजन गर्‍यो,[108] सोही कार्यक्रमको लागि राजदूतको निवासमा स्वागत समारोहको आयोजना गर्‍यो, र जुन २०१३ मा राजदूतावास परिसरमा LGBT सवालहरूको विषयमा वरिष्ठ अभियन्ताहरूलाई संलग्न गराई छलफल कार्यक्रमको आयोजना गर्‍यो।[109] यसको अतिरिक्त, अमेरिकी दुतावासले धुम्बाराही, काठमाडौंमा BDS को नयाँ केन्द्रीय कार्यालय, पिङ्क हिमालय सामुदायिक केन्द्रको लागि लगभग १५००० अमेरिकी डलर अनुदान दियो जहाँ उनीहरू सप्टेम्बर २०१३ मा सरे।

***संवाद कार्यक्रमबाट कानुन, नीति तथा राजनीतिक मामिला सम्बन्धी आएका सिफारिसः***

- सरकारले सर्वोच्च अदालतले डिसेम्बर २००७ मा गरेको फैसला र सम्बन्धित निर्देशनलाई कार्यान्वयन गर्न तत्काल कदम चाल्नुपर्छ ताकि LGBT मानिसहरूले पूर्ण संरक्षण र अधिकारको उपभोग गर्न पाउनेछन्।
- सकारात्मक नीतिगत परिवर्तन र सहयोगी नीति कार्यान्वयनको अनुगमनका लागि LGBT समूहहरूको अझ बढि संलग्नताको आवश्यकता छ।
- समलिङ्गी विवाहलाई कानुनी मान्यता दिनुपर्दछ र सबै यौनिक तथा लैङ्गिक पहिचानलाई सहमतिको लागि समान उमेरको प्रावधान राख्नुपर्दछ।
- यौनिकता, यौनिक झुकाव वा HIV-सङ्क्रमितको अवस्थाको आधारमा गरिने भेदभावलाई गैरकानुनी घोषित गरी सजायको लागि कानुन निर्माण गर्नुपर्दछ।
- संविधान सभामा घोषित LGBT सदस्यको प्रतिनिधित्वको व्यवस्था गर्नुपर्दछ।
- सरकारले अल्पसंख्यकहरूलाई दिइरहेको कोटा प्रणालीमा विस्तार गरी दलित, आदिवासी/जनजाति, धार्मिक अल्पसंख्यक र जातीय अल्पसंख्यकको साथसाथै LGBT मानिसहरूलाई पनि संलग्न गराउनुपर्छ।
- LGBT अधिकारका मुद्दाहरूको लागि लबी गर्न र LGBT-मैत्री नीतिहरूको कार्यान्वयनको सुनिश्चितताको लागि प्रमुख मन्त्रालयहरूमा फोकल पर्सनहरू नियुक्ति गर्नुपर्दछ।
- LGBT महिला र पुरुषलाई खुल्ला रूपमा प्रवेश दिने कुरा सुनिश्चित गर्नको लागि नेपाल सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बलका मानव स्रोत तथा कार्यसञ्चालन नीतिमा परिमार्जन गर्नुपर्दछ।
- LGBT मानिस विरुद्ध हिंसा प्रयोग नगरून् र विविधताको सम्मान गरून् भन्ने कुराको सुनिश्चित गर्नको लागि प्रहरी बलमा तालिम प्रदान गर्नुपर्दछ।

---

106 Details on the 'Being LGBT in Asia' initiative can be accessed through the UNDP Asia-Pacific Regional Centre website at http://asia-pacific.undp.org/content/rbap/en/home/operations/projects/overview/being-lgbt-in-asia/

107 More details on the program are available in the UNICEF Nepal Country Program Document 2013-2017, pp. 9-10, at http://www.unicef.org/about/execboard/files/Nepal-2013-2017-final_approved-English-14Sept2012.pdf

108 Roshan Mahato, a DAC member for the Dialogue and head of FSGMN was the coordinator for the regional sports event. He was assisted by Danielle Toole Sanford, a consultant from the US Embassy. Greg Louganis, four time US Olympics gold medalist in swimming was the chief guest for the awards ceremony for the sports festival.

109 This event was moderated by one of the report co-authors, Saurav Jung Thapa (currently Technical Officer – LGBT and Human Rights at UNDP Asia-Pacific Regional Centre), in his capacity at that time as a member of the US Embassy Youth Advisory Council 2013 and as Technical Advisor of Blue Diamond Society. The panelists at that event were Bharat Man Shrestha (another co-author and currently LGBT Human Rights Officer at UNDP Nepal and a member of the US Embassy Advisory Youth Council 2014), Pinky Gurung (DAC Member and Chair of the BDS board), Roshan Mahato (DAC Member, Coordinator of FSGMN, and Secretary of the BDS board), and Basu Guragain (DAC Member, then Project Officer at Gay Group Nepal, and presently Coordinator of FSGMN). It was attended by approximately 50 Nepali young leaders from all walks of life and by US Embassy and USAID staff.

# शिक्षा

नेपालको विद्यालय शिक्षा प्रणाली प्राथमिक, निम्न माध्यमिक, माध्यमिक र उच्च माध्यमिक शिक्षामा विभाजित छ। आधारभूत शिक्षा आठ वर्षको हुन्छ जसमा पाँचवर्षे प्राथमिक चक्र र तीन वर्षे निम्न माध्यमिक चक्र। विद्यार्थीहरू माध्यमिक तहमा थप दुई वर्ष अध्ययन गर्दछन् जसको अन्त्य *एसएलसी* परीक्षाबाट हुन्छ। उच्च माध्यमिक तहमा भर्ना हुनको लागि सो परीक्षा उत्तीर्ण गर्नुपर्ने हुन्छ। उच्च माध्यमिक तहमा विद्यालय प्रणाली अन्तर्गत वा विदेशी विश्वविद्यालयका समान किसिमका प्रमाणीकरण कार्यक्रम मार्फत् थप दुई वर्ष अध्ययन गर्नुपर्छ। तर अधिकांश पाठ्यक्रम नेपालीमा नै उपलब्ध हुन्छन्।

नेपालको शिक्षा बोर्डले देशभरिका सबै स्कूलहरूको रेखदेख गर्दछ र 'स्वास्थ्या तथा शारीरिक शिक्षा' विषय अन्तर्गत कक्षा ६, ७ र ८ को लागि यौन तथा प्रजनन स्वास्थ्यमा यौनिक तथा लैङ्गिक विविधतालाई स्कूलको पठ्यक्रमको अङ्गको रूपमा संलग्न गरेको छ। नयाँ पाठ्यक्रममा यौन स्वास्थ्य र सचेतनासँग सम्बन्धित अन्य शीर्षकका साथसाथै समलिङ्गी आकर्षण र तेस्रोलिङ्गीसम्बन्धी सवालहरूका खण्डहरू समेटिएका छन्।

नेपालका विद्यालय शिक्षा प्रणाली सञ्चालनको लागि अति महत्वपूर्ण मानिने नीतिगत दस्तावेज, विद्यालय क्षेत्र सुधार योजना (SSRP) ले LGBT व्यक्ति वा SOGI सवालको बारेमा केही बोलेको छैन, यद्यपि यसका प्रमुख उद्देश्यहरूमा नेपालमा अस्तित्वमा रहेका सबै खाले अल्पसंख्यक समूहहरूको लागि गुणस्तरीय र व्यवस्थित शिक्षामा सुधार र सुनिश्चित गर्नु पनि एक रहेको छ। दलित, धार्मिक अल्पसंख्यक र जातीय अल्पसंख्यक लगायत अरू अल्पसंख्यक समूहहरूलाई स्पष्ट रूपमा उल्लेख गरिएको छ तर LGBT मानिसको उल्लेख गरिएको छैन।

LGBT संवाद कार्यक्रमका सहभागीहरूले व्यक्त गरेका मुख्य चुनौतीहरू शारीरिक नोक्सानी, पहुँच र सुविधासँग सम्बन्धित थिए, अझ विशेष गरी: होमोफोबिक र ट्रान्स्फोबिक उत्पीडनको कारणले शारीरीक क्षतिको खतरा, आफ्नै समुदायभित्र, स्कूलभित्र वा परिवारका सदस्यहरूबाट हुने उत्पीडनको फलस्वरूप नाजुक मानसिक स्वास्थ्य, शिक्षामा सीमित पहुँच, शिक्षकहरूको पूर्वाग्रही प्रवृत्ति, विद्यार्थीहरूको लागि LGBT-मैत्री पाठ्यक्रमको अभाव र शैक्षिक क्षेत्रमा तेस्रोलिङ्गी मानिसहरूको लागि शौचालयको कमि।

"तीन वर्षीय अन्तरिम योजना" मा नेपाल सरकारले निम्न प्रतिबद्धता व्यक्त गरेको छ:

> "सबै क्षेत्रमा हुने मानव अधिकार उल्लंघनलाई नियन्त्रण गरेर सुविकसित मानव अधिकारको संस्कृति संस्थागत गर्ने।"[110]

यौनिकता र लैङ्गिक विषयलाई स्कूलको पाठ्यक्रममा संलग्न गरेर सरकारले LGBT सवालहरूको बारेमा सचेतना जगाउने र नेपालका स्कूलहरूमा व्याप्त होमोफोबिया (समलैङ्गिकताप्रति घृणा भाव) को नियन्त्रण गर्ने कार्यमा पहिलो कदम चालेको छ। विश्व बैंकको सहयोगमा BDS ले यो विषयमा संवेदनशीलताको विकास गर्न गत वर्षभरि तालिम प्याकेजहरूको विकास गरी तालिमहरू सञ्चालन गर्‍यो र ६०० भन्दा बढि शिक्षकहरूको लागि टूलकिटहरू तयार पार्‍यो। केही शिक्षकहरूले अरू शिक्षक र विद्यालयहरूमा होमोफोबियाको बारेमा शिक्षा दिलाउन आफ्नै समूह गठन गरेका छन्। टूलकिटले यौनिकता र लैङ्गिक सवालका बारेमा आधारभूत जानकारी उपलब्ध

110 Blue Diamond Society (BDS), Heartland Alliance for Human Needs & Human Rights -Global Initiative for Sexuality and Human Rights, "The Violations of the Rights of Lesbian, Gay, Bisexual, Transgender, and Intersex Persons in Nepal", (Geneva, June, 2013): http://tbinternet.ohchr.org/Treaties/CCPR/Shared%20Documents/NPL/INT_CCPR_NGO_NPL_14738_E.pdf

गराउनुका साथै स्कूलहरूलाई उत्पीडन र दुर्व्यवहारजस्ता LGBT विद्यार्थीले भोग्नुपरेका समस्याहरू पहिचान गर्न र व्यावहारिक समाधानहरू सुझाउन सहयोग पुर्‍याउँछ।

तर, नेपाली शैक्षिक संस्थाहरू विविध SOGI भएका विद्यार्थीहरूका लागि सुरक्षित र स्वीकार गर्न सक्ने स्थानको रूपमा परिणत गर्नको लागि शैक्षिक क्षेत्रले अझै महत्वपूर्ण सुधारहरू लागू गर्नुपर्ने छ। BDS को प्रयासलाई सम्मान गरेर सोही क्षेत्रमा कार्यरत अरू संगठनहरूले यसलाई बृहत्तर राष्ट्रिय स्तरमा अनुकरण गर्न प्रयोग गर्नुपर्दछ।

शैक्षिक कर्मचारी, शिक्षक र विद्यार्थीहरूमा रहेको होमोफोबिक मनोवृत्ति मुख्यतया लैङ्गिक पहिचान र यौनिकताको बुझाइको अभावले गर्दा विकास भएका हुन्छन्। यसले LGBT विद्यार्थीप्रति शत्रुतालाई बढावा दिन्छ र यसको अर्थ यदि उनीहरूको पहिचान शिक्षक र सहपाठी विद्यार्थीहरूमा खुल्ने हो भने उनीहरू आइसोलेसन (अलग्याउने), दुर्व्यवहार र विभेद जस्ता कुराहरूको शिकार बन्न सक्छन्। [111]

> "विशेष गरी कुनै पनि विक्षार्थीको यौनिकता सामान्यभन्दा पृथक भयो, वा जसको लैङ्गिक पहिचान वा व्यवहार स्थापित जैविक लिङ्गभन्दा फरक छ भने उनीहरू प्राय: स्कूल र कक्षाकोठामा पूर्वाग्रहको शिकार बन्न सक्छन्।"
>
> –संवाद कार्यक्रमका सहभागी

युनेस्को प्रतिवेदन[112] अनुसार विभिन्न देशमा गरिएको अध्ययनले के देखाउँछ भने युवा उमेरमा मानिसहरूले घर वा समुदायमा भन्दा स्कूलमा बढि होमोफोबिक उत्पीडनको शिकार बन्नुपर्ने हुन सक्छ। यो यथार्थबाट नेपाल पनि पर हट्न सकेको छैन। संवाद कार्यक्रमका सहभागीहरूले होमोफोबिक टिप्पणी र शारीरिक दुर्व्यवहार सामान्य भएको र शिक्षक, कर्मचारी र विद्यार्थीले नै त्यसमा संलग्न हुने गरेको बताए।

अगाडि चर्चा गरेजस्तै नेपालमा मानिसहरूलाई उनीहरूको यौनिक झुकाव तथा लैङ्गिक पहिचानको आधारमा हुने हिंसा, दुर्व्यवहार, विभेदबाट सुरक्षित राख्न विभेदरहित कानुन वा घृणाजन्य अपराधको लागि ऐनको अभाव छ। त्यसकारण शिक्षक र शैक्षिक कर्मचारीबाट हुने पूर्वाग्रह र विभेदको कुनै सजाय हुँदैन र उही किसिमको व्यवहार बारम्बार दोहोरिरहन्छ। स्कूलका कर्मचारी र प्रशासकले भिन्न SOGI भएकाहरूसँग सम्बन्धित सवालहरूलाई बुझ्नको लागि प्राय: तालिमप्राप्त भएका हुँदैनन्, र फलस्वरूप, उनीहरूले सबै विद्यार्थीको लागि विद्यालयमा अध्ययन गर्ने स्वस्थ र सुरक्षित वातावरण कायम राख्न सक्दैनन्।[113]

होमोफोबिक उत्पीडन, विशेष गरी धमकी, सार्वजनिक बेइज्जती र सरसामानको चोरीसँग अनुपस्थितिको गहिरो सम्बन्ध छ। केही मामिलाहरूमा विद्यार्थीहरू किताब, अन्य सामग्री वा गृहकार्य हराएको कुरालाई लुकाउन कक्षामा अनुपस्थित हुने वा बिरामी भएको बहाना गर्ने गर्दछन्।[114] उत्पीडनको कारणले पीडितहरूको शैक्षिक प्रगति र विद्यालय उपस्थितिमा नकारात्मक असर पर्दछ। यसले धेरै जसो उदासीनता र अन्य मानसिक स्वास्थ्य सम्बन्धी समस्या निम्त्याउँछ, जस्तो आत्म-क्षति, आत्मसम्मानको कमि, लागू पदार्थ दुरुपयोग र आत्महत्याजन्य प्रवृत्ति। त्यति हुँदाहुँदै पनि, SOGI को आधारमा हुने उत्पीडनको बारेमा प्राय मूलधारका सञ्चारमाध्यममा समाचार आउँदैनन् र विद्यालय निकायले पनि यसलाई सरोकार नराखेको भान हुन्छ।[115]

तेस्रोलिङ्गी विद्यार्थीले विद्यालय पोषाक र शौचालयको अभावको सम्बन्धमा विशेष चुनौतीहरूको सामना गरेका हुन्छन् किनकि अरू विद्यार्थीहरू उनीहरूसँग शौचालय जान असजिलो महसुस गर्दछन्। उनीहरूले लगाएको पोषाकको लिङ्ग उनीहरूको लैङ्गिक पहिचान अनुरूप भएन, भन्नाले उनीहरूको जन्मजात लिङ्ग अनुसार भएन भने तेस्रोलिङ्गी विद्यार्थीहरूलाई कक्षाकोठा वा परीक्षा हलमा प्रवेश गर्न

111 Rabin Pathak et al., (2010) Gender Identity: Challenges to Accessing Social and Health Care Services for Lesbians in Nepal. Global Journal of Health Science, 2(2), pp. 207–214

112 UNESCO (2012). Good Policy and practice in HIV and health education: Education sector responses to homophobic bullying. http://unesdoc.unesco.org/images/0021/002164/216493e.pdf

113 Blue Diamond Society (BDS) and Heartland Alliance for Human Need & Human Rights- Global Initiative for Sexuality and Human Rights (2013)

114 UNESCO (2012)

115 Ibid.

नै निषेध गरिन सक्छ। केही तेस्रोलिङ्गी युवाहरूले यसै कारणले उच्च शिक्षामा प्रवेश गर्न आवश्यक राष्ट्रिय स्तरको परीक्षा दिन नपाएको कुरा व्यक्त गरे। अरूले आफूलाई चालबाजीको आरोप लगाइएको कुरा सुनाए। यस्तो हुन नदिन केहीले स्कूल नै छोड्छन्।[116]

LGBT मानिसहरूले सामना गर्नुपर्ने धेरै चुनौतीहरूको बावजुद पनि शैक्षिक क्षेत्रमा SOGI सवालहरूको सम्बन्धमा प्रमुख उपलब्धीहरू हासिल भएका छन्। राष्ट्रिय ध्वजावाहक शैक्षिक संस्था, त्रिभुवन विश्वविद्यालयले आफ्नो लैङ्गिक तथा नारीवादी अध्ययन कार्यक्रम अन्तर्गत स्नातकोत्तर तहको पाठ्यक्रममा LGBT सवाल संलग्न गरेको छ। समाजशास्त्र र मानवशास्त्रका विद्यार्थीहरूलाई सन् २०११ देखि अन्तिम परीक्षामा यौनिक तथा लैङ्गिक अल्पसंख्यकका सवालहरूको बारेमा प्रश्नहरू सोधिँदै आएको छ। LGBT मानिसहरूले सामना गर्नुपरेका ऐतिहासिक तथा समसामयिक चुनौतीहरूका साथसाथै समाजमा उनीहरूका अधिकार, विविधता, पहिचान, र प्रतिनिधित्व जस्ता विषयहरूमा लैङ्गिकता र यौनिकताको बारेमा विद्यार्थीहरूलाई अझ समावेशी र विस्तृत बुझाइ उपलब्ध गराउन पाठ्यक्रममा LGBT सवालहरू संलग्न गराउन त्रि वि संकायका सदस्य र LGBT संगठनहरूले संयुक्त रूपमा काम गरेका थिए। त्रि वि का समाजशास्त्र र मानवशास्त्र विभाग प्रमुख डा ओम गुरुङ आफैँले LGBT सवालहरूलाई पाठ्यक्रममा समेटिसकेपछि लैङ्गिक तथा नारीवादी अध्ययन विषयप्रति धेरैले रुचि देखाएका छन्। काठमाडौँको केन्द्रमा अग्रस्थानमा रहेको महिला कलेज, पद्मकन्या क्याम्पसले पनि सन् २०११ देखि यसका पाठ्यक्रमहरूमा LGBT सवालहरूलाई समेटेको छ।

CASE STUDY #1

## मामिला अध्ययन[117]

"गर्मी यामको एक चिपचिपे बिहानीमा सामाजिक कार्यको डिग्री तहमा अध्ययनरत लगभग ५० जना विद्यार्थीहरू काठमाडौं मोडेल कलेजको एउटा कक्षाकोठामा बसेका छन्। यो कुनै नियमित लेक्चर होइन, यौनिकताको बारेमा अभीमूखीकरण र अन्तर्क्रिया कक्षा हो। कालो टप र स्कर्ट पहिरिएर समयसमयमा कुमसम्म आउने उनको कपाल कानपछाडि मिलाउँदै भूमिका श्रेष्ठले आफ्नो यौनिकताको बारेमा बताउँछिन्। एक तेस्रोलिङ्गी महिलाको रूपमा श्रेष्ठले लिङ्ग, यौनिकता र यौनिक झुकावको बारेमा व्याख्या गर्दै र प्रश्नहरू पनि राख्छिन्। केही विद्यार्थीहरू सबै LGBT मानिस क्रस-ड्रेसर वा तेस्रोलिङ्गी हुन्छन् भनेर सोच्छन्, र अरूहरूले कोही पनि समलिङ्गी पुरुष वा महिला नभेटेको कुरा राख्छन्। सामान्यतया अधिकांश नेपालीहरूको समान धारणा पाइन्छ। यौनिक तथा लैङ्गिक अल्पसंख्यक विद्यार्थी मञ्च नेपालका संस्थापक रोशन महतोले आफूलाई विश्वविद्यालयमा समाजशास्त्रको स्नातकोत्तर कक्षा लिने क्रममा लैङ्गिक सवालहरू छलफल गर्दा उनी समलिङ्गी भएको थाहा पाएपछि विभेद गरिएको बताउँछन्। होशियारपूर्वक सोचविचार गरिसकेपछि उनले यस विषयमा सचेतना ल्याउन सन् २००९ मा मञ्चको स्थापना गरे। २७ वर्षीय उनले भन्छन् "मैले विचार गरेँ, हाम्रो सचेतना कार्यक्रमबाट हामीले यस विषयमा उनीहरूलाई पाठ्यक्रमको माध्यमबाट नै सिक्न लगाउनुपर्छ। ताकि हामीले प्रत्येक पटक LGBT भनेको के हो भनेर बुझाउन नपरोस्।"

### *शिक्षासम्बन्धि गरिएको बहसबाट प्राप्त सिफारिसहरू:*

◊ शिक्षा मन्त्रालयले निजी तथा सार्वजनिक दुबैथरी विद्यालयहरूका प्राथमिक, माध्यमिक, तथा उच्च माध्यमिक तहमा LGBT सम्बन्धि सामग्रीहरू समावेश गरिएको पाठ्यक्रम उत्तरदायी भएर लागू गर्नुपर्दछ।

◊ दुर्गम क्षेत्रहरूका धेरै नेपालीहरू औपचारिक शिक्षाको पहुँचबाट बञ्चित हुनु परिरहेको हुनाले LGBT सम्बन्धि जानकारी दिने र शिक्षित बनाउने संयन्त्रको विकास गरिनु पर्दछ।

◊ शैक्षिक कर्मचारी, शिक्षक, र विद्यार्थीहरूलाई SOGI बारे सचेतना र मानव अधिकार सम्बन्धी तालिम प्रदान गर्नुपर्दछ र तिरस्कार र विभेदकारी व्यवहार (विद्यलयमा गरिने होमोफोबिक उत्पीडन समेत) लाई सम्बोधन गर्ने प्रणालीको विकास गर्ने तथा दोषीलाई सजाय दिने व्यवस्था गर्नुपर्दछ।

116 Blue Diamond Society (BDS) and Heartland Alliance for Human Need & Human Rights- Global Initiative for Sexuality and Human Rights (2013)

117 Bibek Rajbhandari, "Nepal's LGBTI-Rights Movement: Personal Perspectives (AUDIO, PHOTOS)" The Huffington Post July 25, 2012: http://www.huffingtonpost.com/bibek-bhandari/nepal-lgbti-rights-movement_b_1694277.html

- ◊ नेपाल सरकारले "अन्य" वर्गको लैङ्गिक विकल्प रोजेर आवेदन दिने LGBT विद्यार्थीहरूलाई नयाँ नागरिकताको प्रमाणपत्र प्रदान गर्नुपर्दछ।
- ◊ विद्यालय तथा अन्य शैक्षिक संस्थाहरूमा यौनिक झुकाव तथा लैङ्गिक पहिचान बारे छलफल संलग्न गरी शिक्षक-तालिमको व्यवस्था गर्नुपर्दछ। शिक्षक-तालिमले यी सवालहरूमा पारेको प्रभावहरूबारे अनुगमन तथा मूल्याङ्कन गर्नुपर्दछ।
- ◊ दलित, महिला, तथा अन्य सुविधावञ्चित अल्पसंख्यकहरूको लागि छुट्याइए जस्तै, यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक विद्यार्थीको निम्ति छात्रवृत्ति कोटा (Quotas) छुट्याउनु पर्दछ।
- ◊ प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद (CTEVT) एवं शिक्षक सेवा आयोग (TSC) ले LGBT शिक्षक र पेशाकर्मीको निम्ति कोटा छुट्याउनु पर्दछ।
- ◊ LGBT सम्बन्धी सामाजिक एवं प्राज्ञिक क्रियाकलापहरूलाई प्रोत्साहित गर्न विशेष गरी विश्व-विद्यालयहरूमा LGBT स्रोतकेन्द्र तथा पुस्तकालयहरू स्थापना गरिनु पर्दछ र विद्यालय व्यवस्थापन समितिहरूमा कम्तिमा एक जना LGBT प्रतिनिधी हुनैपर्दछ।
- ◊ LGBT विद्यार्थीहरूलाई मानसिक स्वास्थ्य सम्बन्धी सहायता दिन मनोवैज्ञानिकहरूको नियुक्ति गर्नुपर्दछ र कक्षाकोठाहरू को सीटको व्यवस्थापन लिङ्गको आधारमा हुन नदिने कुराको सुनिश्चितता गर्नुपर्दछ। स्कूल पोषाक लाउनै पर्ने कडा नीति खारेज गरी अझ उदार नीति अवलम्बन गर्नुपर्दछ ताकि तेस्रोलिङ्गी विद्यार्थीहरूलाई कि त दुईमध्ये एक लिङ्ग अनुसार चिनिनुपर्ने या त स्कूल छोड्नुपर्ने दवाव नपरोस्। तेस्रोलिङ्गी विद्यार्थीहरूको लागि छुट्टै शौचालय निर्माण गर्नुपर्दछ।
- ◊ विद्यलयहरूमा दिइने प्रजनन स्वास्थ्य तथा यौन शिक्षामा SOGI सवाल र समलिङ्गी पुरुष, तेस्रोलिङगी महिला, र अन्य MSM ले सामना गर्ने HIV तथा अन्य STI हरूको उच्च जोखिमको बारेमा छलफल लगायतका नन-हेटेरोसक्सुअल यौनिकतालाई पनि समेट्नु पर्दछ।
- ◊ नेपालको एक सबैभन्दा ठूलो विकास साझेदार भएको नाताले विश्व बैंकले यसका विभिन्न परियोजनाहरूमा गरिने प्रशिक्षण कार्यक्रमका पाठ्यसामग्रीमा SOGI सवालहरूलाई पनि एक अंशको रूपमा संलग्न गराइनुपर्दछ।

## रोजगारी

LGBT मानिसहरूका रोजगारीका आवश्यकता र सेवा र सर्तहरूलाई राम्ररी अभिलेख गरिएको छैन र अनुसन्धान गरिएको छैन। नेपालमा LGBT व्यक्तिहरूले रोजगारीमा एक व्यक्तिको रूपमा र विभेद र दुर्व्यवहार खेप्नुपर्ने समुदायको सदस्य भएको नाताले पनि चुनौतीको सामना गरिरहेका हुन्छन्, जसमा उनीहरूको प्राय: कनिष्ठ सामाजिक हैसियत र स्थानले पनि योगदान गरेको हुन्छ। कार्यस्थलमा कथित LGBT पहिचान र HIV अवस्थाको आधारमा विभेद सामान्य छ र यसको अभ्यास नियुक्ति र रोजगारीको समयमा हुने गर्दछ। संवाद कार्यक्रमका सहभागीले LGBT कर्मचारीको यौन दुर्व्यवहारको बारेमा विस्तृत रूपमा सुनाए, यद्यपि प्रहरी रिपोर्ट वा अन्य औपचारिक बयानको रूपमा अभिलेख गरिएका घटना नगन्य छन्। पीडितहरू सार्वजनिक रूपमा आवाज उठाउन हिच्किचाउँछन् र नयाँ जागीर नपाइने वा कलंकित हुने डरले आफ्ना कुरा लुकाउने गर्दछन्।

अधिकांश विभेदका घटना रोजगारदाताको व्यक्तिगत पूर्वाग्रह, यौनिक विविधताको बारेमा सचेतनाको अभाव र कमजोर कानुनको कारणले हुने गर्छन्। उदाहरणको लागि ठमेलको एक होटेल मालिकले तेस्रोलिङ्गी मानिसहरूलाई काम गर्न राख्यो भने व्यापार कम हुने वा अतिथिहरू पनि छोडेर जाने सोचेर LGBT कर्मचारी राख्न हिच्किचाइरहेका थिए। LGBT मानिसलाई काममा लगायो भने होटेलको शान्ति खल्बलिने र LGBT मानिसलाई काममा लगाउनुपर्ने र उनीहरूलाई विभेदबाट जोगाउन म बाध्य हुनुपर्ने कुनै कानुन नभएको कुरा बताए।[118] संवाद कार्यक्रमका धेरै सहभागीले यस प्रकारका विभेद र पूर्वाग्रह न्युनीकरण गर्न नेपाली रोजगारदाताहरूले विश्वव्यापी प्रगतिशील व्यावसायिक अभ्यास अवलम्बन गर्नेछन् भन्ने अपेक्षा राखे।

118 Interview with hotel staff in Thamel, Kathmandu in June 2014.

विस्तृत अर्थमा समाज र शैक्षिक प्रणालीमा व्याप्त होमोफोबिया र ट्रान्सफोबिया नै कार्यस्थलमा पनि प्रतिबिम्बित हुन्छ; होमोफोबिया र ट्रास्फोबियाले गर्ने क्षतिले LGBT कर्मचारीहरूलाई उनीहरूको आत्मसम्मान र मानसिक स्वास्थ्यमा असर पार्न सक्छ जसले उनीहरूको कामको गुणस्तरमा असर पार्न सक्छ।

धेरै LGBT मानिसहरू र विशेष गरी तेस्रोलिङ्गी महिलाहरूलाई उनीहरूको अपेक्षा र योग्ता अनुसारको रोजगारी पाउन कठीन हुन्छ। जबकि उनीहरूको यौनिक झुकाव बाहिरी रूपमा देखिएन भने उनीहरूले आफ्नो यौनिकतालाई गोप्य राखेसम्म समलिङ्गी पुरुष र महिला भने "सुरक्षित" नै छन्। यसले उनीहरूको यौनिकतालाई लुकाउनुपर्ने बाध्यताको कारणले विभिन्न मानासिक समस्याहरू उत्पन्न गराउन सक्छ। रोजगारदाताले उनीहरूको कुनै पारिवारिक दायित्व नभएको विश्वासमा उनीहरूको कार्यभार बढाइदिन सक्छन्।[119]

तेस्रोलिङ्गी मानिसहरूले नागरिकता प्रमाणपत्र प्राप्त गर्ने समयमा सामना गर्नुपर्ने कठिनाइले उनीहरूको रोजगारीको अवसरमा प्रभाव पार्दछ किनकि नेपालका अधिकांश कार्यस्थलमा कर्मचारी नियुक्ति गर्न नागरिकताको प्रमाणपत्रको आवश्यकता पर्दछ। संवाद कार्यक्रममा सहभागी एक जना सहभागीले भने, "धेरैजसो रोजगारदाताले नोकरीमा राख्ने बेलामा नागरिकता माग्ने गर्दछन्, तर यदि तपाईँसँग नभएर पेश गर्न सक्नुभएन भने तपाईँत्यो नोकरीको लागि अयोग्य हुन सक्ने एकदम धेरै सम्भावना छ।" उनीहरूको तेस्रोलिङ्गी पहिचान र आवरणको कारणले उनीहरूको विश्वसनीयता र योग्यतालाई प्राय: बेवास्ता गर्ने गरिन्छ। तेस्रोलिङ्गी महिलालाई उनीहरूको स्वरूप र हाउभाउले गर्दा यौनकर्मी भएको अनुमान गरिने गरिन्छ।

CASE STUDY #2

## एक तेस्रोलिङ्गी पुरुष कामदारमाथि दुर्व्यवहार[120]

रवि बस्नेत (नाम परिवर्तन गरिएको), एउटा कलेजमा नोकरी गरिरहेको महिलाबाट-पुरुष बनेको एक तेस्रोलिङ्गी व्यक्तिले गरेको लिङ्ग परिवर्तनको निर्णय सुनेर उनी माथिका हाकिमले आँखीभौं खुम्च्याएर प्रतिक्रिया जनाएका थिए। उनले सचेतनामूलक तालिम दिने र सहकर्मीहरूले सवालजवाफ गर्न पाउने खुल्ला मञ्च उपलब्ध गराइदिन माग गरेका थिए तर उनका हाकिमले त्यसलाई नकारिदिए। उनका केहि सहकर्मीहरू उनबाट टाढिन पुगे, साथै उनका केही पुरुष सहकर्मीहरू उनले पुरुष शौचालयको प्रयोग गरेकोमा अप्ठेरो महसुस गरेको भाव व्यक्त गरे। मानव संसाधन विभाग अन्तत: उनको लैङ्गिक पहिचानसँग मिल्दो शौचालयको प्रयोग गर्न पाउने अधिकारको पक्षमा उभियो। यद्यपि, व्यवस्थापन पक्षबाट यस विषयमा स्पष्टो संचार-संप्रेषणको अभावको कारण, रवि र उनका सहकर्मी दुवैका निम्ति यो मामिला अप्ठेरोको स्रोत बनिनै रह्यो।

तेस्रोलिङ्गीको रूपमा खुल्नुभन्दा अगाडि रवि बस्नेतले आफ्नो कामको विषयमा कहिल्यै उजुरी सुन्नुपरेको थिएन र कमजोर प्रदर्शनको कुनै संकेत पनि थिएन। उक्तभ कलेजमा कार्यसम्पादनको आधारमा कोही कर्मचारी विरुद्ध पनि उजुरी गर्ने नीति नभए तापनि उनले पछि थाहा पाए कि उनका सहकर्मीहरूले नै उनलाई अयोग्य र बेकारको भन्ने लेबल लगाएछन्। बस्नेतले भने उनले नयाँ नोकरीको खोजी गरिरहेका थिए।

सबै LGBT मानिसले कार्यस्थलमा उत्तिकै चुनौतीको सामना गरिरहेका हुँदैनन्। आफ्नो अनुसंधानमा[121] शेरा तामाङले यौनिक अल्प-सङ्ख्यकहरूलाई तिनीहरूको आर्थिक-सामाजिक पृष्ठ भूमिको आधारमा मुख्य दुई समूहहरूमा विभाजन गरेकी छन्। उच्च आर्थिक-सामाजिक पृष्ठअभूमिबाट आएकाहरू राम्रो शिक्षा प्राप्त गर्न र मूलधारको रोजगार बजारमा आवद्ध हुन पाउँछन् र तिनले आफ्नो लैङ्गिकता आफूमा मात्र वा अत्यन्तै सानो सामजिक घेराभित्र सीमित राख्न सक्छन्। यिनीहरूले आफूलाई पुरुष वा महिला समलिङ्गीको रुपमा आफ्नो पहिचान दिन्छन् एवं कार्यस्थलमा सम्भावित होमोफोबियाका कारण आफ्नो लैङ्गिकताबारे खुलाउनुपर्ने कुनै आवश्यकता ठान्दैनन्। अर्कोतर्फ, धेरै घोषित LGBT मानिसहरू न्यून आर्थिक-सामाजिक पृष्ठमभूमिमा पर्दछन्, जसले आफूलाई तेस्रोलिङ्गीको रुपमा

119 Discussions on employment among Dialogue participants.

120 Interview, Kathmandu, May 2014.

121 Tamang, S. (2003) "Patriarchy and the Production of Homo-Erotic Behaviour in Nepal" Studies in Nepal History and Society 8(2): pp. 225-258, December 2003: http://martinchautari.org.np/files/2_%20Seira%20Tamang.pdf

चिनाउन रुचाउँछन्। उनीहरूसँग व्यावसायिक रोजगारीमा लाग्नको लागि सीप, शिक्षा, वा अवसरहरू नहुन सक्छन्। रोजगारीको अभाव वा अर्धरोजगारीको कारण नेपालका धेरै LGBT मानिसहरू गरीबीको रेखामुनि बाँचिरहेका छन्।

सरकारी सेवा, शैक्षिक संस्था, स्वास्थ्य सेवा तथा निजी क्षेत्रजस्ता रोजगारीका वातावरणहरू घोषित LGBT मानिसहरूलाई स्वागत गर्ने वा सहिष्णु छैनन्। डिजाइन, फेशन, कला, प्रस्तुति, र मनोरञ्जन जस्ता केही क्षेत्रहरू भने प्राय: तुलनातमक रूपमा स्वागत गर्ने किसिमका रहेका छन्। सन् २०१३ मा ओस्कारको लागि नेपालको औपचारिक छनोटमा परेको लेस्बियन प्रणयगाथायुक्त चलचित्र सूनगाभा निर्माणमा संलग्न काठमाण्डौंकी एक महिला समलिङ्गी अभियन्ता र चलचित्र निर्देशकले 'बि-चेन्ज फाउन्डेसन' र 'Being LGBT in Asia' को निम्ति बनाइएको भिडियोमा LGBT अधिकारको पक्षमा ऐक्यबद्धता जनाउन थुप्रै चर्चित सुन्दरी र सेलेब्रिटीहरू खुलेर आएका थिए।[122]

विभिन्न सीमान्तकृत समूहहरूका लागि व्यावसायिक तालिम केन्द्रहरूको स्थापना गर्न तथा जीवनोपयोगी सीपमूलक तालिम कार्यक्रम सञ्चालन गर्न केही हदसम्म संलग्न भएको कुरा नागरिक समाज संगठनहरूले बताएका छन्। तर LGBT व्यक्तिहरू, विशेषगरी तेस्रोलिङ्गी, बढि दृष्टिमा पर्दछन् र फलस्वरूप भेदभाव एवं शोषणको थप जोखिममा हुन्छन्, उनीहरूका निम्ति मूलधारका रोजगारहरू खोज्न नगन्य मात्रामा प्रयास गरिएको छ।

***रोजगारीसम्बन्धी भएका बहसहरूबाट प्राप्त सिफारिसहरू:***

◊ जनशक्तिमा सहभागिता र उत्पादकत्व वृद्धि गर्नको निम्ति श्रम मन्त्रालय तथा रोजगारदाताहरूले LGBT हरूलाई मनोसामाजिक सहायता प्रदान गर्नु पर्दछ। सरकारले SOGI को आधारमा हुने रोजगारसम्बद्ध विभेदबाट पीडित हुनेहरूलाई कानूनी सहायता प्रदान गर्नुपर्दछ।

◊ व्यवसायिक संस्थाहरूबाट कार्यस्थलहरूमा तलबसुविधा, बीमा, र समाज कल्याण जस्ता विषयहरूमा सबैलाई समान व्यवहार गरिने कुराको सुनिश्चितिता प्रदान गर्नु पर्दछ। कार्यस्थलबाट प्राप्त हुने सुविधाहरूमा समलिङ्गी जोडीहरू र तिनका छोराछोरीहरूको निम्ति पनि विपरीतलिङ्गी सरह पाउने व्यवस्था गर्नुपर्दछ। LGBT लाई कार्यस्थलमा भेदभाव गर्ने त्यस्ता श्रम ऐनका उल्लङ्घनकर्ताहरूलाई दण्डित गर्नुपर्दछ।

◊ LGBT-मैत्री नीति भएका व्यावसायिक संस्थाहरूलाई प्रबर्धन एवं पुरस्कृत गरिनु पर्दछ।

◊ LGBT समुदायका अभियन्ताहरूले भेदभाव, पक्षपात, तथा त्रासबाट मुक्त भई काम गर्न पाउने अधिकारलाई सुनिश्चित गर्ने नीति निर्माणको निम्ति श्रम विभागसँग लबी गर्नुपर्दछ; LGBT उद्यमी र व्यवसायीहरूलाई संगठित गर्ने, सहयोग प्रदान गर्ने, र प्रोत्साहित गर्ने गर्नुपर्दछ; र LGBT सवालहरूलाई केन्द्रीय स्तरसम्म मूलप्रवाहीकरण गर्न चालु सरकारी परियोजनाहरूसँग सहकार्य गर्नुपर्दछ।

## समाज र पारिवारिक मामिला

नेपाल अझै पनि एक रुढिवादी र श्रेणीबद्ध जात प्रथाबाट पीडित छ र भखरै समाप्त भएको सशस्त्र विद्रोहबाट माथि उठ्दैछ। यो सन्दर्भमा नेपालका LGBT मानिसहरूमा परिवार र समाजको सबैभन्दा महत्वपूर्ण असर पर्दछ। लिखित रूपमा औपचारिक मान्यता र केही राजनीतिक प्रगति भए पनि पारिवारिक दवाब र सामाजिक अपेक्षाले गर्दा अधिकांश LGBT मानिसहरूलाई नखुलेर आफ्नो पहिचान लुकाउन बाध्य बनाउँछ। यो किन हुन्छ र यसले LGBT मानिस र उनीहरूले विवाह गर्न सक्ने विपरीतलिङ्गी पार्टनर दुबैमा यसले कति

122 Nilu Doma Sherpa, Stories of Being Me, available at http://www.being-me.net/stories-of-being-me/film-makers/nilu-doma-sherpa/

हानि पुर्याउँछ भन्ने कुराको अत्यन्त कम बहस भएको छ। परिवार, साथीसङ्गी र समाजमा LGBT व्यक्तिको रूपमा खुल्नु असामान्य हुन्छ।

नेपाली जनमानसको निम्ति पारिवारिक जीवन केन्द्र हुन्छ। धेरै मानिसको लागि, विशेषगरी दुर्गम क्षेत्रहरूमा, सामाजिक जीवन परिवार वरिपरि घुम्ने गर्दछ। यो पक्ष महत्वपुर्ण छ किनकि करिब पाँच भागको चार भाग नेपालीहरू दुर्गम क्षेत्रमा बसोबास गर्ने गर्दछन्। परिवारको निर्माण लगभग कुनै अपवाद बिना विपरीतलिङ्गी दम्पत्तिहरूको विवाहबाट हुने गर्दछ र पारिवारिक जीवन गम्भीर रूपमा प्राचीन हिन्दू सिद्धान्त र परम्पराबाट प्रभावित छ। "विवाहलाई अपरिहार्य र संस्कारिक, दुई व्यक्ति बीचको एक बन्धनमात्र नभएर परिवारहरू बीचको मिलनको रूपमा हेरिन्छ। यो पितृसत्तात्मक पारिवारिक लाइनको निरन्तरताको प्रतिज्ञा हो र यसको गम्भीर धार्मिक, सामाजिक र संस्थागत महत्व छ।"[123] तसर्थ, विवाहको अवधारणा नै LGBT मानिसहरूमा हुने विभेदको प्रमुख कारण हो। विवाहबन्धनमा बाँधिनुपर्ने, बालबच्चा जन्माउनुपर्ने र घरपरिवार बसाल्नुपर्ने दवाबले LGBT मानिसहरूलाई कि त त्यसलाई स्वीकार गरेर विपरीत लिङ्गको व्यक्तिसँग बिहे गर्नुपर्ने कि त परिवारबाट शारीरिक र/वा मानसिक रूपमा टाढिनुपर्ने बाध्यता पर्दछ।

समाज निकट रूपमा संगठित र परिवार एवं वंश प्रमुख हुने भएकोले, छवि तथा "इज्जत जोगाउनु" ले एक व्यक्तिको जीवनमा महत्वपूर्ण भूमिका खेल्ने गर्दछ। LGBT छोराछोरी धेरैजसो अभिभावकहरू छोराछोरी समलिङ्गी वा तेस्रोलिङ्गी भैदिनाले उनीहरूको इज्जत जाने र उपहासको पात्र बन्ने कुराले त्रसित हुने गर्छन्। मानिसहरू व्यक्तिप्रति भन्दा समाज र समुदायप्रति जवाफदेहि र अनुगृहित हुने गर्दछन्। एक परिवारको प्रतिष्ठा र सामाजिक हैसियतले व्यक्तिको स्वतन्त्रता र छनोटलाई प्राय: सधैं नै छायाँमा पार्ने गर्दछ। परिवारको निम्ति त्याग गर्नुलाई मर्यादित र उचित कार्य मानिन्छ। आफ्नो सन्तान समलिङगी वा तेस्रोलिङ्गी हुनुलाई परिवारहरू खिन्नता, चिन्ता, एवं उदासीपनसँग जोड्ने गर्दछन्। कोही परिवारले त रिसाउने र LGBT सदस्यलाई उपेक्षा गर्ने गर्दछन्। सम्मानमा आँच पुग्छ कि भनी चिन्ता गर्ने र वंशज-विहिन हुने त्रासमा पर्ने, वा समुदायका अन्य सदस्यहरूको सामु लज्जित महसुस गर्ने गर्दछन्।[124]

शहरीकरणले केही परिवर्तन गरिदिए तापनि, धेरै घरपरिवारहरूमा पुरुषले कमाउनुपर्ने र महिलाले घरको हेरचाह गर्नुपर्ने जस्ता लैङ्गिक भूमिकाहरूको सामान्य अपेक्षालाई गाउँहरू र अधिकांश मानिसहरू बस्ने ग्रामीण परिवेशमा गम्भीर रूपमा लिइन्छ। यसले महिला समलिङगी जोडीहरूलाई आफूखुशी स्वतन्त्र भएर जीउन विशेष कठीन बनाइदिन सक्छ किनकि नेपाली समाजमा पुरुष भन्दा कामकाजी महिलाहरूले कडा चुनौतीहरूको सामना गर्नु पर्दछ।

नेपाली समाजले अधिकांश समय LGBT समुदायभित्र रहेका विविध उपसमूहहरू – समलिङ्गी महिला, पुरुष, द्विलिङ्गी र तेस्रोलिङ्गी मानिसबीच भेद गर्दैन, सबै LGBT मानिसहरू तेस्रोलिङ्गी महिला हुन्छन् र तिनले क्रसड्रेस गरेर यौनकर्मी हुन्छन् भन्ने आम गलत धारणा छ। "अधिकांश समलिङ्गी महिला र पुरुष नखुलेका हुनाले यस्तो भएको हो र उनीहरूको बाहिरी स्वरूपले उनीहरूलाई विपरीतलिङ्गीबाट छुट्याउन पनि सकिँदैन, जबकि तेस्रोलिङ्गी र क्रसड्रेसरहरू भिन्न हुन्छन् र झट्ट तिनमा आँखा परिहाल्छ, त्यसैले LGBT पहिचानको बारेमा मानिसहरूमा गलत धारणा छ।" BDS का बोर्ड अध्यक्ष र लामो समयदेखि तेस्रोलिङ्गी अभियानमा संलग्न सुप्रसिद्ध पिङ्की गुरुङले भने। "पुरुषसँग यौनसम्बन्ध राख्ने पुरुष बीच कलङ्क र विभेदसम्बन्धमा रहेको आत्म-धारणा" विषयक एक अध्ययनमा आफूलाई पुरुषको रूपमा पहिचान दिने अधिकांश उत्तरदाताहरूलाई आफ्नो परिवारमा समस्या थिएन किनकि विभेदमा परिने त्रासको कारणले उनीहरूले आफ्नो यौनिक झुकाव खुलाएनन्। समलिङ्गी पुरुषको तुलनामा मेटी जस्ता जन्मजात तेस्रोलिङ्गी पहिचान बोकेकाहरूले महिलाको रूप देखिने हुलियाको कारणले थप विभेदको सामना गर्दछन्।[125]

नेपालमा LGBT मानिसहरूले सामना गर्नुपर्ने सबैभन्दा महत्वपूर्ण सामाजिक र पारिवारिक सवाल भनेको बासस्थान र पैत्रिक सम्पत्तिमाथिको अधिकारमा उनीहरूको पहुँच हो। केही LGBT मानिसहरू, विशेषगरी तेस्रोलिङ्गी महिला वा स्त्री रूप भएका समलिङ्गी पुरुषहरूले सामना गर्नुपर्ने सबैभन्दा ठूलो अवरोध बस्ने बासको व्यवस्था गर्नु हो। यी उप-समूहहरू प्राय: घरपरिवार एवं नातेदारहरूबाटै घरनिकाला हुने वा वहिस्कृत हुने गर्दछन्। घरबेटीहरूले पनि अज्ञानता र उनीहरूको छिमेकमै यौन क्रियाकलापमा संलग्न हुनसक्ने त्रासको कारणले तिनीहरूलाई घर भाडामा दिन अस्विकार गर्ने गर्दछन्।[126]

123 Keera Allendorf, "Determinants of Marital Quality in an Arranged Marriage Society", National Center for Biotechnology Information, Jan 2013, 42(1): 59–70, Available at http://www.ncbi.nlm.nih.gov/pmc/articles/PMC3711098/

124 Oli N, Onta S, September 2012, "Self-perception of Stigma and Discrimination among Men Having Sex with Men", JNHRC Vol. 10 No. 3 Issue 22: http://www.jnhrc.com.np/index.php/jnhrc/article/viewFile/331/330 (Accessed June, 2014)

125 Ibid

126 These concerns about access to housing and inheritance rights were frequently expressed by Dialogue participants.

सँगै बस्ने (लिभिङ टुगेदर) समलिङ्गी जोडीहरूले प्राय: विभेद सहनुपर्ने हुन्छ, किनकि ठूल्ठूला आँखाले हेर्ने, अनावश्यक व्यक्तिगत प्रकृतिका सवालजवाफ गर्ने, र कुनै न कुनै प्रकारको विभेदको सामना नगरी सँगै बस्न पाउनु असम्भव सरह नै हुन्छ। शहरी क्षेत्रहरूमा केही संङ्ख्यामा समलिङ्गी जोडीहरू सँगै बस्ने गरेका समाचार सञ्चार जगतले बाहिर ल्याएका छन्। यी रिपोर्टहरूले समाजको चाहना अनुरुपको लैङ्गिक भूमिका स्वीकार नगर्ने जोडीहरूको रूपमा प्रस्तुत गरेर नकारात्मक विचार एवं घृणा मात्रै पैदा गरिरहेका छन्।

> अर्की सूचीकृत महिलासँग सम्बन्ध राखेको भनी सैनिक अधिकारीहरूले लगाएको आरोपका कारण शाही नेपाली सेनाबाट निष्कासित भएकी भक्ति शाहले अझै पनि घरमालिक र छिमेकीहरूबाट आफ्नो सम्बन्ध लुकाइ रहेकी छन्। "मानिसहरू अझै पनि हामी दुईलाई अपार्टमेन्टमा सँगै बसिरहेका संगिनी वा दिदीबहिनी भन्ने ठान्छन्," शाहले भनिन्। "कागजी प्रमाणका रुपमा केही नभए पछि सबैलाई हामी दम्पत्ति हौं भनेर कसरी भन्न सक्छौं?" समान कानूनी हक एवं कानूनी हैसियतले शाह र अरूलाई समेत सम्बन्ध पुष्टि गर्ने दस्तावेजहरू प्रदान गरी कुनै त्रास वा छलकपट बिना जिउने वातावरण सिर्जना गर्ने थियो।[127]

माथि चर्चा गरे झैं समलिङ्गी विवाहलाई कानुनी मान्यता दिने कार्यमा कुनै प्रगति भएको छैन। न त समलिङ्गी दम्पत्तिलाई धर्मपुत्र/पुत्री ग्रहण गर्न दिइएको छ न त लेस्बियन जोडीहरूलाई IVF मा नै पहुँच प्रदान गरिएको छ। संवाद कार्यक्रमका सहभागीहरूले समलिङ्गी दम्पत्तिहरूलाई धर्मपुत्र/पुत्री ग्रहण गर्न, संयुक्त रूपमा सम्पत्ति धारण गर्न, संयुक्त बैंक खाता खोल्न र एक अर्काको सम्पत्ति उत्तराधिकारी हुन पाउनुपर्ने सुझावहरू राखेका थिए। यी अधिकारहरूलाई माओवादीहरूको औपचारिक घोषणापत्रमा समावेश गरिएको छ।[128] सँवाद कार्यक्रमका सहभागीहरूका अनुसार ने. का., ए. मा. ले. जस्ता प्रमुख राजनीतिक पार्टीहरूले पनि LGBT अधिकारको लागि समर्थन जनाएका छन्। विपरितलिङ्गी व्यक्तिसँग विवाहित समलिङ्गी तथा द्विलिङ्गी व्यक्तिहरू भने सम्बन्ध विच्छेदसँग सम्बन्धित वर्जना (ताबू) को कारण वैवाहिक सम्बन्धलाई अन्त गर्न चाहन्नन्। विपरीतलिङ्गी दम्पत्तिहरूको निम्ति सम्बन्ध विच्छेद गर्नु वैधानिक भए तापनि यसबाट हुने निन्दाका कारण उनीहरूलाई सो सम्बन्ध कायमै राख्न वाध्य गराउँछ। हिन्दू धर्मका केही रूढीवादी व्याख्याहरूले बहु-विवाहलाई छुट दिँदै अन्तर-जातीय विवाह, विधवासँगको विवाह, र सम्बन्ध विच्छेदलाई भने निषेध गर्दछन्।[129]

नेपालमा भखरै मात्र शुरु हुन थालेको अर्को विषय हो पैत्रिक सम्पत्तिमाथिको अधिकार। पुत्रलाई स्वत: पैतृक सम्पत्तिको अंशियार बनाउने 'सदियौं पुराना' पैत्रिक सम्पत्ति सम्बन्धि ऐनहरूलाई संशोधन गर्ने पहल भैरहेका छन्। अझ, पैत्रिक सम्पत्तिमाथिको समान अधिकारबाट महिलालाई बञ्चित गरिएको छ र पुरुष सन्तान नभएमा वा जीवनको करिब आधा अवधिसम्म अविवाहितै रहेर आफ्ना अभिभावकहरूको स्याहार-सुसार गर्ने जस्ता कठोर एवं अव्यावहारिक सर्तहरूको पूरा गरेपछि मात्रै अंश पाउने व्यवस्था रहेको छ। पूर्व प्रधानन्यायाधिश खिलराज रेग्मीको संयोजकत्वमा गठित टोलीले मौजुदा कानूनमा परिवर्तन गरी अंश प्राप्ति जन्मको आधारमा हुने भन्दा पनि इच्छापत्रद्वारा हुनुपर्ने र पैत्रिक सम्पत्तिमा लैङ्गिक-तटस्थता कायम हुनुपर्ने सुझाव सहितको प्रतिवेदन बुझाएको छ।[130] यदि कुनै पुरुष सन्तानले आफ्नो लिङ्ग परिवर्तन गर्‍यो भने उसले अंश पाउने कि नपाउने भन्ने कानूनमा स्पष्ट छैन। यसको एउटा उदाहरण हो, रोशन खत्री (नाम परिवर्तन) ले आफ्नो लैङ्गिक पहिचान बदल्न खोजे। त्यस अघि उनी परिवारको एक मात्र अंशियार थिए। उनले लिङ्ग परिवर्तन गरिसकेपछि, उनकी दिदीले अब आफ्नो अर्को बहिनी भएकोले पुरुष सन्ततिको पक्षधर रहेको कानूनलाई चुनौती दिने आधारहरू उनीसँग पनि भएको जिकिर गर्दै उनकी दिदी समेत पैतृक सम्पत्तिमा आफ्नो हकदावी गर्न अघि सरिन्।[131]

अन्तमा, धेरै प्रसिद्ध गैसस, विशेषगरी सामाजिक तथा महिला अधिकारको क्षेत्रमा काम गरिरहेका गैससहरू सामाजिक तथा पारिवारिक मामिलामा कार्यरत रहने भए पनि LGBT अधिकार प्रति उदासीन एवं मौन रहेका छन्। अझ विस्तृत तथा समावेशी मानव अधिकार र विकासका एजेन्डाहरूमा उनीहरूको समर्थन स्वागतयोग्य हुने थियो।

### *पारिवारिक मामिला सम्बन्धमा भएका बहसहरूबाट प्राप्त सुझावहरू:*

- ◊ नेपाल सरकारले विविध यौनिक झुकाव तथा लैङ्गिक पहिचान बोकेका मानिसहरूको अधिकार पूर्ण रूपमा सुरक्षित गर्ने कानुन तथा नीतिहरू लागू गर्नुपर्दछ।

127 Oli and Onta (2012)

128 Overdorf, J. "Nepal's other revolution: Red turns to Pink" 9 November 2011, Global Post: http://www.globalpost.com/dispatch/news/regions/asia-pacific/111108/nepals-other-revolution-red-turns-pink

129 Keera Allendorf (2013)

130 Beed, A. "Changing inheritance laws: Rich parents don't have to mean rich children," Nepali Times Vol. 515, 13 August 2010

131 Interview with feminist activist, Lazimpat, Kathmandu, May 2014

◊ विपरीतलिङ्गी विवाहलाई सरह सहमतिको उमेरको प्रावधान राखी समलिङ्गी विवाहलाई कानुनी मान्यता दिनुपर्दछ।

◊ विपरीतलिङ्गी दम्पत्तिहरूलाई लागू हुने जस्तै शर्तहरूमा समलिङ्गी दम्पत्तिहरूले पनि धर्मपुत्र/पुत्री ग्रहण गर्न पाउने व्यवस्था लागू गर्नुपर्दछ र समलिङ्गी परिवारहरूलाई अनुकूल हुने किसिमको कानुनी र सामाजिक वातावरण सिर्जना गर्नुपर्दछ।

◊ LGBT समुदायले परिवारसँग समस्या झेलिरहेका LGBT मानिसहरूलाई सहायता र कानुनी सेवा उपलब्ध गराउनुपर्दछ र विविधताको सम्मान गर्ने कुराको प्रबर्धन गर्न परिवारका सदस्यलाई शिक्षा दिलाउने तथा LGBT मानिसका अभिभावक र परिवारमा सचेतना जगाउनुपर्दछ।

◊ LGBT बालबालिकालाई उनीहरूका अभिभावकले उनीहरूको यौनिक झुकाव वा पहिचान जे जस्तो भए पनि त्यसलाई स्वीकार गरेर सम्मान दिनुपर्दछ।

## स्वास्थ्य

LGBT हरूले स्वास्थ्य सम्बन्धी पृथक विभेदको सामना गर्दछन्। LGBT भन्ने संक्षिप्त शब्दावलीलाई सबैलाई समेट्ने समावेशी शब्दावलीको रूपमा प्रयोग गर्ने र यस समुदायका स्वास्थ्य सम्बन्धी आवश्यकताहरूलाई एकै टोकरीमा राख्ने गरिए तापनि, यी प्रत्येक अक्षरहरूले अलगअलग जनसंख्या र तिनका आ-आफ्नै पृथक स्वास्थ्य समस्याहरूको प्रतिनिधित्व गर्दछन्, जसमा जात, जाति, उमेर, अर्थसामाजिक वर्ग, भौगोलिक अवस्थिति, लिङ्ग, HIV को अवस्था, तथा अन्य तत्वहरूले थप भिन्नता ल्याइदिन्छन्। साथै, यी भिन्नताहरूले हरेक समूहमाथि स्वास्थ्य सम्बन्धी महत्वपूर्ण असर पार्ने गर्दछन्। हरेक देश विशेषका प्रतिवेदनहरूको मुख्य पृष्ठहरूमा यी भिन्नताहरूलाई ज्यादा जोड दिनु आवश्यक छ किनकि केही वर्तमान वैज्ञानिक बहसहरू, तथा नेपालका चर्चित सञ्चारमाध्यमहरूमा, यी समूहहरूलाई बारम्बार एवं भ्रामक ढंगले "तेस्रो लिङ्गी" वा "LGBT" शब्दावली अन्तर्गत राखेर एउटै जनसमुदायको रूपमा संप्रेषण गर्ने गरिएको पाइन्छ।

- राष्ट्रिय संवाद कार्यक्रममा भएको छलफलबाट

नेपालमा HIV महामारीसँगै LGBT मानिसहरूको स्वास्थ्यसम्बन्धी आवश्यकताका बारेमा चासो बढ्यो। यसले नाटकीय रूपमा दाताहरूको सहयोगमा वृद्धि, तथा पहिलो पटक LGBT सवालहरूलाई सरकारी नीति एवं प्राथमिकतामा राख्ने वातावरण बनायो। नेपालको कुन HIV सङ्क्रमण हुनेहरूमध्ये तेस्रोलिङ्गी महिला, समलिङ्गी पुरुष एवं MSM हरूको हिस्सा २१.६% छ। यसले उनीहरूलाई सामान्य जनसंख्याभन्दा १२ गुणासम्म बढि जोखिममा पार्दछ।[132] यस संक्रमणले अधिकार र हितको लागि LGBT जनसंख्या, विशेषगरी तेस्रोलिङ्गी महिला र समलिङ्गी पुरुषमा आवाज उठाउन व्यापक रुपमा उत्साह पैदा गरेको छ। HIV र मान अधिकारको क्षेत्रमा काम गर्ने धेरै समुदायमा आधारित संगठनहरूको स्थापना भएको छ।

HIV महामारीले सरकारलाई पनि आर्थिक लागानीमा वृद्धि गर्ने तथा HIV रोकथाम, उपचार एवं स्यहारसुसार गर्न आवश्यक कदम चाल्ने अवसर प्राप्त भयो, जसका कारण प्रत्यक्षरुपमा LGBT सम्वद्ध संघसंस्था र प्रभावित उप-समूहलाई नै फाइदा पुर्‍यायो। HIV कार्यक्रम कार्यान्वयन र सेवा डेलिभरीको लागि क्षमता बृद्धि गर्ने वातावरणको सिर्जना गर्ने उद्देश्यले एक HIV विधेयक मस्यौदा गरिएको थियो। तर त्यसलाई संसदले अनुमोदन गरेको छैन र कानुन लागू हुने त छाँट नै देखिँदैन।[133]

132 UNDP (2012)

133 Marlyn F Borromeo, "Nepal's Epidemic Characterized Still As "Concentrated", New Spotlight, (Vol : 05 Nov 2011): http://www.spotlightne-

LGBT मानिसका HIV सँग सम्बन्धित नभएका स्वास्थ्य सवालहरूलाई प्राय: बेवास्ता गरिन्छ। उदाहरणको लागि मानसिक वा मनोवैज्ञानिक स्वास्थ्य सम्बन्धी सवालहरू रहेका यौनिक तथा लैङ्गिक अपसंख्यकहरूको समग्र अवस्थाको बारेमा धेरै कुरा थाहा छैन। प्रजनन स्वास्थ्य लगायत तेस्रोलिङ्गी पुरुष र समलिङ्गी महिलाका विशिष्ट आवश्यकताहरूको बारेमा बिरलै चर्चा र अनुसन्धान गर्ने गरिन्छ।

नेपालमा हावी हुने हेटेरोस्क्सुअल सांस्कृतिक आदर्शले लांछना र गहन पूर्वाग्रह, विभेद, र हिंसाको लागि आधार सिर्जना गर्दछ, जसले LGBT मानिसका स्वास्थ्य सम्बन्धी चुनौतीहरूको बारेमा समाजको ध्यान जान सक्दैन। केही व्यक्तिहरूको लागि यसलाई जात, जातीयता, र सामाजिक-आर्थिक वर्गजस्ता असमानताका थप आयामहरूले जटिल बनाउँछ, जसले बहु तर पारस्परिक रूपमा कठीन पार्ने लांछना खेप्नुपर्ने हुन्छ जसले गर्दा उनीहरू स्वास्थ्य सेवामा पहुँच पुर्‍याउन हिच्किचाउँछन्। त्यसको साथसाथै विभिन्न वर्ग र जातीय तप्काका यी उपसमूहका धेरै साझा अनुभूतिहरू पनि हुन्छन्, जसमा प्रमुख रूपमा कलंक लगाउने दमनकारी अनुभव हो।

नेपालका अधिकांश LGBT मानिसहरूले सानै उमेरदेखी कलंकको सामना गर्नुपर्ने र यसले समाजका स्वास्थ्य संस्था लगायत सबै पक्षलाई हेर्ने दृष्टिकोण र गर्ने व्यवहार निर्धारण हुने बताए।[134] त्यसै गरी, हेटेरोसेक्सुअल व्यक्तिहरू (स्वास्थ्यकर्मी लगायत) त्यस्तो वातावरणमा सामाजिकृत भएका हुन्छन् जहाँ यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरूलाई कलंक लगाइन्छ। यसले LGBT मानिसहरू प्रति लिइने मनोवृत्ति र व्यवहारमा अवश्य पनि प्रभाव पार्दछ। LGBT हरूको स्वास्थ्यलाई प्रभाव पार्ने संस्था र प्रणालीहरू त्यही समाज भित्र विकास भएका छन् जुन समाजले त्यस्ता समुदायलाई परम्परागत रूपमा कलंकित पारिरहेको थियो। यसले यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरूको स्वास्थ्यसम्बन्धी आवश्यकता पूरा गर्ने सवालमा स्वास्थ्य सेवा प्रदायक र संस्थाहरूको क्षमतामा महत्वपूर्ण असर पार्दछ।[135]

CASE STUDY #3

## स्वास्थ्य सेवा प्रणालीमा विभेद

"स्वास्थ्यकर्मीले तपाईं महिला पनि होइन, पुरुष पनि होइन भनेपछि हामीले कसरी तपाईंको उपचार गर्नु भनेर सोध्छन्। उनीहरूले हामीलाई बुझ्दैनन्। उनीहरूले हाम्रो उपचार नै गर्न चाहँदैनन्," एक तेस्रोलिङ्गीले भने।[136]

काठमडौंस्थित वीर अस्पतालकी एक डाक्टर, राधिका ( नाम परिवर्तनसँग) ले आफ्नो मत व्यक्त गरिन्, तेस्रोलिङ्गी महिला र समलिङ्गी पुरुष HIV बाट संक्रमित हुन्छन् भन्ने पूर्वाग्रही सोचका कारण डाक्टरहरू उनीहरूको उपचार गर्न डराउँने गर्छन्। उसो भए तिनीहरूलाई न्यायोचित ढङ्गको उपचार कसरी होला त भनी सोध्दा उनले भनिन्, विश्वासिलो सामुदायिक संस्थाले सिफारिस गरेको डाक्टरबाट उपचार गराउनु नै सबैभन्दा उत्तम उपाय होला।[137]

कोही यौनकर्मी हुन् र/वा HIV संक्रमित छन् भन्ने तथ्य वा बुझाइका आधारमा मात्रै पनि व्यक्तिहरूले राज्यका सरोकारवाला र अन्य नागरिकबाट भेदभाव सहनु परेको छ। उदहरणको लागि, यौनकर्मी तथा HIV संक्रमितहरूले समेत स्वास्थ्य अवस्थाका ख्याल नगरी स्वास्थ्य सेवा पाउन सक्ने भए तापनि तेस्रोलिङ्गीहरूलाई यौनकर्मी वा संक्रमित मानिएके कारण सार्वजनिक स्वास्थ्य संस्थाबाटै बञ्चित गरिएका रिपोर्टहरू अधिकारकर्मीहरूले बाहिर ल्याएका छन्।[138]

pal.com/News/Article/-%E2%80%9CNepal%E2%80%99s-Epidemic-Characterized-Still-As-%22Concent

134 Discussion from the National Dialogue.

135 Institute of Medicine (US) Committee on Lesbian, Gay, Bisexual, and Transgender Health Issues and Research Gaps and Opportunities, (2011) "The Health of Lesbian, Gay, Bisexual, and Transgender People: Building a Foundation for Better Understanding", The National Center for Biotechnology Information: http://www.ncbi.nlm.nih.gov/pubmed/22013611

136 Singh et al., Human Rights Violations Among Sexual and Gender Minorities in Kathmandu, Nepal: A Qualitative Investigation, BMC INT'L HEALTH & HUM RTS. 12:7 (16 May 2012). Available at http://www.biomedcentral.com /1472-698X/12/7

137 Discussion from the National Dialogue.

138 Ibid.

भेदभाव हुने डरले पनि LGBT हरूलाई चिकित्सकीय सेवा लिनबाट रोक्ने गर्दछ। तालिम प्राप्त नगरेका स्वास्थ्यकर्मीहरूबाट यौनिक अल्पसंख्यकप्रति शत्रुतापूर्ण वा असंवेदनशील व्यवहारले गर्दा "आलोचना र सजायको त्रासले समझदारीमा समलिङ्गी क्रियाकलापमा संलग्न हुनेहरूलाई स्वास्थ्य सेवाको खोजी गर्न र उपभोग गर्नबाट रोक्न सक्छ।" यसले प्रभावकारी रूपमा उनीहरूको स्वास्थ्यको अधिकारमाथि हस्तक्षेप गर्दछ।[139]

व्यक्तिको यौनिक झुकाव तथा लैङ्गिक पहिचानको आधारमा कुनै व्यक्तिलाई स्वास्थ्यमा समान पहुँचबाट बञ्चित गर्नु वा सेवा लिन निरुत्साहित गर्नु विभेद हो र नेपालले हस्ताक्षर गरेको ICCPR र ICESCR को स्पष्ट उलंघन हुन जान्छ।[140] यसरी वञ्चित गर्नुले ICCPR को धारा ६(१) र २(१) अन्तर्गत क्रमश: जिउन पाउने अधिकार र भेदभावरहित हुन पाउने अधिकारमाथि हस्तक्षेप गर्दछ।[141] यसले ICESCR को धारा १२ अन्तर्गत स्वास्थ्यको अधिकारमा पनि हस्तक्षेप गर्दछ, जुन धाराले राज्यमाथि HIV सङ्क्रमितहरूलाई सुलभ स्वास्थ्य सुविधा, सामग्री र सेवा उपलब्ध गराउने थप भार प्रदान गर्दछ।[142] त्यसको साथसाथै, कुनै पनि व्यक्तिको यौनिक झुकाव, लैङ्गिक पहिचान र/तथा HIV अवस्थाको आधारमा भएको तिनीहरूप्रति गरिने त्यस्तो विभेदकारी व्यवहारले नेपालको विद्यमान अन्तरिम संविधान अनुरूप पनि हुँदैन, जसमा व्यक्तिले स्वास्थ्यसेवा मौलिक हकको रूपमा पाउने व्यवस्था गरिएको छ।[143] LGBT मानिसहरूको संरक्षण गर्ने र बिना त्रास वा बिना बाधाव्यबधान तिनीहरूलाई स्वास्थ्य उपचारमा पहुँच पुर्‍याउने जिम्मेवारी राज्यको हुन्छ। यो जिम्मेवारी हालसम्म पूरा भएको छैन।

LGBT मानिसहरू HIV परिक्षण गरेर नतिजा पोजिटिभ आएमा के गर्ने र सहायताको लागि कहाँ जाने भन्ने कुराहरूको जानकारी उपलब्ध हुँदैन। परिक्षण हुने अस्पताल तथा संघसंस्थाहरूमा सहयोगसम्बन्धी संयन्त्रको बारेमा सीमित जानकरी वा ज्ञान उपलब्ध हुन्छ। यसले बारम्बार गम्भीर मानसिक आघात र पीडा जन्माएको कुरा संवाद कार्यक्रमका सहभागीहरूले जनाए। धेरै LGBT संस्थाहरूले देशभरि नै ड्रप-इन केन्द्र (DIC) हरू सञ्चालनमा ल्याएका छन्, जसमा LGBT-मैत्री HIV रोकथाम, शिक्षा, परीक्षण, परामर्श, तथा उपचार सेवा दिने गर्दछन्। संवाद कार्यक्रमका सहभागीहरूका अनुसार उच्च जोखिममा भएका व्यक्तिहरूसम्म पुग्ने र HIV सम्बन्धी सेवा दिने यी केन्द्रहरूले सरकारले भन्दा प्राभावकारी रूपमा काम गरिरहेका छन्। BDS एवं यससँग सम्बद्ध सामुदायिक संघसंस्थाहरूद्वारा सञ्चालन गरिएका HIV सम्बन्धी चालु कार्यक्रमहरूको स्रोत UNDP को एसिया-प्यासिफिक रिजनल सेन्टर[144] ले व्यवस्थापन गरेको बहु-देशीय दक्षिण-एसियाली विश्वव्यापी कोष, सेभ द चिल्ड्रेन (यूएसए) द्वारा सञ्चालित राष्ट्रिय विश्वव्यापी कोष अनुदानमार्फत आउँछ, बहु-दाताहरूबाट अनुदानप्राप्त विश्वे बैंक/पुल फण्ड कार्यक्रम नै प्रमुख हुन्।

धेरै नेपालीहरू तेस्रोलिङ्गी मानिसहरूले उनीहरूको स्वास्थ्यमाथि पर्ने अवाञ्छनीय र दीर्घकालीन असरहरू के के हुन सक्छन् भन्ने कुराको जानकारी बिना नै हारमोन सप्लिमेन्टहरूको प्रयोग गर्दै आइरहेको पाइन्छ। तिनीहरूलाई हुन सक्ने संभावित जोखिमहरूबारे जानकारी नगराईकनै स्वास्थ्यकर्मीहरू आफ्नो आर्थिक स्वार्थको निम्ति हार्मोनजन्य उपचार विधि अपनाउन लगाइरहेका छन्। हर्मोनको सुपरीवेक्षण बिना र अधिक प्रयोगका कारण धेरै तेस्रोलिङ्गी सहभागीहरूले ठूलो संङ्ख्यामा नकारात्मक असरहरू भोगिरहेको र ती असरहरू छोटो र लामो समयसम्मको लागि गम्भीर हुनसक्ने कुरा राखेका थिए। हर्मोनका कारण तेस्रोलिङ्गीहरूमा पर्न जाने असरहरू सम्बन्धी अत्यधिक शोध हुनु आवश्यक रहेको कुरामा उनीहरूले जोड दिए।

स्वास्थ्य सम्बन्धी अर्को सवाल विकास कार्यक्रम र विपत् सहायतासँग सम्बन्धित छ जसको नेतृत्व USAID नेपालले लिएको छ। उनीहरूले केही मानिसहरूको लागि सङ्कोचको अवस्था उत्पन्न गराउने र विभिन्न सांस्कृतिक सन्दर्भहरूमा यी सवालहरूलाई सम्बोधन

139 See United Nations General Assembly (A/HRC/14/20), Report of the Special Rapporteur on the right of everyone to the enjoyment of the highest attainable standard of physical and mental health, Human Rights Council Fourteenth session Agenda item 3 (Apr. 2010). Available at http://www2.ohchr.org/english/bodies/hrcouncil/docs/14session/A.HRC.14.20.pdfhttp://www2.ohchr.org/english/ bodies/hrcouncil/docs/14session/A.HRC.14.20.pdf (Discusses the impact of laws criminalizing consensual same-sex conduct on sexual minorities' right to the highest attainable standard of health)

140 BDS and Heartland Alliance for Human Needs and Human Rights -Global Initiative for Sexuality and Human Rights (2013),

141 ICCPR, supra note 7, art. 6(1) ("Every human being has the inherent right to life. This right shall be protected by law. No one shall be arbitrarily deprived of his life."); ICCPR, supra note 7, art. 2(1) ("Each State Party to the present Covenant undertakes to respect and to ensure to all individuals within its territory and subject to its jurisdiction the rights recognized in the present Covenant, without distinction of any kind, such as race, colour, sex, language, religion, political or other opinion, national or social origin, property, birth or other status.")

142 U.N. Hum. Rts. Comm., supra note 33.

143 BDS and Heartland Alliance for Human Needs adn Human Rights -Global Initiative for Sexuality and Human Rights (June, 2013)

144 Multi-Country South Asia Global Fund HIV Programme, UNDP Asia-Pacific Regional Centre, available at http://asia-pacific.undp.org/content/rbap/en/home/operations/projects/overview/multi-country-south-asia-global-fund-hiv-programme/




*विभिन्न विषयगत समूहका सहभागीहरूलाई भिन्न भिन्न रङ्गका परिचय पत्रहरू*

गर्ने कुनै प्रोटोकलको अभावको कारणले प्रकोप पछिका उद्दार कार्यक्रम र सन्दर्भहरूमा विकासकर्मीहरूले लैङ्गिक पहिचान एवं यौनिकतालाई बेवास्ता गर्ने गरेको अनुसन्धानले देखाएको छ।[145] तर यसले LGBT मानिसहरूलाई हानि पुर्‍याउँछ। एउटा उदाहरण दिनुपर्दा, पूर्वी नेपालको सुनसरी जिल्लामा आएको बाढि पश्चात् प्रकोप राहत कार्यक्रममा तेस्रोलिङगी महिलालाई उक्त राहत पटकपटक उपलब्ध गरिएको थिएन किनभने उनीहरू ‘बालबच्चा सहितको परिवार’ को परिभाषा भित्र पर्दैनथे।[146]

सरकारले LGBT मानिसहरूको स्वास्थ्य र अधिकारको लागि प्रतिबद्धता व्यक्त गरेको छ। त्यति हुँदाहुँदै पनि यी प्रतिबद्धतालाई व्यवहारमा उतार्ने नीतिहरूको भने अभाव छ।[147]

## *LGBT व्यक्तिहरूले जीवनभर भोग्नुपर्ने स्वास्थ्य स्थिति*

संवाद कार्यक्रमका सहभागीहरूले LGBT मानिसहरूको स्वास्थ्य स्थितिलाई जीवनका तिन चरणहरूमा बाँडेर छलफल गरेका थिए: बाल्यकाल वा किशोरावस्था, वयस्कताको पूर्वार्द्ध, वयस्कताको उत्तरार्द्ध। यी चरणहरूमा मानसिक स्वास्थ्य, शारीरिक स्वास्थ्य, मनोसामाजिक स्वास्थ्य, जोखिम र सुरक्षात्मक पक्षहरू, स्वास्थ्य सेवाहरू, र अन्य प्रसङ्गाश्रित प्रभावहरूलाई केलाएर हेरे।

***बाल्यकाल वा किशोरावस्था:*** यस चरणमा हेटेरोसेक्सुअल किशोरहरूले जस्तै LGBT किशोरहरूले पनि समान चुनौतिहरूको सामना गर्दछन् तर LGBT माथि गरिने कलंक र भेदभावले स्वास्थ्य स्थितिमा हेटेरोसेक्सुअल किशोर र यौनिक तथा लैङ्गिक अल्पसंख्यक किशोरहरू बीच हुने असमानतामा योगदान पुर्‍याउँछ। कलिलो उमेरका MSM हरूमध्ये १.३ प्रतिशतमा HIV सङ्क्रमण छ।[148] सेभ द चिल्ड्रेनले निकालेको एक प्रतिवेदनमा[149] पनि LGBT युवाहरू प्राय: उदासीनता, चिन्ताजन्य बिमारी, दूर्व्यसनी (धुम्रपान, लागू औसध प्रयोग, मदिरा सेवन), र आत्महत्या वा आत्महत्यासँग सम्बन्धित विचारहरूबाट ग्रसित हुने कुरा उल्लेख छ। कलिलो उमेरका आम तेस्रोलिङ्गी महिला र LGBT युवाहरूमा घरबारबिहीनताको ठूलो जोखिममा छन्।

145 Knight, K., Sollom, R. (2012) Making Disaster Risk Reduction and Relief Programmes LGBTI Inclusive: Examples from Nepal. Humanitarian Practice Network. September 2012, Available at http://www.odihpn.org/humanitarian-exchange-magazine/issue-55

146 Kyle Knight and Courtney Welton-Mitchell, "Gender identity and disaster response in Nepal", Forced Migration Review, Available at http://www.fmreview.org/sogi/knight-weltonmitchell

147 At the opening session of the Nepal National LGBTI Community Dialogue in April 2014, the Minister for Health and Population gave an impassioned statement that the Constitution guarantees human rights for all and that the Ministry promises to accept the community's recommendations from the Dialogue for consideration and implementation. Such high level support indicates that the government is an ally with which community groups and development partners can work together to achieve their health and human rights goals.

148 UNDP et al., (2012)

149 Sharma, Mahesh. (2012) Building the Evidence Base for Protecting and Promoting the Rights of Lesbian, Gay, Bisexual, Transgender, Intersex (LGBTI) Children in Nepal. Save the Children (May 2012)

***प्रारम्भिक/मध्य वयस्क अवस्था:*** LGBT सम्बन्धी पहिचानको बारेमा उचित र पर्याप्त सूचनाको अभावले गर्दा धेरै LGBT मानिसहरू हरू, विशेषगरी आफ्नो SOGI को बारेमा खुल्न नचाहने र सधैं आफूलाई पर्दा पछाडि राख्नेहरूमाझ अस्वस्थ एवं तनावपूर्ण वयस्कता बिताउनुपर्ने हुनसक्छ।[150] नेपाली समाजका कठोर हेटेरोनर्म्याटिभ अपेक्षाहरू पूरा गर्न नसकेपछि वयस्क LGBT मानिसहरूले अझ धेरै मन:स्थिति र उत्कण्ठाजन्य विकृति, थप उदासीनता, र आत्महत्यासँग सम्बन्धित चिन्तनको जोखिम खेप्नुपर्ने देखिन्छ।

समलिङ्गी महिला, द्विलिङ्गी महिला, र तेस्रोलिङ्गी पुरुष (LBT) हरूले हेटेरोसेक्सुअल महिलाहरूले भन्दा रोकथामजन्य स्वास्थ्य सेवाहरूको कम प्रयोग गर्दछन्। उदाहरणको लागि, संवाद कार्यक्रमका सहभागीका अनुसार महिनावारी हुँदा, तेस्रोलिङ्गी पुरुषहरूको निम्ति खुद्रा पसल तथा औषधि पसलहरूमा स्यानिटरी प्याडहरू खरिद गर्न अप्ठ्यारो हुने हुनाले स्वस्थता (hygiene) कायम राख्न कठिनाइ हुने गर्दछ। धेरै वयस्क तेस्रोलिङ्गी महिलाले हर्मोन विधिबाट रोगनिदान (hormone therapy) गर्ने, शल्यक्रिया, स्तन प्रत्यारोपण वा स्तन प्रग्रहण गर्ने र यौनाङ्ग परिवर्तनार्थ शल्यक्रिया (SRS) गर्ने गर्दछन्। तीमध्ये अधिकांशलाई ती उपचारले पार्न सक्ने स्वास्थ्यसम्बन्धी तत्कालीन र दीर्घकालीन जटिलताहरूको बारेमा अनभिज्ञ छन्। साथै, SRS को कानूनी हैसियत पनि स्पष्ट छैन। तर सरकारले शल्यक्रिया पश्चात् एक नेपाली नागरिकलाई उसको आधिकारिक पहिचान पुरुषबाट महिलामा बदल्न छुट दिएर नजिर स्थापित गरिसकेको छ।[151]

समलिङ्गी पुरुष, द्विलिङ्गी पुरुष, र पुरुषसँग यौनसम्बन्ध राख्ने अन्य पुरुष, तेस्रोलिङ्गी महिला, र यौनकर्मीहरूसँग यौन सम्बन्ध राख्नेहरूलाई HIV र STI ले गम्भीर क्षति पुर्‍याइरहेको छ। एन्टि-रेट्रोभाइरल उपचारविधि (ART) को प्रयोग गरिरहेका HIV सङ्क्रमित व्यक्तिहरू, एवं हर्मोनजन्य उपचारविधिलाई ART सँग मिश्रण गरेका कारणबाट पनि स्वास्थ्यसम्बन्धी जटिलताहरू उत्पन्न हुन सक्छन्।

***पछिल्लो वयस्क अवस्था:*** पाका LGBT हरूले जीवनभर हरेक उतार-चढाव एवं वृद्वावस्थासम्म कलंक, उत्पीडन एवं भेदभावको सामना गर्दछन्। LGBT बृद्धहरूले अस्थिर पारिवारिक अवस्था र एक्लोपनको महसुस गर्दछन्। वृद्ध समलिङ्गी महिला तथा पुरुषहरूमाझ आत्महत्या र उदासीनताको तहमा बृद्धि हुने देखिन्छ। प्रौढ LGBT हरूले हेटेरोसेक्सुअल समकालीनहरूको तुलनामा कमजोर संकटमोचन-सामर्थ्य (उत्प्लावकता र दरिलोपन पर्दर्शन गर्ने अवधारणा) प्रकट गर्ने गरेको प्रमाणहरूले देखाएका छन्।[152] HIV एवं STI को असर पाका LGBT हरूलाई किशोरावस्थाका LGBT हरूलाई जत्तिकै असर गर्दछ, जुन कुरालाई प्राय: वास्ता गरिँदैन। लामो समयसम्म हर्मोनको प्रयोग गर्नाले पाका तेस्रोलिङ्गीहरूले नकारात्मक स्वास्थ्य परिणामहरूको अनुभव गर्ने गरेको सीमित अध्ययनहरूले देखाउँछन्। LGBT वृद्धहरू माझ रहेको अपाङ्गता एक त्यस्तो विषय हो जसको बारेमा विरलै चासो देखाइएको छ र यसलाई सम्बोधन गर्नु आवश्यक छ।

संवाद कार्यक्रममा चर्चा गरिएका LGBT समुदायहरूबारे स्वास्थ्यसम्बन्धी प्रमुख आवश्यकताहरूमा बदनामी, भेदभाव, HIV रोकथाम र संरक्षण प्रयासको विस्तार, स्वास्थ्य सुविधाहरूमा भेदभाव रहित पहुँच, तथा तेस्रोलिङ्गीलाई मनोवैज्ञानिक सहायता, आदि विषयहरूलाई सम्बोधन गर्न स्वास्थ्यकर्मीहरूलाई तालिम दिनु तथा संवेदनशील बनाउनुपर्ने आवश्यकताहरू थिए। प्राय: उपेक्षा गरिने अन्य प्रमुख विषयहरूमा समलिङ्गी महिला एवं तेस्रोलिङ्गी पुरुषहरूको प्रजनन स्वास्थ्य र सरसफाइ हुन्।

### *स्वास्थ्य सम्बन्धी छलफलबाट प्राप्त सुझावहरू:*

◊ नेपाल सरकारले LGBT मानिसहरूको स्वास्थ्य एवं हितमा गम्भीर असर पार्ने स्वास्थ्यसम्बन्धी मौजुदा नीति तथा नियमहरूलाई पुनर्विचार, संशोधन, र/वा खारेज गर्नुपर्दछ साथै नेपाल HIV लगानी योजना (NHIP) २०१४-१६ लाई पनि कार्यान्वयन गर्नुपर्दछ। NHIP भनेको HIV सम्बन्धी कार्यक्रम तर्जूमा, बजेट विनियोजन तथा कार्यान्वयन गर्ने नेपालको रणनीतिक अवधारणा हो।

◊ तेस्रोलिङगी महिला, समलिङ्गी पुरुष, र असमानुपातिक ढंगले HIV संक्रमित भएका MSM लगायत LGBT उप-जनसंख्या लगायत HIV-सङ्क्रमित व्यक्तिहरूको अधिकार सुरक्षित गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालय (MoHP) र कानुन तथा न्याय मन्त्रालय (MoLJ) ले HIV विधेयकमा परिमार्जन गरी अनुमोदन गर्ने कुराको सुनिश्चित गर्नुपर्दछ।

150 Institute of Medicine (US) Committee on Lesbian, Gay, Bisexual, and Transgender Health Issues and Research Gaps and Opportunities, (2011)

151 Anil Giri, "Govt Recognizes first Nepali, post operative Transsexual", The Kathmandu Post, September 28, 2014: http://www.ekantipur.com/the-kathmandu-post/2012/09/27/nation/govt-recognises-first-nepali-post-operative-transsexual/240135.html

152 Institute of Medicine (US) Committee on Lesbian, Gay, Bisexual, and Transgender Health Issues and Research Gaps and Opportunities, (2011)

◊ समग्र स्वास्थ्य सेवा प्रणालीले स्वास्थ्य सेवामा रहेका असमानताको सम्बोधन गरी स्वास्थ्य सेवाहरूमा सुधार ल्याउनुपर्दछ - LGBT मानिसहरूले समतामूलक स्वास्थ्य सेवा प्राप्त गर्ने विषयमा अवरोधको सामना गरिरहेका छन् जसले उनीहरूको समग्र हितमा प्रतिकूल असर परिरहेछ; स्वास्थ्य परिणाम, प्रदायकहरूको प्रवृत्ति र शिक्षामा रहेका असमानता र सेवाग्राही LGBT व्यक्तिहरूका लागि वातावरणमा सुधार ल्याउने उपायहरूको बारेमा रहेको बुझाइमा सुधार ल्याउनुपर्दछ; LGBT मानिसहरूका स्वास्थ्यसम्बन्धी आवश्यकताहरूलाई सम्बोधन गर्न र HIV नियन्त्रण, उपचार, स्याहार र सम्बन्धित स्वास्थ्य सेवाहरू प्रदान गर्नुका साथसाथै समावेशी यौनिक तथा प्रजनन स्वास्थ्य सेवाहरू उपलब्ध गराउन स्वास्थ्य प्रणालीको क्षमता अभिवृद्धि गर्नुपर्दछ।

◊ LGBT सम्बन्धी स्वास्थ्य आवश्यकताहरूको सम्बन्धमा स्वास्थ्य सेवा प्रदायकहरूलाई संवेदनशील बनाउनु (sensitize) र तालिम प्रदान गर्नुपर्दछ ताकि उनीहरूले HIV कार्यक्रमहरू सँगसँगै मनोसामाजिक तथा मानसिक स्वास्थ्य सेवाहरू उपलब्ध गराउन सकून्। संवेदनशीलताले सेवा उपलब्ध गराउँदा विभेदरहित प्रवृत्तिको सुनिश्चितता गराउन सक्छ।

◊ लिङ्गसम्बन्धी असामान्य निराशा तथा असन्तुष्टिको सम्बोधन गर्न तेस्रोलिङ्गी-विशेष स्वास्थ्य सेवा उपलब्ध गराउनको लागि प्रमाणको आधार सिर्जना गर्दै तेस्रोलिङ्गी-विशेष स्वास्थ्य समस्याहरूको सम्बोधन गर्नुपर्दछ। हर्मोन प्रयोगको स्वास्थ्यमा पर्ने असरको बारेमा अझ गहन अनुसन्धान तथा विकास कार्यक्रमको आवश्यकता छ, जस्तो औसधी सेवन, मात्रा, र शल्यचिकित्साको विषयमा उपयुक्त परामर्शको साथसाथै मनोवैज्ञानिक सहायताको पनि आवश्यकता छ।

◊ LGBT मानिसहरूलाई मैत्रीपूर्ण सेवा उपलब्ध गराउने विषयमा स्वास्थ्य केन्द्र र फार्मेसी लगायत स्वास्थ्य विभागको लागि निर्देशिकाहरूको जरुरी छ।

◊ LGBT मानिसहरू स्वास्थ्य सेवा लिने कार्यमा हतोत्साहित नहुन् भन्नको लागि उनीहरूमा हुने विभेद हटाउन स्वास्थ्य कर्मचारीहरूलाई यौनिक विविधता विषयमा तालिम तथा शिक्षा प्रदान गर्नुपर्दछ।

◊ सरकार, अनुसन्धानकर्ता र समुदायले हस्तक्षेपकारी अनुसन्धानको विकास र कार्यान्वयन गर्नुपर्दछ।

  ◊ LGBT मानिसहरूले सामना गरिरहेका स्वास्थ्य क्षेत्रमा रहेका असमानता (अन्याय) र नकारात्मक स्वास्थ्य परिणामहरूको सम्बोधन गर्न अपनाइएका हस्तक्षेपकारी क्रियाकलापहरूको विकास गर्न र तिनको प्रभावकारिताको परीक्षण गर्नको लागि अनुसन्धानको आवश्यकता छ।

  ◊ स्वास्थ्य सेवामा पहुँच बढाउने तथा स्वास्थ्य क्षीण गराउने मानसिक वा भौतिक अवस्थालाई सम्बोधन गर्ने हस्क्षेपहरूले यी असमानताहरूलाई हटाउन सकिन्छ।

  ◊ हस्तक्षेपकारी कार्यहरू लागू गर्दा सीमान्तकृत वा बेवास्ता गरिएका उपसमूहहरूमा विशेष जोड दिनु आवश्यक छ।

  ◊ अनुसन्धानका निश्कर्ष र डेटालाई पनि एक एक गरेर छुट्याउनुपर्दछ ताकि HIV सम्बन्धी हस्तक्षेपकारी कार्यहरूलाई समलिङ्गी पुरुष / अन्य MSM र तेस्रोलिङ्गी महिलाहरूको लागि छुट्टाछुट्टै तयार पार्न सकियोस्।

◊ LGBT अभियन्ता र विस्तृत समाजले LGBT मानिसहरूको जीवनमा सकारात्मक सामाजिक प्रभावलाई बढावा दिने र प्रोत्साहित गर्ने गर्नुपर्दछ। मानसिक स्वास्थ्यमा सामाजिक सहायताले ठूलो भूमिका खेल्दछ। LGBT मानिसहरूको जीवनमा परिवार, स्कूल, कार्यक्षेत्र, धार्मिक संस्था र सामुदायिक संगठनहरू जस्ता सामाजिक संरचनाको भूमिकाको बारेमा अझ पूर्ण रूपमा बुझ्नुपर्दछ।

## सञ्चारमाध्यम

LGBT सवालहरूको बारेमा सर्वसाधारणलाई सूचित गर्न र शिक्षित बनाउनमा नेपाली सञ्चारमाध्यमहरूको महत्त्वपूर्ण भूमिका छ। देशभर रेडियो प्रसारणमा संलग्नता पनि निकै उच्च दरमा रहको छ। शहरी क्षेत्रका बासिन्दाहरूको प्राय: टिभी, सामाजिक सञ्जाल, र/वा छापा माध्यममा पहुँच पुगेको छ। LGBT गतिविधि र सवालहरूका बारेमा सञ्चार माध्यमहरूले प्रसारण गर्ने सूचनाहरू सही र निष्पक्ष हुनु जरुरी छ। UNDP र सेन्टर फर एड्भोकेसी एन्ड रिसर्च (CFAR) को दक्षिण एसियाको प्रतिवेदन अनुसार, पूर्वाग्रही, अपुष्ट र सनसनीपूर्ण समाचारहरूको प्रसारण गरिनाले कलंकमा वृद्दि गरेको, यौनिक झुकाउ तथा लैङ्गिक पहिचान बारे सर्वसाधारणको विचारलाई बङ्गाएको, नकारात्मक स्टेरियोटाइपलाई प्रोत्साहित गरेको, र यस समुदायका सवालहरू बारे अपुष्ट रुपमा समाचार प्रसारण गरेको अनुसन्धानकर्ताहरूले पाए।[153]

नेपालमा यौनिक तथा लैङ्गिक पहिचानले कानूनी मान्यता पाए तापनि, परम्परागत लैङ्गिक पहिचानहरू र हेटेरोनर्म्याटिभिटीले सञ्चारमाध्यमको प्रसारण र LGBT का सवालहरूका सम्बन्धमा चालिने कदमहरूलाई प्रभावित गर्ने गरेका छन्। संवाद कार्यक्रममा सहभागी अधिकांशले LGBT सवालहरूलाई सञ्चार माध्यमहरूले नियमित रूपमा समेटेको, तर त्यस्ता प्रसारण प्रगतिशील वा मननयोग्य भन्दा पनि प्राय: लज्जाजनक कहानीहरूको बारेमा हुने गरेको बताए।

> "किन हाम्रा सञ्चार माध्यमहरूले LGBT का विविध प्रकारका सकारात्मक छविहरूलाई प्रबर्धन गर्दैनन्? हामी 'मसाला' यूक्त प्रमुख समाचार र तेस्रोलिङ्गीका नृत्यका कदम र पोषाकहरूबारे गरिएका टिप्पणीहरू निकै देख्न सक्छौं तर नागरिक समाज र सरकार सहभागी भएका गतिविधिहरूका बारेमा कुनै पनि प्रसारणहरू देख्दैनौं। मलाई त नेपाली सञ्चार माध्यमहरूले हाम्रा वास्तविक मुद्दाहरूको बारेमा चासो राख्छन् जस्तो लाग्दैन। तिनीहरू हामीलाई व्यावसायिक प्रयोजनको निम्ति मात्रै उपयोग गर्न चाहन्छन्।"
>
> - राष्ट्रिय संवाद कार्यक्रमको छलफलबाट

LGBT हरू, विषेशगरी तेस्रोलिङ्गीहरूका मुद्दालाई सनसनीपूर्ण ढंगले प्रसारण गर्नु त नेपाली सञ्चार माध्यमहरूको संस्कार नै भएको छ र समयसमयमा नेपाली सञ्चारमाध्यमले यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरू बारेको सीमित बुझाइलाई प्रदर्शन गर्ने गरेका छन्। त्यसको साथसाथै, नेपाली सञ्चार माध्यमहरूले LGBT का मुद्दाहरूमाथि प्रकाश पार्ने र यसलाई सर्वसाधारणको चेतनामा ल्याउने काममा पनि महत्त्वपूर्ण भूमिका खेलेका छन्। सन् २००७ को सर्वोच्च अदालतको ऐतिहासिक फैसला पूर्व, थुप्रै सञ्चार माध्यमका सामग्रीहरूले सन् १९९६ र २००६ बीचको द्वन्द्वकालमा मेटीहरूमाथि प्रहरी तथा अन्य सुरक्षा फौजहरूले गर्ने गरेको अमानवीय बलात्कार एवं सांघातिक हमलाहरूबारे दृश्यात्मक तवरले बयान गर्ने गर्दथे।

सञ्चार माध्यमहरूले MSM र तेस्रोलिङ्गी महिलाहरूको सीमान्तकृत उपसमूहहरूका निम्ति अत्यावश्यक HIV तथा स्वास्थ्यसम्बन्धी सेवाहरूलाई कसरी सामाजिक एवं संरचनागत व्यवधानहरूले खलल पुर्याए भन्ने विषयमा व्यापक रुपमा समाचार संप्रेषण गरेका थिए।[154] प्राय: वर्जित (ताबू) र निषेधित मानिँदै आएको यौन जस्तो एउटा विषयमाथिको मौनता तोड्नमा सञ्चार माध्यमको संलग्नताले निकै मद्दत गरेको स्पष्ट नै छ। यौनिक तथा लैङ्गिक अल्पसंख्यक विरुद्ध गरिने सबै प्रकारका भेदभावहरूलाई रोक्न सर्वोच्च अदालतले सन् २००७ मा गरेको ऐतिहासिक फैसला गर्दा दस्तावेजको रुपमा सञ्चार माध्यमहरूले समेटेका LGBT हरू विरुद्ध भएका मानव अधिकार उल्लंघन सम्बन्धी सामग्रीहरूले पनि सबुतको काम गरेका थिए।[155]

घृणाजन्य अपराधको सामाचार संकलन गरेर पनि LGBT हरूको मानव अधिकार रक्षामा सहायता गर्ने कार्यमा पनि नेपाली सञ्चार माध्यमहरूले महत्त्वपूर्ण भूमिका निभाएका छन्। तिनीहरू प्राय: सामुदायिक समूहहरूले आयोजना गरेका, काठमाण्डौंमा गरिएको अगस्ट २०१४ को जुलुस लगायतका हिन्दू पर्व *गाईजात्रा*को दिन आयोजित हुने वार्षिक गे प्राइड परेडजस्ता गतिविधिहरू र अधिकारका आन्दोलनहरूको बारेमा सकारात्मक रुपमा प्रसारण गर्ने गर्दछन्। द *काठमाण्डु पोष्ट*, *रिपब्लिका*, र द *हिमालयन टाइम्स्* जस्ता अंग्रेजी दैनिक, *नेपाली टाइम्स्* जस्तो साप्ताहिक, *वेभ* र *हिमाल साउथ एसिया* जस्ता मासिक पत्रिकाहरू LGBT सवाल र चुनौतीहरूका बारेमा

153 UNDP and Centre for Advocacy and Research. "A Framework for Media Engagement on Human Rights, Sexual Orientation and Gender Identity in South Asia," New Delhi, April 2014,: http://asia-pacific.undp.org/content/rbap/en/home/library/hiv_aids/a-framework-for-media-engagement-on-human-rights--sexual-orienta.html (Accessed July, 2014)

154 UNDP and CFAR, New Delhi, (May 2014)

155 Ibid.

सन्तुलित र प्रगतिशील समाचार सम्प्रेषण गर्ने गरेको पाइन्छ। सञ्चार माध्यमहरूले समेटेका केही शीर्षकहरूमा द *काठमान्डू पोष्ट*[156] र नेपाली टाइम्स् मा पुरुष-समलिङ्गी विवाह[157] बारेको सम्पादकीय (op-ed) पर्दछन्, जसमा समलिङ्गी विवाहसम्बन्धी[158] LGBT अधिकारहरू[159] बारे राज्यले जनाएको प्रतिबद्धता र संविधान सभाका समितिहरूले गरेका कामहरूलाई ब्याकट्र्याकिङ गर्ने विषयहरू समेटिएका छन्। यी गतिविधिहरूका बारेमा अन्तर्राष्ट्रिय जगतमा भएका समाचार संप्रेषण पनि सहयोगी बनेका छन्।[160]

एक भूतपूर्व अस्ट्रेलियाली न्यायाधिश एवं घोषित समलिङ्गी पुरुष, माइकल कर्बीले यौनिकता र लैङ्गिक पहिचानहरूको विविधता स्विकार गर्न र यसप्रति थप सहयोगी बन्नको निम्ति मनोधारणालाई प्रभावित गर्नमा सञ्चार माध्यमको सकारात्मक शक्तिबारे भनेका छन्:

"यौनिक झुकाव तथा लैङ्गिक पहिचान बारे विश्वरव्यापी मनोवृत्तिमा एउटा परिवर्तनको प्रत्याभूति गर्ने महत्वपूर्ण तत्वहरूमध्ये अन्तर्राष्ट्रिय सञ्चार माध्यमहरूको सञ्चालन एवं विस्तार हुनु पनि एक हो। यौनिक भिन्नताको वास्तविकतालाई अब गोप्य राखिराख्न संभव छैन। आजको संसारमा, स्याटेलाइट टिभी, विश्वाव्यापी सञ्चार माध्यम, इन्टरनेट र सामाजिक सञ्जालले यौनिक भिन्नताप्रतिको सचेतना र अन्वेषणमा हुने कठिनाइहरूलाई कम गरिदिएका छन्। टेलिभिजनका डकुमेन्ट्री र सोप-ओपेरा जस्ता दुवै खाले चर्चित कार्यक्रमहरूमा नाट्य-पात्रको रुपमा गरिने सहभागिताले यस विषयवस्तुप्रतिको मानवीय बुझाइलाई परिवर्तन गर्न मद्दत गरेको छ। अगुवा नागरिकहरूले आफू समलिङ्गी वा द्विलिङ्गी भएको खुलासा गर्ने कार्यले ... विगतमा मौनता एवं लाजशरमका कारण कायम रहेको हेटेरोसेक्सुअल हुनुको भ्रममा बसिरहनुपर्ने चापलाई चिर्ने प्रक्रियाको सुरुवात गरेको छ।"[161]

LGBT सवाल एवं अभियन्ताहरूको राष्ट्रिय तथा अन्तराष्ट्रिय सञ्चार माध्यमहरूमा बढ्दो दृष्टिपन (एक्स्पोजर) सँगै यौनिक तथा लैङ्गिक विविधताप्रति सामाजिक चेतना र स्विकार्यता बढ्दै जाने संभावना रहेको छ।

BDS ले पहल गरेको पहिचान नामक एउटा रेडियो कार्यक्रमलाई नेपालभरका ११ वटा एफएम स्टेशनहरूले प्रसारण गर्ने गरेका छन्। उक्त कार्यक्रमले यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरूको स्वास्थ्य एवं अधिकारका सवालहरूमा सूचना तथा सुझावहरू प्रचारप्रसार गर्ने गर्दछ। विषेश गरी दुर्गम क्षेत्रका LGBT समुदायहरूलाई आफ्ना चासोहरूलाई व्यक्त गर्न र सल्लाह तथा मद्दत लिनको निम्ति यो एक महत्वपूर्ण मञ्च सावित भएको छ।

यस्ता रेडियो कार्यक्रमहरूले दुर्गम एवं सुगम दुबै क्षेत्रमा सचेतना फैलाउन मद्दत गरेर र सूचनाको सम्प्रेषण गरेर LGBT समुदायहरूलाई सशक्तीकरण गर्दछन्। यद्यपि, संवाद कार्यक्रममा सहभागीहरूले के जोड दिए भने यी छलफलहरूलाई LGBT का सञ्चारमाध्यममा मात्रै "सीमित राख्नाले" नेपालका विस्तृत मानव अधिकार तथा विकासका सवालहरू समेट्ने मूलधारका सञ्चार माध्यमहरूमा LGBT का सवालहरूलाई समायोजन गर्ने प्रयासहरूमा नकारात्मक असर पार्न सक्छ।

LGBT का सवालहरूमाथिको छलफललाई थोरै स्रोता-दर्शकको साँघुरो घेरामा सीमित राख्नुभन्दा यी विषयहरूलाई विभिन्न प्रकारका मिडिया आउटलेटहरूमा मूलप्रवाहीकरण गर्ने रणनीतिले अन्तत: ठोस नतिजा निकाल्न एवं यौनिक विविधताप्रति सर्वसाधारणमाझ व्यापक स्विकार्यता बढाउन सक्छ। यस्तो भैराखेको हुनसक्छ। व्यापक सञ्जाल र प्रसारणको क्षमता भएका सामुदायिक रेडियो स्टेशनहरूले LGBT का मुद्दाहरूलाई तिनका नाटक र कार्यक्रमहरूमा समायोजित गरेका छन्। सुनिलबाबु पन्तले राज्य-नियन्त्रित नेपाल टेलिभिजनमा लैङ्गिकता तथा यौनिकता सम्बन्धी सवालहरू समेट्ने एउटा अन्तरवार्ता (टक शो) कार्यक्रमको प्रस्तुति गर्दथे। हाल समलिङ्गी सम्बन्धका बारेमा नेपाली चलचित्रहरू पनि निर्माण भैराखेका छन्।

---

156 Thapa, Saurav Jung "The Case for Gay Marriage," The Kathmandu Post, 2 September 2012, Available at http://www.ekantipur.com/the-kathmandu-post/2012/09/01/free-the-words/the-case-for-gay-marriage/239117.html

157 Shakya, Ayesha "Hidden in Plain View," Nepali Times, 1 August 2014, Available at http://nepalitimes.com/article/nation/LGBT-hidden-in-plain-view-nepal,1564

158 Teo, Basil Edward "Equality in Paper At Least," Nepali Times, 1 August 2014 http://nepalitimes.com/article/nation/LGBT-%20equality-inpa-per-at-least,1563

159 Pant, Sunil Babu "Nothing About Us, Without Us," Nepal Times, 1 August 2014 http://nepalitimes.com/regular- columns/Comment/rightof-equality-of-gender-and-other-minorities-under-threat,335

160 Gurubacharya, Binaj 'Nepal's Gay Community Celebrates Gaijatra by Parading for Same Sex Marriage," Available at http://www.huffingtonpost.com/2014/08/11/nepal-gay-parade-_n_5668993.html

161 Kirby M. (2010) 'Deconstructing homophobia' in UNDP (2010) High-level dialogue Report: Punitive laws, human rights and HIV prevention among men who have sex with men in Asia Pacific, Hong Kong, 17 May 2010. Bangkok: UNDP. p. 20

सञ्चारकर्मीहरूलाई संवेदनशील बनाउन, अपमान र विभेदका ठोस प्रमाणहरू उपलब्ध गर्न, यौनिक अल्पसंख्यकप्रतिको आम बुझाइलाई सकारात्मक रुपमा प्रभावित गर्नमा चुनौतीहरू रहेका छन्। द काठमाण्डु पोष्टका पत्रकार गोपाल खनाल भन्छन्, "LGBT सवालहरूप्रति सञ्चार माध्यमहरूको चासोलाई पुनर्जीवित गर्न एवं निरन्तरता दिनको निम्ति तिनका मुद्दाहरूलाई थप तथा विविध पक्षका आवाजहरूद्वारा प्रतिनिधित्व गर्नुको टड्कारो आवश्यकता छ।"[162]

LGBT सवालहरूको बारेमा सञ्चारमाध्यमले गरेका सम्प्रेषणहरू प्राय: संकुचित रुपमा सन् २००७ को सर्वोच्चको फैसला र बहु-चर्चित वार्षिक प्राइड परेडजस्ता थोरै मात्र सकारात्मक उपलब्धिहरूमा केन्द्रित हुने गरेको संवाद कार्यक्रमका सहभागीहरूले बताए। राष्ट्रिय सञ्चार माध्यमहरूमा यी विषयवस्तुहरू जस्ता अरू गहन चुनौतीहरूका बारेमा सीमित मात्रामा सम्प्रेषण हुने गर्दछ: घोषित LGBT मानिसहरूका दैनिक संघर्षहरू; परिवार तथा समुदायले गर्ने बहिष्कार; समलिङ्गी पुरुष एवं महिलालाई विपरितलिङ्गी सदस्यसँग विवाह गर्नु पर्ने दवाब; (आवास, स्वास्थ्य, शिक्षा, रोजगार, र पैत्रिक सम्पत्ति सम्बन्धी) रक्षात्मक कानून तथा नीतिहरूको अभाव; र समलिङ्गी महिला र तेस्रोलिङ्गी पुरुषहरूले भोग्नुपर्ने अतिरिक्त बाधाअड्चनहरू। अन्तत:, सञ्चार माध्यमहरूले कानून तथा नीतिहरू निर्माण भएका समाचार समेट्ने गरे तापनि LGBT लाई सुरक्षा गर्ने नीति तथा कानूनहरूको कार्यान्वयनमा भएका प्रगतिबारे निरन्तर रुपमा सम्प्रेषण गरेर 'पहरेदार' को भूमिका खेल्न असमर्थ भएको कुरातर्फ संवाद कार्यक्रमका सहभागीहरूले इङ्गित गरे।

संवाद कार्यक्रमका सहभागीहरूले समुदायका सदस्यहरूलाई हाल भइरहेका नकारात्मक सम्प्रेषणको क्रमलाई परिवर्तन गर्न सञ्चारमाध्यमहरूसित निरन्तर सक्रिय भएर लाग्न आग्रह गरे। विशेष समयमा प्रमुख सवालहरूप्रति सञ्चार माध्यमहरूमा चासो बढाउन उनीहरूसित काम गर्न LGBT समुदायहरूबाट सचेत रणनीतिक प्रयासहरूको अभाव रहेको देखियो। बरु, सकारात्मक प्रगति र उपलब्धिहरूलाई अल्पकालीन स्वार्थपूर्ति गर्नको निम्ति केही समाचारहरूमा उपयोग गरको पाइयो। समुदायको पक्षमा हुने दिर्घकालीन सोच र सहायताहरूको दीर्घकालीन सकारात्मक अंगहरूलाई संवर्धित गरिएको छैन।[163]

> LGBT समुदायहरू सञ्चारमाध्यमहरू माझ पुग्नु पर्दछ र उनीहरूसँग प्रगाढ सम्बन्ध स्थापित गर्नुपर्दछ। अपमान र भेदभाव कम गर्नको निम्ति LGBT र तिनका स्वास्थ्य सवालहरूका बारेमा सन्तुलित एवं सम्मानजनक चित्रणको सुनिश्चित गर्न मूलधारका सञ्चारमाध्यमहरूसँग संलग्न हुनु जरुरी छ।
>
> - राष्ट्रिय संवाद कार्यक्रमको छलफलबाट

नेपालमा थुप्रै LGBT-सम्बन्धी प्रगतिहरू भैसके तापनि, छापा र विद्युतीय सञ्चारमाध्यमहरूले प्रमुख शीर्षकको रुपमा प्राय: LGBT सवालहरूलाई प्राथमिकतामा राख्दैनन् र तिनलाई बुझ्ने कार्यमा ध्यान पनि दिँदैनन्। "जबसम्म हामी नै LGBT भएको खुलासा गरी बाहिर आएर हाम्रा सवालहरूको बारेमा कुरा गर्दैनौं, तबसम्म हामी कहिले पनि प्राथमिकतामा पर्दैनौं," एक चर्चित तेस्रोलिङ्गी पुरुष अधिकारकर्मी, देशका थोरै घोषित LGBT सञ्चारकर्मी मध्येका एक र संवाद कार्यक्रमका सहभागी विष्णु अधिकारीले भने।

### *सञ्चारमाध्यमको विषयमा भएका छलफलबाट प्राप्त सुझावहरू:*

- LGBT समुदाय र अभियन्ताहरूले सबै ( छापा, इन्टरनेट र विद्युतीय) माध्यमका पत्रकारहरूलाई LGBT र SOGI बारे संवेदनशील बनाउनुपर्दछ र तालिम दिनुपर्दछ।
- SOGI प्रति संवेदनशीलता बढाउनको निम्ति सञ्चार माध्यमहरूलाई पहरेदार बन्न प्रोत्साहित गर्नुपर्दछ।
- लब्ध-प्रतिष्ठित व्यक्तित्व, चर्चित कलाकार र अधिकारीहरू, जो LGBT अधिकार बारे आवाज उठाउन र वकालत गर्न सक्दछन्, उनीहरूलाई LGBT समुदायको सकारात्मक छवि निर्माण गर्न रोल मोडेलको रुपमा प्रयोग गर्नुपर्दछ।
- LGBT समुदायका विविध आवाजहरूको सम्बोधन हुने कुराको सुनिश्चित गर्न जरुरी भैसकेको छ ता कि कुनै एउटा उपसमूहको संकिर्ण आवाज मात्रै नभएर सम्पूर्ण समुदायकै विविधता झल्किन सकोस्। सञ्चारमाध्यमहरूले HIV बारे मात्रैका समाचारमा सीमित नभई LGBT का विभिन्न प्रकारका समाचारहरूलाई पनि समावेश गर्नु जरुरी छ।

162 UNDP and CFAR, New Delhi, May 2014

163 Ibid.

- आम जनतालाई शिक्षित बनाउन सामाजिक सञ्चारमाध्यम, सञ्जाल, मल्टिमेडीया, नाटक (ड्रामा), फ्ल्यास मब्स्, आदिको सदुपयोग गर्नुपर्दछ। विविध LGBT पहिचान, समस्याहरू, र चुनौतीहरूको बुझाइमा सुधार गर्न र चेतना फैलाउन LGBT समुदायहरूले मूलधारका सञ्चारमाध्यमहरूसँग सक्रियतासाथ संलग्न हुनुपर्दछ। व्यापक रुपमा जनचेतना फैलाउन LGBT-केन्द्रित कार्यक्रम वा आउटलेटहरूमा मात्रै केन्द्रित हुनु पर्याप्त र प्रभावकारी हुन सक्दैन।

- सञ्चार माध्यमहरूले IDAHOT र Pride Week जस्ता LGBT सम्बन्धी दिवस एवं राष्ट्रिय अन्तर्राष्ट्रिय कार्यक्रमहरूलाई प्रसारण गर्नुपर्दछ, तथा घोषित LGBT मानिसहरूलाई बोलाउनुपर्दछ ताकि यौनिक एवं लैङ्गिक अल्पसंख्यक सम्बन्धी विषयहरूलाई अझ सन्तुलित एवं सुचनामूलक रूपमा सम्प्रेषण गर्न सकियोस्।

- सञ्चार माध्यमहरूले तेस्रोलिङ्गीका यौन कहानीको सनसनीपूर्ण प्रसारण मात्र गर्नबाट पर हटेर LGBT सफलता र उपलब्धिका कथाहरू पनि समेट्ने गर्नुपर्दछ। प्रभावकारी रोल मोडेल तयार गर्न सकारात्मक ग्रहणशील परिवार तथा अभिभावकको अन्तर्वार्ता लिने गर्नुपर्दछ।

- LGBT संघसंस्थाहरूसँग सहकार्य गरेर सञ्चार गृहहरूले सामुदायिक रेडियो कार्यक्रमको निर्माण गर्नुपर्दछ र रणनीतिहरूको विकास गर्नुपर्दछ।

- सञ्चार माध्यमहरूले LGBT स्वास्थ्य तथा अधिकार सम्बन्धी सही सूचनालाई मात्रै प्रवाह गर्नुपर्दछ ताकि समाजले हेटेरोसेक्सुअल जोडीले नेतृत्व गरेको परिवारका अलावा वैकल्पिक एवं तर्कसङ्गत ढाँचाको परिवारसित पनि अभ्यस्त हुन सक्छ।

# नेपालमा LGBT संगठन निर्माण र क्षमता

काठमाण्डौंमा LGBT हरूको सामुदायिक भेला सन् २००० तिर अनौपचारिक रुपमा रत्नपार्कमा सुरु भएको थियो। महिनौंसम्म रत्नपार्कमा गरिएको अन्तर्क्रियापछि, सरकारको समाज कल्याण परिषदमा सुनिलबाबु पन्त, मानिषा ढकाल र पिङ्की गुरुङ् जस्ता मार्गदर्शक LGBT अधिकारकर्मीहरूद्वारा पहिलो LGBT–केन्द्रित सामुदायिक संस्था, नीलहीरा समाज(BDS), समलैङ्गिकताबारे विशेष रूपमा उल्लेख नगरी यौन स्वास्थ्य तथा मानव अधिकार संस्थाको रुपमा दर्ता गरिएको थियो।[164] BDS स्थापना गर्न मद्दत गर्ने LGBT अभियानमा लाग्ने नेपालका अन्य मार्गदर्शकहरूमा डली महर्जन, निरुता पाण्डेय, मलाइका लामा, आलेक्स् र जोरा बाई थिए।

हाल BDS देशमा रहेका सबैभन्दा ठूला NGO हरूमध्येको एक हो र यसको विशाल पहुँच, दृष्टिपन र राष्ट्रिय प्रभाव रहेको छ। नेपालको सबैभन्दा प्रसिद्ध LGBT संगठनको रूपमा ३० वटाभन्दा बढि जिल्लामा कार्यालय स्थापना गरेको छ, ५० जिल्लामा सञ्जाल निर्माण गरेको छ र HIV-सङ्क्रमित MSM र तेस्रोलिङ्गी मानिसको स्याहार सुसारको लागि एक आश्रयस्थल निर्माण गरेको छ। यस संस्थाले शैक्षिक कार्यक्रम, दौँतरी शिक्षा, HIV परीक्षण, यौनजन्य संक्रमण (STI) को उपचार, सुरक्षित यौन सम्बन्धी सल्लाह, र कण्डम वितरणजस्ता HIV सँग सम्बन्धित सेवाहरू प्रदान गर्दछ। साथसाथै, मानव अधिकार, MSM, तेस्रोलिङ्गी व्यक्ति, र स्वास्थ्योपचारसँग सम्बन्धित व्यापक सवालहरूमा नीति बदल्ने एक सम्मानित पक्षपोषकको महत्वपूर्ण राष्ट्रिय भूमिका पनि निभाएको छ।[165]

BDS लाई सुरुमा अमेरिकी संस्था फेमीली हेल्थ ईन्टरनेशनल (हाल FHI 360) द्वारा सञ्चालित USAID अनुदानले मद्दत गरेको थियो र यो सहयोग तेस्रोलिङ्गी महिला र पुरुषसँग यौन सम्पर्क पुरुषमाझ फैलनसक्ने HIV लाई नियन्त्रण गर्न र

164 Nori, Dalia "The loudest whisper in society: Knowledge, Attitudes and Practice in regards to sexual health of transgender male to female in Kathmandu, Nepal," https://gupea.ub.gu.se/bitstream/2077/33386/1/gupea_2077_33386_1.pdf; Jo Becker, "Campaigning for Justice: Human Rights Advocacy in Practice," Stanford University Press: 2013

165 Amfar The Foundation for AIDS Research, "Blue Diamond Society: Speaking out about health and human rights": http://www.amfar.org/content.aspx?id=9292

मोड्ने उद्देश्यले HIV रोकथाम तथा सेवा डेलिभरीमा केन्द्रित थियो। Sidaction तथा Elton John AIDS फाउन्डेसनबाट प्राप्त अनुदानलाई PLHIV को सहायता र स्याहारको निम्ति प्रयोग गरिएको थियो। BDS को स्थापनाले LGBT अधिकार आन्दोलनको सुरुवात भएको संकेत गर्‍यो जुन अन्तत: आम जनचेतना अभियान एवं सामाजिक परिचालनमा विस्तार हुन गयो।[166]

सन् २००१ पछि काठमाण्डौं र देशका प्राय: ठूला र साना शहरी क्षेत्रहरूमा LGBT सम्बन्धित अन्य थुप्रै संस्थाहरूको स्थापना भैसकेको छ। हाल देशभर पचास भन्दा बढी LGBT संस्थाहरू रहेका छन् र ७५ मध्ये ४० जिल्लामा सेवा प्रदान गरिरहेका छन्। यीमध्ये अधिकांशले BDS को शाखा कार्यालयको रुपमा काम गरिरहेका छन् र यसको भगिनी संस्था FSGMN सँग सम्बद्ध छन्।[167] LBT अधिकारको निम्ति समर्पित पहिलो संस्थाको रूपमा मितिनी नेपाल सन् २००७ मा स्थापित भएको थियो।[168] अन्य समूहहरूमा राष्ट्रिय लोकतन्त्र तथा विकास मञ्च (NFDD), इन्क्लुसीभ फोरम फर नेपाल (IFN), गे एण्ड लेस्बियन सेक्सुअल माइनोरिटिज् नेटओर्क् (GLSMN), र कोर नेपाल नामक संस्थाहरू स्वतन्त्र रुपमा सञ्चालित छन्। LGBT सवालमा काम गर्ने विभिन्न समूहहरू र तिनका फरक फरक उद्देश्य र लक्षित समुदायहरूले HIV, स्वास्थ्य, LGBT सवाल, विस्तृत मानव अधिकारका सरोकारहरूमा उनीहरूले गर्ने कार्यहरूको विविधता र औचित्यता झल्काउँछन्। यी संस्थाहरूले LGBT हरूका घरपरिवार, समाज र राज्यबाट तिनका हकअधिकारको उलंघनको बारेमा लबी गर्ने र जनचेतना जगाउने काम गरेका छन्।

सन् २०१२ र २०१३ मा काठमाण्डौं जिल्ला प्रशासन कार्यालय(DAO) ले BDS को नेतृत्वलाई व्यवस्थापकीय र आर्थिक अनियमितताको आरोप लगाएको थियो। परिणामस्वरुप, यसको सञ्चालन अनुमति पत्र नवीकरण नभएको कारणले कर्मचारीहरूलाई आठ महिनासम्म पनि तलब वितरण गर्न सकिएन र अत्यावश्यक तथा अन्य सेवाहरू समेत ठप्प भएका थिए। त्यसपछि, सरकारका विभिन्न निकायहरू (काठमाण्डौं जिल्ला प्रशासन तथा समाज कल्याण परिषद्) द्वारा गरिएका अनुसान्धान र BDS को सबैभन्दा ठूलो दातृ निकाय ( ग्लोबल फण्ड टु फाइट एड्स्, टिबी एण्ड मलेरियाका द अफिसर अफ द इनस्पेक्टर जेनेरल/ ओआईजी ) ले गरेका अनुसन्धानहरू निचोडबिहीन भए र यसको अनुमतिपत्र नवीकरण भयो।

मानव अधिकारवादी संस्था ह्युमन राइट्स् वाचले यस घटनालाई BDS माथि सरकारको धरपकडको संज्ञा दियो: "सरकारले नीलहिरा समाजले गरेको भ्रष्टाचारसम्बन्धी प्रतिवेदनलाई सार्वजनिक गर्नेछ भनेर बारम्बार भने तापनि धेरै महिना बितिसक्दा पनि कुनै प्रतिवेदन बाहिर ल्याउन सकेको छैन।"[169] सन् २०१३ को जुलाईमा BDS माथिको आफ्नो अनुसन्धानलाई निष्कर्षमा पुर्‍याए तापनि द अफिस अफ द इनस्पेक्टर जेनेरल अफ द ग्लोबल फण्डले यसको प्रतिवेदनलाई जारी गर्न बाँकी नै छ।

सन् २००१ पछि काठमाण्डौं र देशका प्राय: ठूला र साना शहरी क्षेत्रहरूमा LGBT सम्बन्धित अन्य थुप्रै संस्थाहरूको स्थापना भैसकेको छ। हाल देशभर पचास भन्दा बढी LGBT संस्थाहरू रहेका छन् र ७५ मध्ये ४० जिल्लामा सेवा प्रदान गरिरहेका छन्। यीमध्ये अधिकांशले BDS को शाखा कार्यालयको रुपमा काम गरिरहेका छन् र यसको भगिनी संस्था FSGMN सँग सम्बद्ध छन्।[170] LBT अधिकारको निम्ति समर्पित पहिलो संस्थाको रूपमा मितिनी नेपाल सन् २००७ मा स्थापित भएको थियो।[171] अन्य समूहहरूमा राष्ट्रिय लोकतन्त्र तथा विकास मञ्च (NFDD), इन्क्लुसीभ फोरम फर नेपाल (IFN), गे एण्ड लेस्बियन सेक्सुअल माइनोरिटिज् नेटओर्क (GLSMN), र कोर नेपाल नामक संस्थाहरू स्वतन्त्र रुपमा सञ्चालित छन्। LGBT सवालमा काम गर्ने विभिन्न समूहहरू र तिनका फरक फरक उद्देश्य र लक्षित समुदायहरूले HIV, स्वास्थ्य, LGBT सवाल, विस्तृत मानव अधिकारका सरोकारहरूमा उनीहरूले गर्ने कार्यहरूको विविधता र औचित्यता झल्काउँछन्। यी संस्थाहरूले LGBT हरूका घरपरिवार, समाज र राज्यबाट तिनका हकअधिकारको उलंघनको बारेमा लबी गर्ने र जनचेतना जगाउने काम गरेका छन्।

166 Program for Accountability in Nepal, "The Political Economy of Social Accountability in Nepal" 2010: http://siteresources.worldbank.org/NEPALEXTN/Resources/223554-1296055463708/PoliticalEconomy.pdf

167 FSGMN was established in 2007, as an umbrella network organization of LGBT organizations that focuses on capacity building and network strengthening of its member organizations in Nepal.

168 Mitini Nepal was initially a project of BDS but eventually evolved into a separate licensed organization.

169 Human Rights Watch (2013) Nepal: Climate of Fear Imperils LGBT People, 1 April 2013. Retrieved 30 July 2014 from http://www.hrw.org/news/2013/04/01/nepal-climate-fear-imperils-lgbt-people , p. 107

170 FSGMN was established in 2007, as an umbrella network organization of LGBT organizations that focuses on capacity building and network strengthening of its member organizations in Nepal.

171 Mitini Nepal was initially a project of BDS but eventually evolved into a separate licensed organization.

HIV माथिको लगानी विशेष गरी तेस्रोलिङ्गी महिला एवं MSM मा केन्द्रित गरिएको छ किनकि आम मानिसहरू भन्दा यी समूहहरू HIV संक्रमणको उच्च जोखिममा रहेका हुन्छन् र अन्य समूहहरूलाई कार्यक्रमभित्र समेट्न सकिएको छैन।[172] फस्टाउँदै गएको LGBT अधिकारको आन्दोलनमा HIV तथा स्वास्थ्यमा जोड दिनुले तेस्रोलिङ्गी महिला र समलिङगी पुरुषहरूको नेतृत्त्वलाई अझ सशक्तीकरण गरेको छ। सन् २०१४ मा, स्थापनाको १३ वर्षपछि तराईबाट एक महिला, मोनिका झा BDS को निर्देशक भइन्।

महिला अधिकारवादी संघसंस्थाहरूले महत्वपूर्ण मोडहरूमा LGBT अधिकारसम्बन्धी सवालहरूलाई सहयोग पुर्‍याएका छन्। सन् २००७ मा सेनाले दुई महिलालाई समलैङ्गिक सम्बन्धको आरोपमा जागीरबाट बर्खास्त गरेपछि महिला, कानून तथा विकास मञ्च (FWLD) ले सेना विरुद्ध मुद्दा दायर गर्न सघाउ पुर्‍याएको थियो।[173] सन् २००५ मा BDS ले एक महिला जोडीको समलिङ्गी सम्बन्धको बारेमा चाल पाएर तिनका अभिभावकबाट बलत्कार एवं मार्ने प्रयासको त्रासबाट उम्कन मद्दत गरेको थियो। अन्तत: सोही जोडीले मितिनी नेपालको स्थापना गर्‍यो।[174] पछि त्यो नेपालको पहिलो स्वतन्त्र LBT अधिकारवादी संस्था बन्न पुग्यो र हाल त्यो यस क्षेत्रकै नेतृत्वदायी संस्था हो। यद्यपि, मितिनी नेपालको कार्यक्रमिक क्षेत्र र क्षमता भने तुलनात्मक रुपमा सीमित नै छ।

एक विवादित विषय हो जनसंख्याको अनुमान। लक्षित समूहको अनुमानित संख्यालाई राजनीतिक तथा आर्थिक सहायता खोज्नको लागि उपयोग गर्न सकिन्छ। नेपालको LGBT को जनसंख्या उचित आकारको भएमा सहयोगी कार्यक्रमहरू सञ्चालन गर्नको निम्ति आवश्यक स्रोतसाधनहरूको परिचालन गर्नुपर्दछ भनेर तर्क गर्न सकिन्थ्यो। तर यस प्रकारको अध्ययनमा गोपनियताको विषयहरूबारे चासो दिनु पर्ने हुन्छ। विश्वभर नै यौनिक तथा लैङ्गिक अल्पसंख्यक जनसंख्याको तथ्यांक संकलन प्रकृयाका सम्बन्धमा समान प्रकारका विषयहरूलाई उठान गरिएका छन्[175] र नेपाल पनि त्यसको अपवाद रहन सकेको छैन।

शुरुशुरुमा अन्तर्राष्ट्रिय दातृ निकायहरू र संयूयक्त राष्ट्र संघका नियोगहरूलाई माग गर्न नेपालका र यस क्षेत्रकै LGBT संघसंस्थाहरूले आधारभूत रुपमा HIV रोकथाम तथा उपचार एवं सामुदायिक प्रणालीको सशक्तीकरणमा केन्द्रित भए। हाल आएर LGBT मानिसहरूको निम्ति मानव अधिकारलाई सशक्त पार्ने तथा सहयोगी कानूनी वातावरणको प्रबर्धन गर्ने तर्फ काम गर्नुपर्ने कुराको आवश्यकता देखिएको थप महसुस गरिएको छ। यसै आवेगलाई ध्यानमा राख्दै, द्विपक्षीय एवं बहुपक्षीय दातृ निकायहरूले LGBT सँग सम्बन्धित कार्क्रमहरूमा बढ्दो मात्रामा लगानी गर्न थालेका छन्, र/ वा विस्तृत विकासका कार्यक्रममा LGBT हरूको सहभागितालाई सुनिश्चित गर्न थालेका छन्। यस सहायतालाई संयूक्त राज्य, स्विडेन, डेनमार्क, नर्वे, अस्ट्रेलियाका सरकार र संयुक्त राष्ट्रसंघले नेतृत्व गरिरहेका छन्।

LGBT सम्बद्ध गैससहरू, औपचारिक निरीक्षण संयन्त्रको अभावका बीच नीतिगत बहस र कार्यक्रमहरूको कार्यान्वयनमा अझ बढि सहभागी हुनथालेसँगै उनीहरू राजनैतिक तथा सामाजिक बदनामीको तारो बनेका छन्। यसभित्र व्यवस्थापकीय अनियमितता, भ्रष्टाचार, नातावाद (nepotism) र कृपावाद (cronyism) का आक्षेपहरू पर्दछन्। गैससहरूलाई राष्ट्रिय स्वार्थको मूल्यमा वैदेशिक शक्तिको प्रतिनिधित्व गरेको आरोप पनि लाग्ने गरेको छ।[176] उनीहरूको प्रमुख उत्तरदायित्त्व अन्तरराष्ट्रिय दातृ निकायहरू प्रति हुने गरेकोले पनि सञ्चार माध्यम र सर्वसाधारणको आलोचनाको जोखिममा रहिरहन्छन्।[177]

172 According to a Lancet special issue on HIV in MSM published in July 2012, MSM are more than 17 times more likely to contract HIV than the general population and transgender women are as much as 48 times more likely: http://www.amfar.org/uploadedFiles/_amfarorg/On_the_Hill/SummaryPtsLancet2012.pdf and http://www.thelancet.com/series/hiv-in-men-who-have-sex-with-men

173 UK Gay News, "Still No Hearing Date for Sacked Soldiers Accused of Being Lesbians." 17 Nov 2007: http://www.ukgaynews.org.uk/Archive/07/Nov/1602.htm

174 Knight, K., Miller, K., Shrestha, B., Thapa, D., Khadka, H., Limbu, P. (2013). Global LGBTI human rights partnership Bridges to Justice: Case study of LGBTI rights in Nepal, Copyright 2013 by Astraea Lesbian Foundation for Justice, p.15

175 Gates, Gary "LGBT Identity: A Demographer's Perspective," Loyola of Los Angeles Law Review, 1 March 2012: http://williamsinstitute.law.ucla.edu/wp-content/uploads/Gates-LLR-Spring-2012.pdf

176 Mishra, Chaitanya "New Predicaments of 'Humanitarian' Organization," in NGO, Civil Society and Government in Nepal: Critical Examination of their Roles and Responsibilities, 2001.

177 Program for Accountability in Nepal, "The Political Economy of Social Accountability in Nepal" 2010: http://siteresources.worldbank.org/NEPALEXTN/Resources/223554-1296055463708/PoliticalEconomy.pdf; For a discussion on the "cartelization of credibility" and other donor-driven fetishizing of specific organizations and its impact on their work, including over-taxing of staff due to burdensome and shifting reporting requirements, see Seira Tamang, "Civilizing Civil Society: Siera Tamang, Civilizing Civil Society: Donors and Democratic Space Studies in Nepali History and Society, 2002: http://martinchautari.org.np/files/seira_tamang_7(2).pdf

# क्षमता मूल्याङ्कन

राष्ट्रिय संवादमा सहभागीहरूलाई सर्वेक्षणका दुई प्रकारका प्रश्नावलीहरू दिइएको थियो। पहिलो प्रकारका प्रश्नावलीमा आर्थिक, मानव संशाधन, सांगठनिक क्षमता, र सहकार्य तथा सम्मिलनको विश्लेषण गर्ने प्रश्नहरू सोधिएको थियो। हामीले के कुरामा ध्यान दिनुपर्छ भने सर्वेक्षणले LGBT संघसंस्था र अभियन्ताहरूका दृष्टिकोणको झलक मात्र दर्शाउँछ र सबै LGBT संगठनहरूको लागि सांगठनिक क्षमताको पूर्ण, विस्तृत र/वा वस्तुगत चित्र प्रस्तुत गर्दैन। तल उल्लेखित सारांशहरू केही सहभागीहरूले उपलब्ध गराएका जानकारीमा आधारित छन्।

### *आर्थिक स्रोत*

संवाद कार्यक्रममा सहभागी हुने अधिकांश संघसंस्थाले पर्याप्त आर्थिक स्रोतसाधनको अभावले गर्दा उनीहरूको कार्यसञ्चालनमा प्रभाव पार्ने गरेको धारणा राखे। तिनीहरूको सबैभन्दा भरपर्दो स्रोत भनेको विदेशी दातृ संस्थाहरूमार्फत प्राप्त हुने अनुदान नै हो। एकदम थोरै संगठनहरूले मात्रै सरकारबाट सहयोग प्राप्त गरेको जानकारी गराए। सरकारले प्रत्येक वर्ष आफ्ना नीति र योजनाहरूमा सानो आकारको बजेट मात्रै LGBT अधिकारका क्रियाकलापको लागि विनियोजन गर्ने गर्दछ। तिनीहरू पूर्णतया बाह्य लगानीमा आश्रित हुने हुनाले सामुदायिक संगठनहरूका निम्ति दीगोपना र दीर्घकालीन जीव्यता सुनिश्चित गर्नु नै मुख्य चुनौती हुन्छ। स्थापित ठुला सामुदायिक संघसंस्थाहरूले स्रोतसाधन एवं कार्यान्वयन क्षेत्रको निम्ति गर्ने कडा प्रतिस्पर्धाका कारण साना एवं नयाँ संस्थाहरूको लागि स्रोत परिचालन गर्न र ताजा र नवीनतायुक्त समाधान उपलब्ध गराउन सीमित अवसर प्राप्त हुन्छ।

### *मानव संसाधन*

संवाद कार्यक्रमका सहभागीहरूले अधिकांश संघसंस्थाहरूको कार्यस्थलमा शैक्षिक एवं प्राविधिक दक्षता भएका योग्य कर्मचारीहरू पर्याप्त नभएको जानकारी गराए। काम गर्ने कठीन सर्तहरू, न्यून तलब र अतिरिक्त सुविधाहरूको अभावले गर्दा शैक्षिक रूपमा योग्य र अनुभवी कर्मचारीहरूको रोजगार परित्याग (Turnover) निरन्तर सामना गरिरहनु पर्ने चुनौती हुन्। कर्मचारीहरूको उच्च टर्नओभरको कारणले अधिकांश संघसंस्थाहरूको अनौपचारिक शासन संरचना हुन्छ र स्वयंसेवकहरूमा निर्भर हुने गर्दछन्। सानो संङ्ख्यामा रहेका कर्मचारी र स्वयंसेवकहरू विभिन्न परियोजना एवं वकालत कार्यमा छरिएर रहेका हुन्छन्। त्यसकारण पेशागत विकासको अवसर सीमित हुन्छ। अन्तमा, व्यक्तित्वमा आधारित एवं माथिबाट-तल (top-down) श्रेणीबद्ध नेतृत्व हुनु सामान्य नियम हो र उत्तरदायित्व सम्बन्धी संयन्त्रहरू प्राय: कमजोर हुने गर्दछन्।

### *सांगठनिक क्षमता*

